जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक २३ • २०८३ साल जेठ २९ गते शुक्रबार (12 June, Friday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।–

## कार्यालय प्रमुख झासहित ५ जनाविरुद्ध मुद्दा दायर



**टुडे समाचारदाता**

जनकपुरधाम । सप्तरीको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका तत्कालीन कार्यालय प्रमुखसहित ४ जना र एउटा कम्पनीविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ ।

नक्कली सूचना निकालेर भवन निर्माण ठेक्कामा मिलेमतो गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आज विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

केन्द्रका कार्यालय प्रमुख वरिष्ठ पशु विकास अधिकृत डा. प्रभात झा, इञ्जिनियर अशोककुमार सिंह, सहायक सब-इन्जिनियर प्रमोदकुमार सिंह, राधाकृष्ण निर्माण सेवा र त्यसका प्रबन्धक कौशल्याकुमारी रजकविरुद्ध मुद्दा दर्ता भएको अख्तियारका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिए ।

आरोपितहरुसंग जनही १ करोड २६ लाख ९६ हजार २३८ रुपैयाँ ७१ पैसा बिगो मागदाबी गरेको अख्तियारले जनाएको छ ।

### नीति तथा कार्यक्रम पारित

# डिजिटल सेवा, कृषि र पूर्वाधारमा जोड: मधेश सरकारको बजेट प्राथमिकता सार्वजनिक

**टुडे समाचारदाता**

जनकपुरधाम । आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि मधेश प्रदेश सरकारले ल्याएको नीति तथा कार्यक्रम प्रदेशसभाबाट सर्वसम्मतले पारितसंगै विनियोजन विधेयक २०८३ पेश गरिएको छ ।

प्रदेशसभा बैठकमा बिहीबार सम्पन्न नीति तथा कार्यक्रममाथि सांसदहरूले राखेको संशोधन प्रस्तावपछि सभामुख रामअशिष यादवले निर्णयार्थ प्रस्ताव प्रस्तुत गरेका थिए । प्रस्तावको विपक्षमा कुनै मत नआएपछि नीति तथा कार्यक्रम सर्वसम्मत रूपले पारित भएको घोषणा गरेका थिए ।

प्रदेश सरकारले जेठ १५ गते सार्वजनिक गरेको नीति तथा कार्यक्रममाथि प्रतिपक्षी दलको अवरोधका कारण लामो समयसम्म छलफल हुन सकेको थिएन । दलहरूबीच सहमति बनेपछि उक्त नीति तथा कार्यक्रममाथि संशोधन प्रस्ताव छलफल पशचात मुख्यमन्त्रीले सबै कुरा समावेश गर्ने सहमति पछि प्रक्रिया अघि बढाइएको थियो ।

नीति तथा कार्यक्रम पारित भएलगत्तै आगामी आर्थिक वर्षका लागि विनियोजन विधेयक प्रदेशमा पेश गरिएको छ । भोली शुक्रवारदेखि सो विधेयकमाथि छलफल शुरु हुने जनाइएको छ । ती २०८३/०८४ को बजेटमा टुक्रे योजनालाई निरुत्साहित गर्दै एक करोडभन्दा कमको योजना नराख्ने मधेस प्रदेश सरकारले नीति लिइएको बताइएको छ ।

सो छलफलका क्रममा विभिन्न सांसदहरूले संशोधन प्रस्ताव पेश गरेका थिए । तीमध्ये सत्तारूढ नेकपा एमालेका सांसद राजकुमार लेखीले दर्ता गराएको संशोधन प्रस्ताव स्वीकृत भएको छ भने अन्य सबै संशोधन प्रस्ताव अस्वीकार भएको छ ।

मधेश प्रदेश सरकारका अर्थमन्त्री युवराज भट्टराईले प्रस्तुत मधेस प्रदेश विनियोजन विधेयक, २०८३ का सिद्धान्त र प्राथमिकतामा सडक, ऊर्जा, शहरी तथा डिजिटल पूर्वाधारलाई एकीकृत दृष्टिकोणका साथ विकास गर्दै टुक्रे आयोजनालाई निरुत्साहित गरी दिर्घकालिन महत्वका प्रादेशिक गौरव र बहुर्षिय आयोजनाहरुमा श्रोत केन्द्रित गरिने कुरा समेटिएको छ ।

अर्थमन्त्री भट्टराईले जनाए अनुसार प्रदेशभित्र उपलब्ध स्रोतसाधनको अधिकतम उपयोग गरिनुका साथै लगानीमैत्री वातवरणको निर्माण र उत्पादनशील क्षेत्रमा पुँजी परिचालनमार्फत फराकिलो र दिगो आर्थिक वृद्धिको बलियो आधार तयार गर्नेमा आगामी बजेट केन्द्रित हुने नीति अवलम्बन गरिनेछ ।

उनले सार्वजनिक सेवा प्रवाहलाई छिटोछरितो, पारदर्शी र नागरिकमैत्री बनाउन सूचना प्रविधिको अधिकत उपयोग गर्दै एकीकृत डिजिटल सेवा प्रवाह प्रणालीलाई सुदृढ गर्ने नीति अवलम्बन प्राथमिकताका साथ गरिने बताएका छन् ।



विधेयकमा योजनामा कठोर वित्तिय अनुशासन, मितव्ययिता र नतिजामुखी बजेटका लागि एक करोडभन्दा कमको योजनजा बजेट नछर्ने र अनुत्पादक खर्च कटौती गरी पुँजीगत निर्माणमा लगाउने रणनीति अख्तियार गरिने तथा शून्य बेरुजुको निती कडाका साथ लागू गरिने भनिएको छ ।

बिचौलियाको दबदबा अन्त्य गर्न तथा नागरिकलाई लाईनमा बस्नुपर्ने झण्झटबाट मुक्त गर्न कागज विहिन लाईनरहित र अनुहाररहित सेवाको सुनिश्चित गर्ने विनियोजन विधेयकको सिद्धान्त तथा प्राथमिकतामा विनियोजन विधेयकमा राखिएको अर्थमन्त्री भट्टराईले बताएका छन् ।

कृषितर्फ विनियोजन विधेयकमा धान, गहुँ, मकै, कोदो, तेलहन र दलहन बालीको विउमा प्रदलेशलाई पूर्ण रुपमा आत्मनिर्भर बनाउन बिज प्रवर्द्धन परियोजना संचालन गरिने, कृषि अनुदान प्रणालीलाई पारदर्शी र नतिजामुखी बनाउने बिचौलिया संयन्त्र खारेज गरी डिजिटल किसान परिचयपत्र मार्फत वास्तविक उत्पादनका आधारमा कृषकहरुको बैंकको सिधै प्रोत्साहन रकम जम्मा गरिने नीति अवलम्बन गरिने विधेयकमा भनिएको छ ।

कृषकले उत्पादन गरेका वस्तु खेर जाने अवस्था अन्त्य गर्न स्थानीय तहमा कृषि संकलन केन्द्र, चिस्यान केन्द्र, दुध चिस्यान केन्द्र स्थापना गरिनुका साथै कृषि एम्बुलेन्स संचालनमा विशेष अनुदान दिइनुका साथै प्रदेश भूमि बैंकको अवधारण अगाडि बढाई जग्गा चक्लाबन्दी र सहकारी खेती कार्यक्रम संचालनको नीति लिइएको विधेयकमा भनिएको छ ।

यस्तै शिक्षातर्फ विद्यालयहरुमा एक जिल्ला एक आवासीय नमूना विद्यालयको रुपमो स्तरोन्नति गरी विज्ञान प्रयोगशाला र कम्प्यूटर ल्याबको स्थापना गरिनुका साथै प्रदेशका सरकारका गौरवको आयोजना बेटी पढाऊ बेटी बचाऊ अभियानलाई परिमार्जन गर्दै विज्ञान र प्रविधि विषयमा छात्राहरुको आकर्षण बढाउन विशेष प्रोत्साहन छात्रवृतिको व्यवस्था तथा प्रविधि पद्धतिमा शिक्षा विकासका लागि विद्यालयहरुमा प्रविधिमैत्री बोर्ड जडान लगायतका योजना बजेटमा ल्याइने विधेयकमा उल्लेख छ ।

स्वास्थ्यतर्फ स्थानीय तहको सह लागतमा नागरिक आरोग्य सेवा केन्द्रको स्थापना, अति विपन्न, दलित र सीमान्तकृत समुदायिको स्वास्थ्य बीमाको प्रिमियम प्रदेश सरकारले बेहोर्ने गरी पूर्ण स्वास्थ्य बीमा कभरेज अभियान लागू गर्ने तथा प्रादेशिक अस्पतालहरुलाई गम्भीर रोगको उपचार सेवा सहितको सुविधा सम्पन्न शिक्षण अस्पतालमा स्तरोन्नति लागयतका लागि बजेट व्यवस्थपन गरिनेछ ।

# विद्युतमा ५ प्रतिशत भ्याट: लाखौं परिवारको खर्च बढ्ने चिन्ता

**टुडे समाचारदाता**

जनकपुरधाम । बालेन्द्र साह नेतृत्वको सरकारले आगामी आर्थिक वर्षको बजेटमार्फत मासिक ५० युनिटभन्दा बढी विद्युत् खपत गर्ने घरायसी उपभोक्तामाथि ५ प्रतिशत मूल्य अभिवृद्धि कर (भ्याट) लगाउने व्यवस्था गरेको छ । अधिकांश शहरी तथा अर्धशहरी परिवारको मासिक खपत ५० युनिटभन्दा माथि हुने भएकाले यस निर्णयले लाखौं घरधुरी प्रभावित हुने अनुमान गरिएको छ । विद्युत् महसुल बढ्दा घरायसी बजेटमा थप भार पर्ने र दैनिक जीवनयापन महँगिने चिन्ता व्यक्त गरिएको छ ।




विशेषगरी एलपी ग्यासको विकल्पका रूपमा विद्युतीय चुलो प्रयोगलाई प्रोत्साहन गरिरहेको अवस्थामा विद्युतमै थप कर लगाइनु विरोधाभासपूर्ण कदम भएको भन्दै उपभोक्ता तथा ऊर्जा क्षेत्रका सरोकारवालाले प्रश्न उठाएका छन् । उनीहरूका अनुसार स्वदेशमै उत्पादित स्वच्छ ऊर्जाको उपयोग विस्तार गर्नुपर्ने बेला करले विद्युत् खपतलाई निरुत्साहित गर्न सक्छ ।

ऊर्जा क्षेत्रका जानकारहरूका अनुसार विद्युत् उपभोगलाई निरुत्साहित गर्नेभन्दा यसको प्रयोग विस्तार गर्ने नीति आवश्यक रहेको बताउँछन् । उनीहरुले नेपालमा उत्पादन भएको विद्युतको आन्तरिक खपत बढाउनुपर्ने अवस्थामा थप कर लगाउँदा उपभोक्तामा नकारात्मक सन्देश जाने बताएका छन् ।

यस निर्णयले मध्यमवर्गीय परिवारलाई सबैभन्दा बढी असर पार्ने देखिएको छ । विद्युत् बिलमा हुने अतिरिक्त खर्च अन्ततः भान्साको बजेटमा जोडिने भएकाले दैनिक उपभोगका अन्य वस्तु तथा सेवामा खर्च कटौती गर्नुपर्ने अवस्था आउन सक्ने उपभोक्ताहरू बताउँछन् । सरकारले राजस्व वृद्धि गर्ने उद्देश्यले यस्तो व्यवस्था गरेको भए पनि यसको प्रत्यक्ष मारमा भने निम्न वर्गका नागरिक नै पर्ने देखिएको छ ।

यो बहस त्यतिबेला चर्किएको हो, जब नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको तथ्यांकअनुसार चालु आर्थिक वर्ष २०८२/८३ को वैशाखमा वार्षिक बिन्दुगत मुद्रास्फीति ५.०४ प्रतिशत पुगेको देखिएको छ । खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ४.६३ प्रतिशत तथा गैरखाद्य तथा सेवा समूहको ५.२६ प्रतिशत रहेको छ । फलफूल, घ्यू-तेल, तरकारी र माछामासुको मूल्य उल्लेख्य रूपमा बढेको छ भने यातायात तथा अन्य सेवामा पनि महँगी बढ्दो छ । यस्तो अवस्थामा विद्युत् महसुलमा थप भारले उपभोक्ताको आर्थिक दबाब अझ बढ्ने विश्लेषण गरिएको छ ।

प्रतिवेदनअनुसार भौगोलिक आधारमा तराई क्षेत्रमा सबैभन्दा बढी ५.५९ प्रतिशत मुद्रास्फीति रहेको छ भने काठमाण्डु उपत्यकामा ४.९० प्रतिशत, पहाडमा ४.७३ प्रतिशत र हिमालमा ३.७३ प्रतिशत रहेको छ । प्रदेशगत रूपमा कोशीमा सबैभन्दा बढी ५.६४ प्रतिशत र बागमतीमा सबैभन्दा कम ४.५५ प्रतिशत मुद्रास्फीति रहेको छ । राष्ट्र बैंकका अनुसार वैशाखमा नेपालको मुद्रास्फीति ५.०४ प्रतिशत रहँदा भारतको मुद्रास्फीति ३.४८ प्रतिशत मात्रै रहेकाले नेपालमा महँगी दर छिमेकी भारतभन्दा उच्च देखिएको छ ।

उपभोक्ता हित संरक्षण मञ्चका महासचिव विष्णुप्रसाद तिमल्सिनाले विद्युत् शुल्क वृद्धि निर्णयलाई उपभोक्तामाथिको अतिरिक्त आर्थिक बोझ भन्दै आलोचना गरेका छन् । उनका अनुसार सरकारले विद्युत् उपभोग बढाउनुपर्नेमा उल्टै निरुत्साहित गर्ने नीति लिएको छ, जसले अप्रत्यक्ष रूपमा पेट्रोलियम पदार्थको प्रयोगलाई प्रोत्साहन गर्न सक्छ । शिक्षा, स्वास्थ्य र विद्युत् जस्ता अत्यावश्यक सेवामा कर वृद्धि गर्नु गलत अभ्यास भएको उनको तर्क छ । विद्युत् महँगिँदा भान्सा, सञ्चार, शिक्षा तथा अन्य सेवामा समेत असर पर्ने उनी बताउँछन् ।

सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महासंघ नेपालका अध्यक्ष नारायण ज्ञवालीले पनि प्रस्तावित भ्याट खारेज गर्न माग गरेका छन् । उनका अनुसार विद्युत् खपत विस्तार गर्ने राष्ट्रिय लक्ष्यविपरीत यस्तो करले उपभोक्तालाई प्रत्यक्ष मारमा पार्नेछ। विद्युत् अत्यावश्यक सेवा भएकाले यसमा भ्याट लगाउनु सामाजिक न्यायको सिद्धान्तसँग मेल नखाने उनको धारणा छ ।

पूर्वऊर्जामन्त्री कुलमान घिसिङले पनि सरकारको निर्णयप्रति असन्तुष्टि जनाएका छन् । उनका अनुसार खाना पकाउने, पानी तताउने तथा अन्य घरेलु प्रयोजनमा विद्युत् प्रयोग बढ्दै गएको अवस्थामा करको अतिरिक्त भार थपेर उपभोक्तालाई दण्डित गर्न खोजिएको छ। मासिक ५० युनिटभन्दा बढी खपत गर्ने अधिकांश ग्राहक सामान्य घरायसी उपभोक्ता भएकाले यस निर्णयले लाखौं परिवारको मासिक खर्च बढाउने र भान्सा झन् महँगो बनाउने उनको भनाइ छ। उनले यस्तो नीतिले विद्युतीय उपकरणको प्रयोग घटाएर उपभोक्तालाई पुनः एलपी ग्यासतर्फ फर्काउने जोखिम रहेको चेतावनी दिएका छन् ।

यता अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले भने ५ प्रतिशत भ्याटको भार अन्तिम उपभोक्तामाथि नपर्ने गरी महसुल संरचना समायोजन गर्न सकिने बताए । उनका अनुसार विद्युत् उपभोगमा भ्याट लागू भए पनि विद्युत् नियमन आयोगमार्फत महसुल पुनरावलोकन गरी उपभोक्तालाई राहत दिने विकल्प खोजिनेछ । वर्षायाममा उत्पादन बढ्ने भएकाले प्रतियुनिट करिब ५० पैसा मूल्य घटाउन सकिने सम्भावनासमेत उनले औंल्याएका छन् ।

विद्युत् नियमन आयोगका सूचना अधिकारी हरिबहादुर खत्रीका अनुसार विषय हाल प्रारम्भिक चरणमै छ । आयोगमा पदाधिकारीहरूको पूर्ण उपस्थिति भएपछि आगामी दिनमा विस्तृत छलफल गरी उपभोक्तामैत्री निर्णयका विकल्पबारे अध्ययन गरिनेछ । तर हालका लागि विद्युत्मा प्रस्तावित भ्याटले उपभोक्ता, ऊर्जा क्षेत्र र सरकारबीच व्यापक बहस सिर्जना गरेको छ ।



# चार दिनपछि टिप्पर चालक पक्राउ



**टुडे समाचारदाता**

रौतहट । रौतहटको गढीमाई नगरपालिका-४ सुन्दरपुर चोकमा चार दिनअघि भएको घातक सवारी दुर्घटनाको रहस्य अन्ततः खुलेको छ। दुर्घटनापछि सवारीसहित फरार भएका टिप्पर चालकलाई प्रहरीले पक्राउ गरेपछि घटनाको वास्तविकता सार्वजनिक भएको छ।

जेठ २४ गते राति करिब १ बजे गरुडा-समनपुर सडकखण्ड अन्तर्गत सुन्दरपुर चोकमा साइकलमा घर फर्किरहेका गढीमाई नगरपालिका-९ मलाहीका ३५ वर्षीय प्रमोद सहनीलाई प्रदेश-२-०३-००१ ख २६३३ नम्बरको टिप्परले ठक्कर दिएको थियो। दुर्घटनामा गम्भीर घाइते भएका सहनीको घटनास्थलमै मृत्यु भएको थियो भने चालक तत्काल फरार भएका थिए।

घटनापछि स्थानीयवासी र मृतकका आफन्त आक्रोशित बनेका थिए। दोषी चालक र सवारी साधनलाई तत्काल पक्राउ गरी कारबाही गर्न माग गर्दै उनीहरूले गरुडा बजार क्षेत्रमा सडक अवरुद्धसमेत गरेका थिए। प्रहरीको आश्वासनपछि आन्दोलन स्थगित गरिएको थियो।

घटनालाई चुनौतीपूर्ण रूपमा लिँदै इलाका प्रहरी कार्यालय गरुडाले व्यापक अनुसन्धान अघि बढाएको थियो। अनुसन्धानका क्रममा १९ वटा टिप्पर र १७ भन्दा बढी चालकलाई नियन्त्रणमा लिएर सोधपुछ गरिएको थियो।

सोही क्रममा बृन्दावन नगरपालिका-२ निवासी २४ वर्षीय अब्दुल एजाजलाई प्रहरीले नियन्त्रणमा लिएको हो। इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डिएसपी शंकर प्रसाद आचार्यका अनुसार प्रारम्भिक बयानका क्रममा एजाजले दुर्घटनामा आफ्नो संलग्नता स्वीकार गरेका छन्।

प्रहरीका अनुसार एजाजले शिवम् क्रसर उद्योगबाट ढुङ्गा बोकेर गरुडातर्फ जाँदै गर्दा साइकलमा सवार प्रमोद सहनीलाई ठक्कर दिएका थिए। दुर्घटनापछि उनी घटनास्थलबाट भागेका थिए। प्रहरीले पक्राउ परेका एजाजविरुद्ध सवारी ज्यान सम्बन्धी कसुरमा मुद्दा दर्ता गरी थप अनुसन्धान अघि बढाएको जनाएको छ।

चार दिनसम्म अन्योल र आशंकाबीच रहेको घटनाले चालक पक्राउ परेसँगै स्पष्टता पाएको छ। मृतकका परिवारले दोषीलाई कानुनअनुसार कडा सजाय दिन माग गरेका छन् भने प्रहरीले घटनाका बाँकी पक्षबारे पनि अनुसन्धान जारी रहेको जनाएको छ।


# आत्मनिर्भर बन्दै रौतहटका महिलाहरू

चन्द्रपुर । चन्द्रपुर नगरपालिका-७ वनबहुअरीकी दुखनी थरुनीलाई हिजोआज तरकारी टिप्न र बेच्न भ्याइनभ्याइ छ। करिब पाँच कठ्ठा आफ्नै जमिनमा व्यावसायिक रूपमा लगाइएको तरकारी बालीले थरुनीलाई व्यस्त बनाएको छ भने आर्थिक रूपमा पनि सबल बनाएको देखिन्छ।

लौका, करेला, घिरौलालगायतका तरकारी अहिले उहाँको बारीमा लटरम्म छन्। दैनिक रु एक हजार ५०० देखि दुई हजारसम्मको तरकारी बिक्री गर्ने गरेको तरकारी कृषक थरुनी बताउनुहुन्छ। उहाँले आफ्ना ग्राहकलाई बारीबाटै तथा बाँकी रहेको तरकारी स्थानीय हाटबजारमा लगेर बिक्री गर्नुहुन्छ। दैनिक आम्दानी हुन थालेपछि थरुनीको आर्थिक अवस्थामा उल्लेखनीय सुधार आएको छ। आर्थिक सम्पन्नतासँगै महिला हिंसा तथा आफ्ना हकअधिकारबारे समेत सचेत र सक्षम भएको उहाँको भनाइ छ।

वडा नं. ७ कै दिलकुमारी काफ्लेले पनि व्यावसायिक रूपमा बाख्रापालन गरेर मनग्य आम्दानी गर्न थाल्नुभएको छ। बाख्रापालनबाट आफू आर्थिक रूपमा सबल बनेको उहाँ बताउनुहुन्छ। सोही गाउँकी सुनिता माझीले पनि किराना पसल सञ्चालन गरेर आफूलाई व्यस्त मात्र राख्नुभएको छैन, त्यसबाट हुने आम्दानीले पारिवारिक खर्च सहज रूपमा धान्नुभएको छ।

यस्तै, राजपुर नगरपालिका-९ बैरियाकी मिनादेवीले पनि व्यावसायिक तरकारी खेतीबाट मनग्य आम्दानी गरिरहनुभएको छ। तरकारी खेतीबाट भएको आम्दानीले छोराछोरी पढाउनेदेखि घरखर्च चलाउन सहज भएको उहाँ बताउनुहुन्छ। सोही ठाउँकी गुलसन खातुनले घरमै टेलरिङ व्यवसाय सञ्चालन गरेर स्वरोजगार बन्नुभएको छ। घरखर्च चलाउन र व्यक्तिगत खर्चका लागि कसैसँग पैसा माग्नुपर्ने अवस्था नरहेको उहाँको भनाइ छ।



त्यस्तै, राजपुर-५ स्कुलटोलकी जरिमा खातुनले टेलरिङ व्यवसाय सञ्चालन गरेर तीन छोरा र तीन छोरीलाई पढाउन सफल भएको बताउनुभयो। आर्थिक रूपमा सबल हुनुका साथै समाजमा हुने लैङ्गिक हिंसा न्यूनीकरण अभियानमा पनि उहाँ सक्रिय हुनुहुन्छ।

यी केही उदाहरणबाहेक पनि यहाँका अधिकांश महिला कुनै न कुनै व्यवसायमार्फत आफू र परिवारको आर्थिक स्तर सुधार्न सक्षम बनेका छन्। यस्ता महिलाहरू जिल्लामा एक हजारभन्दा बढी रहेका छन्। ग्रामीण विकास केन्द्र नेपालद्वारा सञ्चालित लैङ्गिक हिंसा न्यूनीकरण परियोजनाअन्तर्गत आबद्ध करिब एक हजार महिला अहिले स्वरोजगारका साथै आर्थिक रूपमा सबल बन्दै गएका छन्।

केन्द्रले इस्लामिक रिलिफ क्यानाडाको आर्थिक सहयोग तथा इस्लामिक रिलिफ नेपालको व्यवस्थापकीय सहयोगमा केही वर्षदेखि लैङ्गिक हिंसालाई सम्बोधन गर्न महिला, पुरुष तथा बालबालिकाको सामाजिक-आर्थिक सशक्तीकरण परियोजना सञ्चालन गर्दै आएको छ।

राजपुर र चन्द्रपुर नगरपालिकाका १२ वटा वडामा विद्यमान लैङ्गिक हिंसालाई सम्बोधन गर्दै लक्षित समुदायको सामाजिक तथा आर्थिक सशक्तीकरण गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिएको तथा स्वास्थ्य सुधार सुनिश्चित गरी लैङ्गिक हिंसा न्यूनीकरण गर्ने लक्ष्य रहेको परियोजनाका प्रमुख धर्मेन्द्र साहले बताउनुभयो। उहाँका अनुसार राजपुर नगरपालिकाका वडा नं. १, २, ३, ४, ५, ६ र ९ तथा चन्द्रपुर नगरपालिकाका वडा नं. १, २, ५, ७ र ८ मा आर्थिक सशक्तीकरणमार्फत लैङ्गिक हिंसाबाट प्रभावित वा उच्च जोखिममा रहेका महिलालाई समाजमा पुनःस्थापना गर्ने तथा लैङ्गिक हिंसासम्बन्धी जोखिम कम गर्दै जाने परियोजनाको मुख्य उद्देश्य रहेको छ।

चन्द्रपुर नगरपालिकामा १७ वटा समूहमा आबद्ध ४३० जना तथा राजपुर नगरपालिकामा २३ वटा समूहमा आबद्ध ५८० जनाभन्दा बढी महिलालाई प्रतिव्यक्ति रु ६५ हजारका दरले व्यवसाय सञ्चालनका लागि नगद सहयोग गरिएको उहाँले जानकारी दिनुभयो। महिलाहरूको रुचिअनुसारका कार्यक्रमलाई सहयोग गर्दै आएको पनि उहाँले बताउनुभयो।

सोही परियोजनाअन्तर्गत सामाजिक सशक्तीकरणका लागि सामुदायिक सिकाइ तथा संरक्षण केन्द्र स्थापना गरी लैङ्गिक हिंसा न्यूनीकरणका कार्यक्रम सञ्चालन भइरहेको छ। किशोरीहरूलाई लक्षित गरी चन्द्रपुर नगरपालिकाका परियोजना सञ्चालित पाँचवटै वडामा १० सामुदायिक सिकाइ तथा संरक्षण केन्द्र सञ्चालनमा रहेका छन् भने राजपुर नगरपालिकाका सात वडामा १४ वटा केन्द्र सञ्चालनमा रहेका छन्। परियोजनाका अनुसार हालसम्म दुई हजार ४०० बालबालिकाले ती केन्द्रमार्फत रूपान्तरण कोर्स पूरा गरिसकेका छन्। विद्यालय वा मदरसाबाट बाहिर रहेका किशोरीहरूलाई रूपान्तरण विधिमार्फत जीवनोपयोगी सीप सिकाउँदै सामाजिक अभियानमा सहभागी गराउने तथा नेतृत्व विकासमा सहयोग गर्ने लक्ष्य राखिएको साहले बताउनुभयो।

महिलाहरूलाई व्यवसायसँगै आवश्यक तालिम, वित्तीय साक्षरता तथा समय-समयमा प्रशिक्षण दिने र घरका पुरुष सदस्यलाई समूहमा आबद्ध गरी लैङ्गिक हिंसा तथा महिला अधिकारबारे प्रशिक्षण दिइँदै आएको ग्रामीण विकास केन्द्रका अध्यक्ष पारस हुसेनले बताउनुभयो। उहाँका अनुसार समूहका महिलालाई वित्तीय साक्षरता, अन्तरपुस्ता संवाद, नेतृत्व विकासलगायत विषयमा क्षमता अभिवृद्धि गर्ने खालका प्रशिक्षण सञ्चालन भइरहेको छ। रासस

# करका दर हेरफेरबारे प्रतिनिधिसभामा प्रश्न

काठमाण्डु । प्रतिनिधिसभा सदस्यहरुले संसद्को अनुमतिबिना करका दर फेरबदल गर्न नपाइने तर्फ सरकारको सरकारको ध्यानाकर्षण गराएका छन्।

आगामी आर्थिक वर्षको राजस्व र व्ययको वार्षिक अनुमानमाथिको छलफलमा भाग लिँदै सांसद निश्कल राईले करका दरमा हेरफेर गरेका तथ्य सार्वजनिक भएकाले संसद्मा पेस भएको विधेयकलाई कार्यकारीले कसरी हेरफेर गर्न सक्छ भनी प्रश्न गर्नुभयो। करको दर सरकारले आफूखुसी बदल्न नपाइने विषयलाई ध्यान दिन उहाँले आग्रह गर्नुभयो। बाढीबाट क्षति पुगेको इलामका लागि बजेटको व्यवस्था नगरेको भन्दै सांसद राईले सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद युवराज दुलालले बजेटले जेनजी आन्दोलनको भाव समेट्न नसकेको बताउनुभयो। उहाँले मेलम्ची आयोजना प्रभावितको विषय बजेटमा समेट्नुपर्नेमा जोड दिनुभयो।

सांसदहरु सुरेन्द्र चौधरी, चन्द्रमोहन यादव, आनन्दबहादुर चन्द, खड्ग शाही, समीक्षा बास्कोटा, मोहनलाल आचार्य, सोम शर्मा, आशीष गजुरेल, जनकसिंह धामी, भरतप्रसाद पराजुली, आकृति अवस्थी, गोविन्द पन्थी, कमल सुवेदीलगायतले जल, जमिन, जङ्गल र जनशक्तिको सदुपयोग गर्नुपर्ने, चुरे क्षेत्रका लागि बजेट बढाउनुपर्ने, धार्मिक पर्यटकीयस्थलको विकास गरेर धार्मिक पर्यटन प्रवर्द्धन गर्नुपर्ने लगायतका विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो। रासस

# साढे तेह्र हजार सामुदायिक विद्यालयमा सयभन्दा कम विद्यार्थी, समायोजनका लागि सरकारको प्रोत्साहन

काठमाण्डु । सार्वजनिक शिक्षा सुधार अभियान र विद्यालय समायोजनका कार्यक्रम जारी रहे पनि मुलुकका १३ हजार ७३६ सामुदायिक विद्यालयमा अझै सयभन्दा कम विद्यार्थी रहेको पाइएको छ।

शिक्षा तथा खेलकुद मन्त्रालयले बुधबार सार्वजनिक गरेको 'शैक्षिक सूचना, २०८२' मा कूल सामुदायिक विद्यालयमध्ये आधाभन्दा बढीमा एक सयभन्दा कम विद्यार्थी देखिएका छन्। सयभन्दा कम विद्यार्थी भएका सामुदायिक विद्यालयको यो संख्या कूल सामुदायिक विद्यालय २७ हजार १० को ५० दशमलव ८६ प्रतिशत हो।

मन्त्रालयका अनुसार १०० देखि ५०० सम्म विद्यार्थी भएका सामुदायिक विद्यालय १० हजार ८६९, ५०१ देखि एक हजारसम्म विद्यार्थी भएका सामुदायिक विद्यालय एक हजार ६७०, एक हजार एकदेखि एक हजार ५०० सम्म विद्यार्थी भएका सामुदायिक विद्यालय ४६७ रहेको छ।

एक हजार ५०१ देखि दुई हजारसम्म विद्यार्थी भएका सामुदायिक विद्यालय १४० र दुई हजारभन्दा बढी विद्यार्थी भएका सामुदायिक विद्यालयको संख्या मात्र १२८ रहेको छ। हाल मुलुकभर ३५ हजार ९५१ कूल विद्यालयमध्ये एक हजार ८७ परम्परागत र २५ हजार ६२३ सामुदायिक विद्यालय छन्। यसमध्ये आठ हजार ९४१ संस्थागत (निजी विद्यालय) छन्। सबै विद्यालयमा गरेर कूल ७० लाख ४० हजार ८२५ विद्यार्थी छन्।



मुलुकभरका सामुदायिक विद्यालयमध्ये चार हजारभन्दा बढी विद्यार्थी नौ सामुदायिक विद्यालय रहेका छन्। ती विद्यालयमा रूपन्देहीको बुटवल उपमहानगरपालिकास्थित कालिका मानवज्ञान माविमा देशभरि मै सबैभन्दा बढी आठ हजार २३९ विद्यार्थी छन्। रूपन्देहीकै तिलोत्तमा नगरपालिकाको शान्ति नमूना माविमा सात हजार १२०, बुटवल उपमहानगरपालिकाकै कान्ति माविमा छ हजार ३४ र नवीन औद्योगिक कदरबहादुर रीता माविमा पाँच हजार ३४० विद्यार्थी रहेका छन्।

रूपन्देहीपछि काठमाण्डुमा बढी विद्यार्थी भएका सामुदायिक विद्यालय छन्। काठमाण्डु महानगरपालिकाको ज्ञानोदय माविमा चार हजार ७४६ र विश्वनिकेतन माविमा चार हजार ३०१ विद्यार्थी रहेको छन्। धनुषाको विदेह नगरपालिकाको जनता नमुना माविमा छ हजार दुई सय ६६, मोरङको सुन्दरहरैचा नगरपालिकाको सुकुना माविमा चार हजार छ सय ४२, भक्तपुर नगरपालिकाको वागिश्वरी माविमा चार हजार १८५ र कपिलवस्तुको शिवराज नगरपालिकाको नेपाल आदर्श माविमा चार हजार ११४ विद्यार्थी रहेका छन्।

अर्थ मन्त्रालयद्वारा प्रकाशित आर्थिक सर्वेक्षण, २०८२/८३ मा भने पछिल्लो समयमा विद्यालय व्यवस्थापन, नेतृत्व, लगानी र गुणस्तर वृद्धिका लागि भएका विभिन्न प्रयासका कारण सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण बढ्दै गएको जनाइएको छ।

सरकारले स्थानीय तहको आवश्यकता र नक्सांकनका आधारमा विद्यालय समायोजना (मर्ज) को नीतिलाई अघि बढाइरहेको छ। हालसम्म ६६२ सामुदायिक विद्यालय मर्ज भइसकेका छन्।

चालु आर्थिक वर्षका लागि विद्यालय समायोजन गर्न रु ४५ करोड प्रोत्साहन रकम विनियोजन गरिएको छ।

मन्त्रालयमा तहको शिक्षा, विकास तथा मानव स्रोत विकास केन्द्रका प्रवक्ता महेन्द्र पराजुलीले विद्यालय समायोजनका कार्यक्रम सञ्चालन भइरहेको र समायोजनको मापदण्डलाई परिमार्जनका लागि कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयसँग राय मागिएको जानकारी दिनुभयो। रासस

# मधेसका ट्राभल मार्ट आजदेखि सुरु

**टुडे समाचारदाता**

बारा । मधेस प्रदेशको पर्यटन प्रवर्द्धन तथा यहाँका पर्यटकीय गन्तव्य, संस्कृति र स्थानीय परिकारको प्रचारप्रसार गर्ने उद्देश्यले शुक्रबारदेखि 'मधेस ट्राभल मार्ट' सुरु भएको छ।

नेपाल पर्यटन बोर्ड र जीतपुर सिमरा उपमहानगरपालिकाको संयुक्त आयोजनामा हुने कार्यक्रमको समन्वय नेपाल एशोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाटा) मधेस प्रदेशले गरेको छ।

मधेस प्रदेशले बिहीबार सिमरामा पत्रकार सम्मेलन गरी कार्यक्रम बारे जानकारी दिएका छ्न। पत्रकार सम्मेलनमा नाटा मधेस प्रदेशका अध्यक्ष मोहन शर्मा लामिछानेले मधेस प्रदेशका आठवटै जिल्लाका पर्यटकीय क्षेत्र, संस्कृति, धार्मिक स्थल तथा स्थानीय उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटन बजारसँग जोड्ने उद्देश्यले ट्राभल मार्ट आयोजना गरिएको बताए।

उनका अनुसार नेपाल र भारतका विभिन्न सहरबाट दुई सयभन्दा बढी पर्यटन व्यवसायी, टुर अपरेटर, कन्टेन्ट क्रियटर तथा पर्यटक कार्यक्रममा सहभागी हुनेछन्।




भारतका पटना, दरभंगा, सीतामढी, मुजफ्फरपुर, वाराणसी, अयोध्या र कोलकातालगायतका सहरबाट पर्यटन व्यवसायीहरू मधेस भ्रमणमा सहभागी हुनेछन्। अध्यक्ष लामिछानेले भारतीय पर्यटन व्यवसायीहरूलाई मधेसका पर्यटकीय सम्भावनाबारे प्रत्यक्ष जानकारी गराई भारतीय पर्यटकको आगमन वृद्धि गर्ने लक्ष्यसहित कार्यक्रम आयोजना गरिएको बताए।

"बारा-पर्सासहित मधेसका आठै जिल्लाका संस्कृति, धार्मिक सम्पदा र पर्यटकीय क्षेत्रलाई भारतीय पर्यटन बजारसँग जोड्ने प्रयासस्वरूप ट्राभल मार्ट आयोजना गरिएको हो," उनले भने। चार दिनसम्म सञ्चालन हुने कार्यक्रम नेपाल पर्यटन बोर्ड, स्थानीय तह तथा अन्य साझेदार निकायहरूको सहलगानीमा आयोजना गरिएको हो।

कार्यक्रमको सचिवालय जीतपुरसिमरा उपमहानगरपालिकामा रहेको छ भने वीरगञ्ज महानगरपालिका र बर्दिबास नगरपालिकाको समेत सहयोग रहेको आयोजकले जनाएको छ। जीतपुरसिमरा उपमहानगरपालिकाका उपप्रमुख भोलाप्रसाद अधिकारीले पर्यटन क्षेत्रको अपार सम्भावनालाई उजागर गर्न यस्ता कार्यक्रम प्रभावकारी हुने बताए।

उनले अमलेखगञ्जलाई प्रमुख पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने अभियानअन्तर्गत ट्राभल मार्ट आयोजना गरिएको उल्लेख गरे। त्यसैगरी वडा नम्बर २१ का अध्यक्ष सुवास श्रेष्ठले अमलेखगञ्जमा पर्यटन विकासको ठूलो सम्भावना रहेको बताउँदै पर्यटक आकर्षित गर्न यस्ता कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे।

नाटाले सार्वजनिक गरेको कार्यतालिका अनुसार भारतीय पाहुनाहरू बिहीबार साँझ रक्सौल नाका हुँदै वीरगञ्ज आइपुगेका छन्। शुक्रबार बिहान वीरगञ्जस्थित होटल सरोवरमा कार्यक्रमको औपचारिक उद्घाटन हुनेछ। उदघाटनपछि अमलेखगञ्जस्थित सिद्धबाबा हाइकिङ रुट तथा पर्सा राष्ट्रिय निकुञ्जमा जंगल सफारी गराउँदै सो टोली बर्दिबासस्थित तुलेश्वर महादेव मन्दिर हुँदै जनकपुरधाम पुग्नेछ।

जनकपुरधाममा मिथिला आर्ट ग्यालरी अवलोकन, जानकी मन्दिर दर्शन तथा गंगा आरतीमा सहभागिता गराइने कार्यक्रम तय गरिएको छ। कार्यक्रमको अन्तिम दिन जनकपुरधामबाट सहभागीहरूलाई बिदाइ गरिनेछ।

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : सफलता सुनिश्चित हुनेछ। लगानी लाभदायक बन्नेछ।
वृष : पुराना आकांक्षा पुरा हुने समय आएको छ। मिहिनेतको कदर हुनेछ।
मिथुन : सकारात्मक सोच र पहलले अपेक्षित सफलता दिनेछ।
कर्कट : अवरोध देखिए पनि धैर्यपूर्वक अघि बढ्दा उपलब्धि हासिल गर्न सकिनेछ।
सिंह : पारिवारिक सहयोग र सहकार्य प्राप्त हुनेछ। यात्राको योजना बन्न सक्छ।
कन्या : परिक्षा तथा प्रतिस्पर्धामा सफलता प्राप्त हुने संकेत छ।
तुला : आकांक्षा सन्तुलित राख्दा लाभ हुनेछ। आत्मविश्वासमा वृद्धि हुनेछ।
वृश्चिक : आर्थिक योजना र पारिवारिक सहकार्यमा ध्यान दिनु उपयुक्त हुनेछ।
धनु : सहकार्य र धैर्यले समस्या समाधान हुनेछ।
मकर : नयाँ काम थाल्न उपयुक्त समय हो।
कुम्भ: काम र परिवारबीच सन्तुलन कायम गर्न सकिनेछ।
मीन: व्यावसायिक सम्बन्धमा सावधानी अपनाउनु बुद्धिमानी हुनेछ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# सभामुख अर्यालसँग अमेरिकी कार्यवाहक राजदूत स्कटको भेट



काठमाण्डु । सभामुख डोलप्रसाद अर्यालसँग नेपालका लागि संयुक्त राज्य अमेरिकाका कार्यवाहक राजदूत स्कट अर्बमले आज शिष्टाचार भेटवार्ता गर्नुभएको छ ।

भेटका क्रममा सभामुख अर्यालले सफलतापूर्वक सम्पन्न संसदीय निर्वाचनपछि नेपाल राजनीतिक यात्राको नयाँ चरणमा प्रवेश गरेको उल्लेख गर्दै वर्तमान सरकार स्थिरता, रूपान्तरण, पारदर्शिता, सुशासन तथा संस्थागत सुधारप्रति प्रतिबद्ध रहेको बताउनुभएको सभामुखको सचिवालयले जनाएको छ ।

उहाँले जनताको सुशासन र तीव्र आर्थिक विकासप्रतिको अपेक्षाअनुरूप कानुन निर्माण, प्रभावकारी कार्यकारी निगरानी, रचनात्मक संसदीय बहस तथा लोकतान्त्रिक मूल्यमान्यताको संरक्षणमा प्रतिनिधिसभा दृढतापूर्वक लागिरहेको उल्लेख गर्नुभयो ।

सभामुख अर्यालले नेपाल र संयुक्त राज्य अमेरिकाबीच सन् १९४७ मा कूटनीतिक सम्बन्ध स्थापना भएदेखि पारस्परिक सम्मान, विकास सहयोग तथा जनस्तरीय सम्बन्धमा आधारित घनिष्ठ, सौहार्दपूर्ण र सहयोगात्मक सम्बन्ध कायम रहँदै आएको उल्लेख गर्नुभयो । दुवै देशले लोकतन्त्र, मानव अधिकार, स्वतन्त्रतालगायत साझा मूल्यलाई आत्मसात् र सम्मान गर्दै आएको पनि उहाँले बताउनुभयो । उहाँले आगामी वर्ष नेपाल-अमेरिका कूटनीतिक सम्बन्ध स्थापनाको ८० औँ वर्षगाँठ मनाइने सन्दर्भ उल्लेख गर्दै उक्त अवसरले दुई देशबीच आठ दशकदेखि कायम रहेको मित्रता, सहकार्य तथा साझेदारीको समीक्षा गरी भावी सम्बन्धलाई थप सुदृढ बनाउने अवसर प्रदान गर्ने विश्वास व्यक्त गर्नुभयो ।

सो अवसरका सन्दर्भमा संसदीय भ्रमण आदानप्रदान कार्यक्रम आयोजना गरी दुवै देशका संसद् तथा जनप्रतिनिधिबीचको सम्बन्ध अझ सुदृढ बनाउन सकिने सभामुखले धारणा राख्नुभयो । नेपाल-अमेरिका संसदीय मैत्री समूहको पुनर्गठनको प्रक्रिया अगाडि बढिरहेको जानकारी दिँदै उहाँले अमेरिकी विधायिकामा नेपाल-अमेरिका मैत्री समूहको पुनःसक्रियता आवश्यक रहेको उल्लेख गर्नुभयो । यस्ता मैत्री समूहहरूले संसदीय सम्बन्ध, व्यापार, लगानी, पर्यटन तथा सांस्कृतिक आदानप्रदानलाई प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने भेटमा सभामुख अर्यालले विश्वास व्यक्त गर्नुभयो ।

सभामुख अर्यालले संयुक्त राज्य अमेरिका नेपालको महत्वपूर्ण विकास साझेदारका रूपमा रहँदै आएको उल्लेख गर्दै सन् १९५० को दशकदेखि नेपालको सामाजिक तथा आर्थिक विकास, संस्थागत सुदृढीकरण तथा मानव पुँजी विकासमा अमेरिकाले पुऱ्याएको योगदानप्रति आभार व्यक्त गर्नुभयो । उहाँले नेपाल-अमेरिका द्विपक्षीय सम्बन्धलाई अझ सुदृढ बनाउन नेपाल प्रतिबद्ध रहेको बताउँदै आगामी दिनमा पनि अमेरिकाको सहयोग र समर्थन निरन्तर रहने अपेक्षा व्यक्त गर्नुभयो ।

कार्यवाहक राजदूत स्कटले नेपाल र संयुक्त राज्य अमेरिकाबीचको दीर्घकालीन मैत्रीपूर्ण तथा सहयोगात्मक सम्बन्धप्रति अमेरिकाको प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले लोकतान्त्रिक मूल्य, सुशासन, आर्थिक विकास तथा जनस्तरीय सम्बन्धलाई थप सुदृढ बनाउन अमेरिका निरन्तर सहकार्य गर्न इच्छुक रहेको बताउनुभएको सभामुख अर्यालको सचिवालयले जनाएको छ । रासस

> कार्यवाहक राजदूत स्कटले नेपाल र संयुक्त राज्य अमेरिकाबीचको दीर्घकालीन मैत्रीपूर्ण तथा सहयोगात्मक सम्बन्धप्रति अमेरिकाको प्रतिबद्धता व्यक्त गर्नुभयो ।

# सामाजिक परिचालिका व्यवस्थापनसम्बन्धी प्रतिवेदन कार्यान्वयन गर्न निर्देशन



काठमाण्डु । प्रतिनिधिसभाअन्तर्गतको महिला तथा सामाजिक मामिला समितिले सामाजिक परिचालिका व्यवस्थापनसम्बन्धी बनेको प्रतिवेदनलाई प्राथमिकताका साथ पूर्ण रूपमा कार्यान्वयन गर्न निर्देशन दिएको छ । समितिको आजको बैठकमा सामाजिक परिचालिकालाई प्राथमिकताका साथ लिई सम्बन्धित सबै मन्त्रालयले उहाँहरूको भावना सम्बोधन गर्न निर्देशन दिएको हो ।

समितिकी सभापति आकृति अवस्थीको उपस्थितिमा बसेको बैठकले उक्त निर्णय गरेको समितिका सचिव इन्द्रविलास पौडेलले बताउनुभयो । उहाँका अनुसार समितिमा महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षामन्त्री सीता वादी, अर्थमन्त्रालयका सचिव डा घनश्याम उपाध्याय, भूमि, सहकारी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सचिव मदन भुजेलको उपस्थिति थियो ।

नेपाल सरकारले स्थानीय स्वायत्त शासन ऐन, २०५५ का आधारमा सामाजिक परिचालन कार्यविधि, २०७१ जारी गरिएको थियो । समाजमा पछि पारिएका महिला तथा सिमान्तकृत वर्गको विकासको मूल प्रवाहमा ल्याउने र उनीहरुमा जनचेतना फैल्याउने हेतुले सामाजिक परिचालिका खटाइएको थियो । यसअन्तर्गत देशभर ६३६ परिालिका क्रियाशील थिए ।

सङ्घीयता आएपछि तीन तहको सरकार आएलगत्तै सामाजिक परिचालिकाको पारिश्रमिक र कार्य जिम्मेवारीमाथि बेवास्ता भएको बताउँदै परिचालिकाले अधिकार माग गर्न थाल्नुभएको हो । उनीहरुको मागअनुसार केही स्थानीय सरकारले आफूअन्तर्गतका सामाजिक परिचालिकालाई रोजगार दिएको भए पनि अझै पनि ४०० भन्दा बढी सामाजिक परिचालिकाको रोजगार र पारिश्रमिक अधिकार अन्योलमा रहेको समितिका सचिव एवं सहसचिव पौडेलले जानकारी दिनुभयो । रासस

# मल अभाव हुन नदिन सरकार सचेत छः मन्त्री चौधरी

काठमाण्डु । कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले चालु आर्थिक वर्षको अन्त्यसम्ममा कूल ६ लाख मेट्रिकटनको हाराहारीमा कृषकलाई अनुदानमा मल उपलब्ध गराइने बताउनुभएको छ ।



राष्ट्रियसभाको बिहीबारको बैठकमा 'कृषि, वन तथा पर्यावरण मन्त्रालयसँग सम्बन्धित प्रश्न उत्तर' कार्यक्रममा सांसदहरुले राख्नुभएको प्रश्नको जवाफ दिँदै मन्त्री चौधरीले सरकारले लागत सहभागिताको आधारमा कृषकलाई अनुदानमा रासायनिक मल उपलब्ध गराउँदै आएको र चालु आवमा हालसम्म पाँच लाख ५८ हजार ५२२ मेट्रिकटन मल आपूर्ति भइसकेको जानकारी दिनुभयो ।

मन्त्री चौधरीले चार लाख ६८ हजार १६ मेट्रिकटन मल किसानलाई बिक्री/वितरण गरिसकिएको बताउनुभयो । हाल एक लाख ६८ हजार ८०२ मेट्रिकटन मल मौज्दात रहेको उहाँले बताउनुभयो ।

मन्त्री चौधरीले भन्नुभयो, "धान रोपाइँको याममा मल अभाव नहोस भनेर मन्त्रालयले विभिन्न प्रयास तथा तयारी गरिरहेको छ, यस क्रममा मल आपूर्तिको सम्झौता गरिसकेका आपूर्तिकर्तालाई समयमा नै मल आपूर्ति गर्नका लागि ताकेता गरेका छौँ ।"

असार अन्तिमदेखि साउन महिनासम्ममा ९० हजार मेट्रिकटन मल नेपाल भित्रिने अपेक्षा गरेको मन्त्री चौधरीको भनाइ थियो ।

मित्र राष्ट्र भारतसँग जिटुजी खरिद माध्यमबाट ८० हजार मेट्रिकटन मल खरिद गर्न मन्त्रिपरिषद् बैठकबाट सैद्धान्तिक स्वीकृति प्राप्त गरी पहिलो चरणमा ३० हजार मेट्रिकटन युरिया र २० हजार मेट्रिकटन डिएपी खरिद प्रक्रिया सुरु गरिएको उहाँले जानकारी दिनुभयो । उक्त परिमाणको मल साउन महिनादेखि नेपाल भित्रिने उहाँले सभालाई जानकारी दिनुभयो ।

मलको सन्तुलित प्रयोग र प्राङ्गारिक तथा जैविक मलको प्रयोगलाई जोड दिन जानकारी मूलक सूचना सन्देश देशभरि प्रवाह गरिएको मन्त्री चौधरीको भनाइ थियो । सबै किसानले बिना भेद्भाव र सजिकै मल पाउने सुनिश्चित गर्न एवं अनुदानको मलमा हुन सक्ने अपचलन रोक्न, मल वितरण कार्य सहज पादरदर्शी र व्यवस्थित बनाउन अनुदानको मल वितरण कार्य व्यवस्थापन निर्देशिका २०८२ को प्रभावकारी कार्यान्वयन गर्न प्रदेश र स्थानीय तह र देशभरका जिल्ला प्रशासन कार्यालयलाई परिपत्र गरिएको उहाँले सदनलाई जानकारी गराउनुभयो । रासस

# लागुऔषध नियन्त्रण ब्युरोको दक्षता अभिवृद्धिमा दीर्घकालीन योजना लागू गर्न निर्देशन

काठमाण्डुप्रतिनिधिसभाअन्तर्गतको राज्यव्यवस्था तथा सुशासन समितिले लागुऔषध नियन्त्रण सम्बन्धमा विद्यमान व्यवस्था एवं प्रयास सम्बन्धमा अध्ययन प्रतिवेदन तयार गरी आगामी साउन १५ गतेभित्रमा पेस गर्न गृह मन्त्रालयलाई निर्देशन दिएको छ ।

समितिको बिहीबारको बैठकले लागुऔषध नियन्त्रण ब्युरोको कार्यगत सक्षमता र क्रियाशीलता अभिवृद्धिका लागि आवश्यक न्यूनतम साधन स्रोतको यकीन गरी स्रोतको सुनिश्चितता गर्न निर्देशन दिएको हो । ब्युरोको संस्थागत क्षमता र दक्षता अभिवृद्धि गर्न मध्यम एवं दीर्घकालीन योजना तयार गरी लागू गर्ने पनि समितिले निर्देशन दिएको छ ।

बैठकले लागुऔषध नियन्त्रण सम्बद्ध ऐन, नियमलगायत कानुनी व्यवस्थामा गर्नुपर्ने सुधारका सम्बन्धमा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयसँग समन्वय गरी कानुनी सुधारको प्रक्रिया अघि बढाउने निर्णय गरेको समिति सचिव विशाल सापकोटाले जानकारी दिनुभयो । लागुऔषध नियन्त्रण सम्बन्धमा भए गरेका सुधार कार्यसहित आव २०८३/८४ को पहिलो त्रैमासमा भएको प्रगति प्रतिवेदन आगामी कात्तिक १५ गतेभित्र पेस गर्न समितिले निर्देशन दिएको छ ।

समितिका कामकारबाही गतिशील बनाउन उपसमिति गठन

बैठकले समितिका काम कारबाहीलाई गतिशील बनाउन विभिन्न उपसमिति गठन गरेको छ । सांसद कमल सुवेदीको संयोजकत्वमा ११ सदस्यीय कार्यविधि मस्यौदा तर्जुमा उपसमिति गठन गरेको छ ।

समितिमा दर्ता भएका र हुने विभिन्न उजुरी अध्ययन विश्लेषण गरी समस्या समाधानका सुझाव दिनेगरी सांसद श्रद्धा कुँवर क्षेत्रीको संयोजकत्वमा सात सदस्यीय उजुरी अध्ययन तथा सुझाव सिफारिस उपपसमिति गठन गरेको छ । समितिको कार्यक्षेत्रअन्तर्गतका मन्त्रालय एवं निकायको कामकारबाही अध्ययन एवं सहजीकरण गर्न विभिन्न चार उपसमिति गठन गरिएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र रक्षा मन्त्रालयमा समन्वय गर्न डा अमरेशकुमार सिंह, गृह मन्त्रालयमा समन्वय गर्न दीपकराज बोहोरा, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय कमल सुवेदी, संवैधानिक निकायमा समन्वय गर्न सुरेन्द्र चौधरीको संयोजकत्वमा सात/सात सदस्यीय उपसमिति गठन गरेको छ ।

बैठकले अख्तियार दुरूपयोग अनुसन्धान आयोगका उपत्यका बाहिर कार्यालय र कारागार कार्यालयको संयुक्त रूपमा स्थलगत अनुगमन गर्ने निर्णय गरेको छ । अनुगमन टोलीमा पाँच सांसद र दुई जना कर्मचारी रहनेगरी बढीमा सात जनासम्मको अनुगमन टोली गठन गरी गर्ने निर्णय गरेको छ ।

बैठकमा गृहसचिव राजकुमार श्रेष्ठले विपद् व्यवस्थापन तयारी सम्बन्धमा समितिले दिएको छ । रासस

# विपद् जोखिम घटाउन पाँच पालिकामा पूर्वतयारी

कञ्चनपुर । कञ्चनपुरका पाँच स्थानीय तहमा विपद् पूर्वतयारीलाई समुदायस्तरसम्म विस्तार गर्ने अभियान सञ्चालन गरिएको छ ।

सम्भावित विपद्बाट हुने मानवीय तथा भौतिक क्षति न्यूनीकरण गर्ने उद्देश्यले वडा तहका विपद् व्यवस्थापन समितिलाई सशक्त र क्रियाशील बनाउन विभिन्न कार्यक्रम अघि बढाइएका छन् ।

बाढी, डुबान, अत्यधिक गर्मी (लू) र आगलागीका घटना बाट हुने क्षति न्यूनीकरणका लागि अभियान सञ्चालन गरिएको छ ।

विपद्को उच्च जोखिममा रहेका शुक्लाफाँटा, भीमदत्त, बेलौरी र पुनर्वास नगरपालिका तथा लालझाडी गाउँपालिकाका वडास्तरीय विपद् व्यवस्थापन समितिका सदस्यलाई उद्धार, प्राथमिक उपचार, पूर्वसूचना प्रणाली सञ्चालन, राहत व्यवस्थापन तथा विपद् सचेतनासम्बन्धी अभिमुखीकरण प्रदान गर्न थालिएको छ ।

वातावरण संरक्षण तथा समाज कल्याण सङ्घ (पेसवान) र प्राक्टिकल एक्सनको साझेदारीमा सञ्चालित 'समुदायका लागि जलवायु उत्थानशील कार्यक्रम' अन्तर्गत स्थानीय तहसँगको सहकार्यमा अभियान सञ्चालन गरिएको हो ।

पेसवानका प्राविधिक सुपरभाइजर जनक लेखकका अनुसार जलवायु परिवर्तनको बढ्दो प्रभावलाई ध्यानमा राख्दै समुदायको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले वडास्तरीय समितिलाई प्रशिक्षण दिइएको हो ।

"विपद् भएपछि मात्र उद्धारमा जुट्नेभन्दा पनि त्यसअघि समुदायलाई तयारी अवस्थामा राख्नु आवश्यक छ", उहाँले भन्नुभयो, "त्यसैअनुसार पूर्वसूचना, उद्धार, प्राथमिक उपचार र राहत व्यवस्थापनसँग सम्बन्धित समूहलाई सक्रिय बनाउने काम भइरहेको छ ।"

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले तोकेका मापदण्डअनुसारका उद्धार सामग्रीसमेत समितिलाई उपलब्ध गराइनेछ । ती सामग्रीको प्रयोग तथा व्यवस्थापनबारे व्यावहारिक अभ्यास गराउने कार्य पनि जारी छ ।

कार्यक्रममार्फत बाढी, आगलागी र तातो हावाबाट जोगिन अपनाउनुपर्ने सावधानी तथा पूर्वतयारीबारे विपद् विज्ञहरूले जानकारी दिइरहेका छन् । खोज तथा उद्धारमा प्रयोग हुने उपकरणको प्रयोगबारे समेत प्रशिक्षण प्रदान गरिएको छ ।

विपद् विज्ञ प्रभूनिधि पन्तले स्थानीय विकास योजना निर्माण गर्दा जोखिम मूल्याङ्कन र जलवायु अनुकूलनलाई अनिवार्य रूपमा समेट्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

"दिगो विकासका लागि योजना निर्माणको चरणमै जोखिम व्यवस्थापनलाई प्राथमिकतामा राख्नुपर्छ", उहाँले भन्नुभयो, "जलवायु परिवर्तन र विपद् व्यवस्थापनका विषयलाई स्थानीय नीति तथा कार्यक्रममा समावेश गर्न सके मात्र दीर्घकालीन उपलब्धि हासिल गर्न सकिन्छ ।"

कार्यक्रमअन्तर्गत पाँचवटै पालिकाका १७ समुदायमा बाढीजन्य विपद्सम्बन्धी कृत्रिम अभ्यास (मक ड्रिल) सम्पन्न गरिएको छ । सम्भावित बाढीको सूचना प्रवाह, सुरक्षित स्थानमा स्थानान्तरण, उद्धार परिचालन तथा राहत वितरणका प्रक्रियाबारे समुदायस्तरमै अभ्यास गराइएको जनाइएको छ ।

जोखिम न्यूनीकरणलाई व्यवहारमा उतार्न विभिन्न संरचनात्मक तथा वातावरणीय उपायसमेत अवलम्बन गरिएका छन् । कार्यक्रम अन्तर्गत नदी कटानबाट प्रभावित क्षेत्रमा जैविक तटबन्ध निर्माण गरिएको छ भने बेलौरी र भीमदत्त नगरपालिकामा विपद्का बेला आश्रय लिन सकिने 'सेफ हाउस' निर्माणको काम अघि बढाइएको छ । नदी किनारका क्षेत्रमा वृक्षारोपण कार्यक्रम सञ्चालन गर्ने तयारी भइरहेको छ ।

त्यसैगरी गर्मीको प्रभाव कम गर्न सार्वजनिकस्थलमा चौतारा निर्माण गर्ने योजना पनि समावेश गरिएको छ । रासस

# बालश्रम अन्त्यका लागि सहकार्य र समन्वय गर्नुपर्नेमा जोड

काठमाण्डु । बालश्रम अन्त्यका लागि तीनै तहका सरकारसहित सरोकार भएका निकायका प्रतिनिधिहरूबीच अझ बढी समन्वय र सहकार्य आवश्यक रहेकामा जोड दिइएको छ ।

बालश्रमविरुद्धको विश्वदिवसका सन्दर्भमा राष्ट्रिय बालसंरक्षण सञ्जाल नेपाल (एनसिपिए) ले आज यहाँ आयोजना गरेको 'बालश्रमको अवस्थाः नीति निर्माणदेखि कार्यान्वयनसम्म' विषयक छलफल कार्यक्रममा सहभागीहरूद्वारा बालश्रम अन्त्यका लागि सहकार्य र समन्वय आवश्यक रहेकामा जोड दिइएको हो ।

कार्यक्रममा बालश्रमविरुद्धका अभियन्ता मिलन धरेलले बालश्रम अन्त्यका लागि संवैधानिक तथा नीतिगत व्यवस्थाको अक्षरशः कार्यान्वयन हुनुपर्नेमा जोड दिँदै त्यसका लागि राज्यले सबैलाई साथमा लिएर अगाडि बढ्नुपर्ने धारणा राख्नुभयो । उहाँले नेपालको संविधानअनुसार राज्यले बालबालिकाको संरक्षण र विकासको जिम्मेवारी लिनुपर्ने स्पष्ट व्यवस्था गरेकाले कागज र नारामा मात्रै नभई व्यवहारमा त्यसको पालना हुनुपर्नेमा जोड दिनुभयो ।

एनसिपिएका अध्यक्ष मधु गुरुङले बालश्रम निषेध र नियमनको व्यवस्था कडाइका साथ कार्यान्वयन गरिनुपर्ने र जोखिममा रहेका बालबालिकाको संरक्षणका लागि सबै गम्भीर बन्नुपर्ने बताउनुभयो । उहाँले बालश्रमको बदलिँदो स्वरुपलाई सम्बोधन गर्नेगरी २७ वर्ष पुरानो



बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ लाई प्रतिस्थापन गर्ने प्रक्रियालाई शीघ्र टुङ्गोमा पुऱ्याउन आग्रह गर्नुभयो ।

कार्यक्रममा समूहगत छलफल आयोजना गरिएको थियो । त्यस क्रममा श्रम तथा रोजगार कार्यालय, टेकुका प्रमुख उदय गुप्ताले बालश्रमसम्बन्धी पुरानो ऐन प्रतिस्पथापनका लागि विधेयक मस्यौदा तयार भइसकेको जनाउँदै कानुनका रूपमा आएमा धेरै समस्या समाधान हुने बताउनुभयो ।

ऐनको मस्यौदामा तीनै तहका सरकारको क्षेत्राधिकार, श्रमको बदलिँदो स्वरुप, सरोकार भएकाहरूको जिम्मेवारीलगायत विषयमा थप प्रष्ट व्यवस्था गरिएकाले त्यसले बालश्रम नियन्त्रणमा सघाउ पुग्ने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

टोखा नगरपालिकाका बालकल्याण अधिकारी निर्मला रेग्मी र कोन्ज्योसोम गाउँपालिका, ललितपुरका बालकल्याण अधिकारी सपना तामाङले आफ्ना पालिकाले अन्य सरोकार भएकाहरूसँग समन्वय र सहकार्य गरी बालश्रम नियन्त्रण र जोखिम नियन्त्रणका लागि भइरहेका कामबारे जानकारी गराउनुभएको थियो । धर्मगुरु भिक्षु पियदस्सी महर्जनले कुनै पनि धर्मले बालश्रमलाई उचित नठानेको भन्दै धार्मिक परम्परा र संस्कारका नाममा बालबालिकामाथि हिंसा नगर्न आग्रह गर्नुभयो । उहाँले आफूहरूले राष्ट्रिय अन्तर धार्मिक सञ्जालमार्फत बालश्रम, बालविवाह र अन्य प्रकारका हिंसा नियन्त्रणका लागि सन्देश प्रवाह गरिरहेको र त्यसले समाजमा सकारात्मक प्रभाव परिहरेको बताउनुभयो ।

कार्यक्रममा एनसिसिएका उपाध्यक्ष मणिराम आचार्य, गैरसरकारी संस्था सिविसका परियोजना संयोजक उमङ्ग मैनाली, सञ्चार अधिकृत सुरज श्रेष्ठ, बालश्रमविरुद्धका अभियन्ता एवं बालप्रतिनिधि धीरेन्द्र विसीलगायतले कार्यक्रममा सहजीकरण तथा आफ्ना धारणा राख्नुभएको थियो ।

बालश्रमविरुद्धको विश्वदिवस हरेक वर्ष जुन १२ गते मनाइन्छ । यसपटक 'बालश्रमलाई रातो कार्डः बालबालिकाका लागि निष्पक्ष खेल, वयस्कका लागि मर्यादित काम' भन्ने नारासहित शुक्रबार नेपालमा पनि यो दिवस विविध कार्यक्रम गरी मनाइँदै छ । रासस


## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय गरुडा, रौतहटको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८३/०२/२९ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिँदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता ब्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

रौतहट जिल्ला, कटहरिया न.पा. वडा नं. ६ स्थित रजिष्टर्ड कार्यालय रही प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय गौर, रौतहटमा मिति २०७७ साल कात्तिक महिना ४ गते १ रोजमा प्रा.फ.नं. ८१३५/४३४/२२१/५२ कटहरिया तथा आन्तरिक राजश्व कार्यालय सिमरा र करदाता सेवा कार्यालय चन्द्रपुरमा मिति २०७७/०७/१३ मा स्थायी लेखा नम्बर (PAN) ६१४११०१८६ अन्तर्गत दर्ता भएको **नेपाल कृषि पशु पंक्षी फार्म** ।

**प्रोप्राईटर : शेख जयाउल्लाह**

**व्यक्तिगत जमानीकर्ताको विवरण**

| | |
|---|---|
| १. शेख इद्रीशको नाति, शेख मजरुल हकको छोरा, रौतहट जिल्ला, साविक वगही गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, कटहरिया न.पा. वडा नं. ६ बस्ने **शेख जयाउल्लाह** (ना.प्र.नं. ५८७१, जारी मिति २०६३/०३/२२, जि.प्र.का. रौतहट) । | २. शेख सलामतको नाति, शेख इद्रिशको छोरा, रौतहट जिल्ला, साविक वगही गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, कटहरिया न.पा. वडा नं. ६ बस्ने **सेख मजरुल** (ना.प्र.नं. १८६७, जारी मिति २०५१/०१/२८, जि.प्र.का. रौतहट) । |
| ३. शेख मजरुलको बुहारी, शेख जयाउल्लाहको पत्नी, रौतहट जिल्ला, साविक वगही गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, कटहरिया न.पा. वडा नं. ६ बस्ने **हसिना खातुन** (ना.प्र.नं. ३२१०६९/३८६६, जारी मिति २०६५/०६/२६, जि.प्र.का. रौतहट) । | ४. शेख इद्रिशको बुहारी, शेख मजरुल हकको पत्नी, रौतहट जिल्ला, साविक वगही गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, कटहरिया न.पा. वडा नं. ६ बस्ने **सजावुन खातुन** (ना.प्र.नं. ७५८९, जारी मिति २०४५/०२/९, जि.प्र.का. रौतहट) । |


**धितोको विवरण**

१. शेख जयाउल्लाह (ना.प्र.नं. ५८७१, जारी मिति २०६३/०३/२२, जि.प्र.का. रौतहट) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रौतहट जिल्ला, साविक बगही गा.वि.स. वडा नं. ५ नक्सा सिट नं. ५ क हाल रौतहट जिल्ला, कटहरिया न.पा. वडा नं. ६ स्थित कि.नं. ६०३ को क्षेत्रफल ०-१२-०-० (विगाहा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

२. नेपाल कृषि पशु पंक्षी फार्मको स्वामित्वमा रहेको माल सामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

Siddhartha Bank

शाखा कार्यालय : गरुडा, रौतहट
फोन नं. ०५५-५६५४३५
Website : www.siddharthabank.com



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# लागूपदार्थ नियन्त्रण गर

नेपाल-भारत सीमावर्ती क्षेत्र अवस्थित मधेश प्रदेश हो । मधेश प्रदेशको आठ वटै जिल्ला नेपाल-भारतको खुल्ला सीमानाकामा पर्छ । जसले गर्दा यस क्षेत्रबाट हुँदै मुलुकमा अनेकन अवैधानिक मालसमानदेखि लागूऔषध तथा लागूपदार्थसमेतको तस्करी हुँदै आएको छ । सीमावर्ती क्षेत्र अवस्थित दुबै मुलुकमा सुरक्षानिकायले कडाइका साथ गस्ती तथा सुरक्षार्थमा खटेमा खुल्ला सीमानाकाका कारण तस्कर ीसहितका अनेकन वस्तुहरु गोप्यरुपमा पनि भित्रिने गरेको छ । जुन सुरक्षानिकायकै तथ्यांकबाट समेत पुष्टी हुँदै आएको छ । तस्करीका मालसमान सुरक्षानिकायले बरामद गरे पनि बरामद गरिएको सामग्रीको मालिक भने एकाथ बाहेकको घटनामा पक्राउ परेको तथ्य हतपत सार्वजनिक गरेको देखिदैंन । खुल्ला सीमानाकाका कारण भारतबाट भित्र्याइएका पान मसाला, गुटखा, रजनीगन्धा लगायतका सूर्तिजन्य पदार्थको अवैध रुपमा आयात, बिक्री-वितरण र प्रयोगमा पूर्ण रोक लगाउन माग उठ्न थालेको छ । मधेश प्रदेशमा सूर्तिजन्य पदार्थको बढ्दो प्रयोगले जनस्वास्थ्यमा गम्भीर असर पुर्‍याइरहेको भन्दै आगामी नीति तथा कार्यक्रम तथा बजेटमार्फत यसको नियन्त्रणका लागि विशेष व्यवस्था गर्नुपर्ने आजको अत्यन्तै अपरिहार्य रहेको देखिन्छ । सीमावर्ती क्षेत्रबाट हुने अवैध तस्करी नियन्त्रण र देशभित्रै रहेका गुटखा कम्पनी बन्द गर्नतर्फ सरकार अग्रसर हुनुपर्ने हुनुपर्नेछ । गुटखा, खैनी, पान मसाला र चुरोटजस्ता पदार्थका कारण मधेश प्रदेशमा मुखको क्यान्सर, घाँटीको क्यान्सर, फोक्सोसम्बन्धी रोग, मुटुरोग तथा श्वासप्रश्वास सम्बन्धी दीर्घरोगका बिरामीको संख्या बढ्दै गएको छ । नेपाल सरकारले सूर्तिजन्य पदार्थ (नियन्त्रण तथा नियमन गर्ने) ऐन, २०६८ लागू गरिसकेको छ । उक्त ऐन प्रभावकारी कार्यान्वयनको अभावका कारण बजारमा गुटखा, पान मसाला र अन्य सूर्तिजन्य पदार्थ सहज रूपमा उपलब्ध भइरहनु दुर्भाग्य नै हो । त्यसैले यस्ता लागू पदार्थजस्ता सामग्रीहरु अवैधानिक रुपमा भित्रिने गरेको छ । त्यसको कडाइका साथ व्यवहारिक रुपमै भन्सार तथा सुरक्षानिकायले कार्यान्वयनमा ल्याइ यहाँका युवापुस्तालाई सुधार गर्नु पर्ने र अन्यत्रै युवापुस्तालाई व्यस्त गर्नुपर्ने नै उत्तम विकल्प हुनसक्छ ।

# बद्री पहाडी समाजसेवा पुरस्कार



रामरिझन यादव

सन् सत्तरको दशकमा अमिताभ बच्चन आफ्नो विख्यात कवि बुबा हरिवंशराय बच्चनको नामबाट चिनिन्थे तर अस्सीको दशक टेक्दा टेक्दै ठीक यसको विपरित भएको थियो । हरिबंशराय बच्चनजस्तो विख्यात साहित्यकारलाई चिनाउन सुपरस्टार अमिताभ बच्चनको नाम लिनु पर्ने हुन्थ्यो । राजनीतिज्ञ बद्री पहाडीको हकमा पनि यस्तै भएको छ । पंचायतकालमा कृष्ण पहाडी पक्राउ पर्दा उनी बद्री पहाडीका छोरा हुन् भनेर चिनिन्थे । तर आज बद्री पहाडी कृष्ण पहाडीका बुबा हुन भनेर देशले चिन्नु पर्ने अवस्थाको सिर्जना भएको छ ।

वि.स.१९९२ सालमा तत्कालीन पूर्व ६ मादी विर्ता, सिरिसे हाल संखुवासभा जिल्ला, मादी रामवेनी -१ मा जन्मेका बद्री पहाडीको न्वारन नाम तुलसीभक्त शर्माण थियो । जसलाई औपचारिक रुपमा बद्रीप्रसाद पहाडी भनियो । तर उनी बद्री पहाडीको नामबाट प्रचलित भए । दहाल थरबाट पहाडीमा ओर्लिदा उनलाई कुनै समस्या भएन । किनकि, उनी त्यसबेलाका सबैभन्दा प्रतिष्ठित मानसम्मान सुप्रसिद्ध गोर्खा दक्षिणबाहु (२०२२) तथा सुविख्यात त्रिशक्ति पट्ट (२०२२) राजा महेन्द्रबाट नै विभूषित भैसकेका थिए । तर, उदेकलाग्दो पक्ष के छ भने योभन्दा पहिले उनी मादी बिर्ताको प्रधानपंच वा संखुवासभा जिल्ला पंचायत सभापति भैसकेकोले पाएका होइनन् । बरु २०२१ सालमा लागु गरिएको भूमिसुधार कार्यक्रमलाई सफलता पूर्वक संचालन गरेको र सामन्त र जमिन्दार हरुको गढ रहेको बर्दीयाजस्तो जिल्लामा लागू गर्न सफल भएकोले सो सम्मान दिइएको थियो । त्यसैले पंचायतकालमा बद्री पहाडी चर्चापरिचर्चाका विषय बनेका थिए । उनको विलक्षण प्रतिभाबाट राजा स्वयं पनि प्रभावित थिए । तर, यिनले धेरै दिनसम्म सेवा दिन सकेन र स्वअवकाश लिए । पछि राजनीतितिर लागे । यद्यपि पंचायत राजनीति रास आएन । त्यसैले २०४६ सालको ऐतिहासिक जनआन्दोलनमा सहभागी भए र गिरफ्तारी पनि दिए । अर्थात् २०१५ सालको आम निर्वाचनमा नेपाली कांग्रेसको पक्षमा जसरी समन्वयकर्ताको रुपमा भूमिका निर्वाह गरेका थिए ठीक त्यसरी नै संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रप्रति विश्वास व्यक्त गर्दै प्रेस विज्ञप्ति जारी गरे । बहुदलीय व्यवस्थामा राजनीति गर्नुभन्दा समाजसेवालाई सर्वोपरि ठानी आफ्नो जीवनको उत्तरार्द्धलाई यसैमा समर्पण गरेको देखिन्छ ।

सबैभन्दा जेठो संतान शोभा खनाल र ज्वाँई भानुभक्त खनाल तथा छोराहरु रामबाबू दहाल र कृष्ण पहाडीको सरसल्लाहमा उनले आफ्नो पुख्यौंली सम्पत्तिको केही अंश समाजसेवमा लगाएको देखिन्छ । उनले जो काम गरेका छन् त्यो नेपालमा नगर्नेहरु भने होइनन् । तर, अत्यन्तै न्यून संख्यामा रहेका छन् । मधेशी समाजमा त न्यूनभन्दा पनि न्यून छ । खासगरी मानवअधिकार र शान्तिको क्षेत्रमा कान्छो छोराको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्तित्वको कारण उनले यस क्षेत्रमा भरपूर योगदान गरेको देखिन्छ । आफ्नो बुबा पद्मप्रसाद दहाल तथा आमा कृष्णकुमारी दहालको नाममा दाहाल प्रतिष्ठान अन्तर्गत १० लाखको पद्मप्रसाद-कृष्णकुमारी स्मृति कोषको स्थापना गरी प्रत्येक वर्ष त्यसको व्याजबाट रु एक लाख एक हजार एक सय प्रदान गर्दै आएकोमा यसपाली सिरहा जिल्ला सन्हैठा निवासी मलाई त्यो सौभाग्य प्राप्त भएको छ । सामाजिक सम्मानको



रुपमा मैले अहिलेसम्म पाएको सबैभन्दा ठूलो राशीको पुरस्कार हो यो । योभन्दा पहिले संस्थालाई दिदै आएको पुरस्कार यसपाली व्यक्तिगत रुपमा मलाई दिइएको छ ।

चार दशकभन्दा बढी समयदेखि पत्रकारिता, समाजसेवा, प्राध्यापन, लेखन तथा विविध खाले अभियान संचालन गर्दै आएकोमा मलाई सो पुरस्कारको हकदार बनाएकोमा म आफूलाई गौरवान्वित महसूस गरिरहेको छु । यसले मलाई जुन हौसला प्रदान गरेको छ त्यसबाट आउने दिनहरुमा मैले संचालन गर्दै आएको अभियानमा तिब्रता आउनेछ । खासगरी मिथिलाञ्चलको सेतुमात्र होइन, अपितु मधेशको जीवनरेखा मानिएको कमला पूल निर्माण अभियानमा विगत करिव एक दशकदेखि संचालन गर्दै आएको अभियानलाई संघीय राजधानीसम्म पुर्‍याउने योजना छ ।

यसरी आफ्नो बुबाआमाको नाममा सम्मान पुरस्कार स्थापित गरिसकेपछि संतानहरुले त्योभन्दा केही ठूलो धन राशीको पुरस्कार स्थापना गरेका छन् । बद्री पहाडी समाज सेवा पुरस्कार ! यो पुरस्कार र सम्मान मानव अधिकार तथा शान्ति समाजले दिदै आएको छ । खासगरी छोरा कृष्ण पहाडी यस विधाका एउटा पुरोधा भएकोले मानव अधिकार तथा शान्ति समाजलाई संस्थागत गर्न बुबा बद्री प्रसाद पहाडीले एक करोड राशी प्रदान गरेका थिए । बुबाको यही सदाशयतालाई मानव अधिकार तथा शान्ति समाजले प्रत्येक वर्ष एक जनालाई एक लाख दस हजार एकसय एक रुपैयाको थैली तथा सम्मान पत्र दिदै आएका छन् । करिव आधा दर्जन विशिष्ठ व्यक्तिहरुले पाईसकेको यो पुरस्कार यसपाली सिरहा जिल्ला लहान नगरपालिकाकी महिला नेतृ तथा मधेश प्रदेश सभासद ललिता विद्रोही तत्मालाई प्रदान गर्ने निर्णय भएको छ । महिला तथा दलित अधिकारको क्षेत्रमा काम गर्दै आएकी लिलतिा दास तत्माको जन्म एउटा निराक्षर बुबाआमाको कोखबाट भए पनि उनले सामाजिक रुपान्तरणमा खेलेको भूमिकालाई मध्यनजर गर्दै यो पुरस्कार यही जेठ ३० गते जनकपुरमा प्रदान गर्ने कार्यक्रम छ ।

यहाँ उल्लेख गर्नु पर्ने तथ्य के हो भने मानव अधिकार तथा शान्ति समाज एउटा यस्तो संस्था हो जसले कुनै पनि विदेशी वा स्वदेशी सरकार,दूतावास, दात्री संस्था। फाउन्डेसन, अन्तर सरकारी संस्था, धार्मिक संघसंस्था, राजनीतिक दल, सूर्तिजन्य उद्योग र अन्तर्राष्टिय गैरसरकारी संस्थाबाट अर्थिक सहयोग ग्रहण गर्दैन । विशुद्ध रुपमा आफ्नो संगठनात्मक संरचनाबाट संचालन हुने संस्था हो । यसमा संस्थापक सभापति कृष्ण पहाडीको विशेष योगदान रहेको तथ्यलाई लुकाउन सकिन्न । खासगरी बुबा बद्री पहाडीले छोराको व्यक्तित्व, उचाई तथा हैसियत हेरेर दिने जति दिएका छन् । जसलाई कृष्ण पहाडीले व्यक्तिगतभन्दा पनि संस्थागत रुपमा त्यसलाई संरक्षण सम्बर्द्धन गर्दै आएका छन् । यही नै यो संस्थाको मूल श्रोत हो ।

त्यस्तै मानव अधिकार तथा शान्ति समाजले प्रत्येक वर्ष विविध विधामा योगदान गरेका मुलुकका मूर्धन्य व्यक्तिहरुलाई विविध खाले पुरस्कार दिर्द आएका छन् । यसका लागि मानव अधिकार तथा शान्ति समाजमा कार्यरत मानअधिकारवादीहरुले आ-आफ्ना बुबा आमाको नाममा ती स्रष्टा सम्मान दिँदै आएको देखिन्छ । प्रत्येक वर्ष एक दर्जन जति व्यक्तिलाई दिइने यस्ता खाले पुरस्कार तथा सम्मान केही वर्ष मैले पनि पाएको थिए । यसमा पनि पहाडी परिवारको व्यक्तिगत योगदान रहेको देखिन्छ । साथै बुबा बद्री पहाडी माडीबाट विराटनगर सरेपछि मोरंगको थलहामा खेतिपातीको प्रारम्भ गरेका थिए । पहाडमा नै मझौला खाले जमिन्दारका संतान बद्री पहाडीले थलहामा आफ्नो कामत स्थापना गरे । मधेशी आदिवासी जनजातीहरुको बसोवास रहेको यो गाउँमा शैक्षिक उन्नयनका लागि मानअधिकार तथा शान्ति समाजले तीन दर्जन दलित छात्रछात्राहरुलाई पाँछ वर्षको लागि छात्रवृत्ति दिदै आएका छन् । यसमा मानअधिकार तथा शान्ति समाजको अहम् भूमिका रहेको छ भने पहाडी परिवारले व्यक्तिगत रुपमा पनि धनराशी खर्च गर्दै आएका छन् ।

यसरी संस्थागत रुपमा मानवअधिकार तथा शान्ति समाज, दहाल प्रतिष्ठानले एक एक लाखको पुरस्कारबाहेक पारिवारिक रुपमा रामबाबू दहालले आफ्नो आमाको नाममा स्थापना गरेको विराट साहित्य संगम राधादेवी दहाल स्मृति विराट साहित्य सम्मान पनि प्रत्येक वर्ष एकजना साहित्यकारलाई दिदै आएको देखिन्छ । बुबा बद्री पहाडीको जेठो छोरा रामबाबू दहालको रुचि साहित्य तर्फ रहेकोले विराटनगरका सबैभन्दा सक्रिय साहित्यिक संस्था विराट साहित्य संगमद्वारा ११ हजार राशीको यो पुरस्कार दिने गरिन्छ । जसरी कृष्ण पहाडीले मानअधिकारको क्षेत्रमा काम गरिरहेका छन् ठीक त्यसरी नै दाजु रामबाबू दहाल साहित्यिक विधालाई अपनाएको देखिन्छ ।

# सकारात्मक सोच : सकारात्मक सामाजिक रूपान्तरणको आधार



घनश्याम कोइराला

नेपालको वर्तमान सामाजिक, राजनीतिक तथा प्रशासनिक अवस्थालाई गम्भीर रूपमा विश्लेषण गर्ने हो भने समाजमा विभाजन, अविश्वास र नकारात्मकताको प्रभाव बढ्दै गएको देखिन्छ । राजनीतिक दलहरूबीच स्वस्थ सम्बन्ध र सहकार्यको अभाव छ । राजनीतिक बहसहरू प्रायः वैचारिक बहसभन्दा आरोप-प्रत्यारोप, विरोध र असहमतिमा केन्द्रित देखिन्छन् । यसले राजनीतिक नेतृत्वप्रति जनविश्वास कमजोर बनाएको छ ।

सामाजिक रूपमा पनि विभिन्न प्रकारका द्वन्द्व, असहिष्णुता र तनाव बढिरहेका छन् । सामाजिक सञ्जालदेखि सार्वजनिक मञ्चसम्म असहमतिको सम्मान गर्ने प्रवृत्तिको अभाव हुँदै गएको छ र संकीर्ण प्रवृत्ति हावी हुँदै गएको देखिन्छ । विचार, आस्था, राजनीतिक विश्वास वा सामाजिक पहिचानका आधारमा नागरिकहरू विभाजित भइरहेका छन् । यसले सामाजिक सद्भाव, एकता र सहकार्यको वातावरण कमजोर बनाइरहेको छ ।

अर्कोतर्फ, सार्वजनिक जीवनमा सदाचार र नैतिकताको अवस्था पनि चिन्ताजनक देखिन्छ । सार्वजनिक पद र जिम्मेवारीमा रहेका व्यक्तिहरूप्रति नागरिकको विश्वास क्रमशः घट्दै गएको छ । भ्रष्टाचार, अनियमितता, पक्षपात र गैरजिम्मेवारीका घटनाहरूले नागरिकमा निराशा बढाएको छ । समाजका विभिन्न क्षेत्रहरूमा विश्वासको सङ्कट देखापरेको छ । व्यक्ति, संस्था र नेतृत्वप्रति अविश्वास बढ्दै जाँदा सामाजिक तथा राष्ट्रिय विकासका प्रयासहरू पनि प्रभावित हुने गरेका छन् ।

यी अवस्थाहरूमा सकारात्मक सोच, संवाद, सहकार्य र नागरिक सशक्तीकरणलाई प्राथमिकतामा राख्नुपर्ने आवश्यकता झन् बढेर गएको छ । दुर्भाग्यवश, अधिकांश सरकारी नीति, कार्यक्रम र बजेटहरू पूर्वाधार विकास, भौतिक निर्माण तथा सेवा प्रवाहमा मात्र केन्द्रित देखिन्छन् । यद्यपि ती विषयहरू महत्वपूर्ण छन् । तर समाजमा सकारात्मक सोच, नेतृत्व विकास, सद्भाव अभिवृद्धि, नैतिकता प्रवर्द्धन र नागरिक सशक्तीकरणजस्ता विषयहरूलाई अपेक्षित महत्व दिएको पाइँदैन ।

कुनै पनि राष्ट्रको समृद्धि केवल सडक, पुल, भवन वा अन्य भौतिक संरचनाबाट मात्र सम्भव हुँदैन । समृद्ध राष्ट्र निर्माणका लागि सकारात्मक सोच भएका नागरिक, जिम्मेवार नेतृत्व, पारस्परिक विश्वास, सामाजिक सद्भाव र सुशासन आवश्यक हुन्छ । यदि समाजमा अविश्वास, विभाजन र नकारात्मकता बढ्दै जाने हो भने विकासका उपलब्धिहरू पनि दीर्घकालीन रूपमा प्रभावकारी हुन सक्दैनन् ।

त्यसैले अब राज्यका तीनै तहका सरकारले नागरिक सशक्तीकरण र सकारात्मक सोच अभिवृद्धिलाई विकासको महत्वपूर्ण आधारका रूपमा अङ्गीकार गर्नुपर्छ । विद्यालय, कलेज, समुदाय तथा विभिन्न सामाजिक संस्थाहरूसँग मिलेर सकारात्मक सोच, नेतृत्व विकास, नैतिक शिक्षा, सामाजिक सद्भाव र नागरिक उत्तरदायित्वसम्बन्धी कार्यक्रम सञ्चालन गर्न आवश्यक छ । यी कार्यक्रमहरूले नागरिकलाई आफ्नो अधिकारका साथै कर्तव्यप्रति पनि सचेत बनाउनेछन् ।

सकारात्मक सोच अभिवृद्धि गर्ने अभियानहरूले समाजमा आशा, विश्वास र सहकार्यको वातावरण निर्माण गर्न मद्दत पुऱ्याउँछन् । सकारात्मक सोच भएका व्यक्तिहरू समस्या मात्र देख्दैनन्, समाधान पनि खोज्छन् । उनीहरू विभाजनभन्दा एकता, द्वन्द्वभन्दा संवाद र निराशाभन्दा सम्भावनामा विश्वास गर्छन् । त्यसैले सकारात्मक सोचको विकास केवल व्यक्तिगत विषय होइन, यो सामाजिक तथा राष्ट्रिय विकाससँग प्रत्यक्ष रूपमा जोडिएको विषय हो ।

त्यसैगरी नेतृत्व विकास कार्यक्रमहरूलाई पनि प्राथमिकतामा राख्नुपर्छ । नेतृत्व भनेको केवल राजनीतिक पद प्राप्त गर्नु मात्र होइन, समाजलाई सही दिशा दिनसक्ने क्षमता, नैतिकता, उत्तरदायित्व र सेवाभावको विकास गर्नु हो । युवा, महिला, शिक्षक, कर्मचारी, जनप्रतिनिधि तथा समुदायका अगुवाहरूलाई लक्षित गरेर नेतृत्व विकास कार्यक्रम सञ्चालन गर्न सकिएमा



भविष्यमा जिम्मेवार र दूरदर्शी नेतृत्व उत्पादन गर्न सहयोग पुग्नेछ ।

सुशासन र सदाचार प्रवर्द्नको लागि पनि विशेष कार्यक्रम आवश्यक छन् । पारदर्शिता, जवाफदेहिता, नैतिकता र इमानदारीलाई प्रवर्द्नन गर्न सकिए मात्र नागरिकको विश्वास बढ्न सक्छ । यसका लागि सार्वजनिक निकायहरूमा सुशासनसम्बन्धी तालिम, सदाचार प्रवर्द्नन अभियान, सामाजिक उत्तरदायित्व कार्यक्रम तथा नागरिक-सरकार संवादका संयन्त्रहरूलाई प्रभावकारी बनाउनुपर्छ ।

सामाजिक सद्भाव अभिवृद्धिका लागि पनि राज्यले विशेष नीति र कार्यक्रम ल्याउनुपर्छ । विभिन्न राजनीतिक दल, सामाजिक समूह, नागरिक समाज, युवा तथा समुदायबीच नियमित संवाद र सहकार्यका कार्यक्रम सञ्चालन गर्न सकिन्छ । संवादको माध्यमबाट द्वन्द्वलाई समाधानमा रूपान्तरण गर्न सकिन्छ । यसले सामाजिक एकता र राष्ट्रिय सहमतिको आधार बलियो बनाउँछ ।

यसका लागि स्थानीय तह, प्रदेश सरकार र सङ्घीय सरकारले नीति, कार्यक्रम र पर्याप्त बजेट विनियोजन गर्नुपर्छ । नागरिक सशक्तीकरण, सकारात्मक सोच अभिवृद्धि, नेतृत्व विकास, सुशासन र सदाचार प्रवर्द्धनलाई विकासका सहायक विषय होइन, विकासकै आधारभूत विषयका रूपमा हेर्न आवश्यक छ ।

अन्ततः, आज नेपालको आवश्यकता केवल भौतिक विकास होइन, सामाजिक तथा मानवीय विकास पनि हो । विभाजनको ठाउँमा एकता, अविश्वासको ठाउँमा विश्वास, नकारात्मकताको ठाउँमा सकारात्मक सोच र द्वन्द्वको ठाउँमा संवाद तथा सहकार्यको वातावरण निर्माण गर्न सकिएमा मात्र समृद्ध, सभ्य र सुखी समाजको निर्माण सम्भव हुनेछ । त्यसका लागि राज्य, राजनीतिक दल, नागरिक समाज र आम नागरिक सबैले साझा जिम्मेवारीका साथ अघि बढ्न आवश्यक छ । यही मार्गले सुशासनयुक्त, सदाचारपूर्ण र समुन्नत नेपालको आधार निर्माण गर्न सक्छ ।

यस अभियानले एउटा नारा-ध्येयवाक्य अघि सारेको छ : 'सद्भावपूर्ण समाज निर्माणमा मेरो योगदान, सकारात्मक तरङ्ग सिर्जना गर्न सकारात्मक अभियान ।'

समाज, राष्ट्र र मानव जीवनको विकासका आधारहरूबारे चर्चा गर्दा धेरैजसो मानिसले राजनीति, अर्थतन्त्र, प्रविधि, शिक्षा वा भौतिक पूर्वाधारलाई प्राथमिकतामा राख्ने गर्छन् । यी सबै महत्वपूर्ण विषय हुन्, तर यी सबैको मूल आधार भनेको मानिसको सोच र दृष्टिकोण नै हो ।

सोच सकारात्मक भए विचार सकारात्मक बन्छ, विचार सकारात्मक भए व्यवहार सकारात्मक बन्छ, व्यवहार सकारात्मक भए परिणाम सकारात्मक हुन्छ, परिणाम सकारात्मक भए प्रभाव सकारात्मक हुन्छ र अन्ततः समाज तथा राष्ट्रमा सकारात्मक परिवर्तन सम्भव हुन्छ । यही विश्वास र मान्यतालाई केन्द्रमा राखेर नेपाल प्रशंसनीय दृष्टिकोण राष्ट्रिय सञ्जालले विगत दुई दशकदेखि सकारात्मक सोच विस्तारको अभियान सञ्चालन गर्दै आएको छ ।

वि.सं. २०६० सालमा स्थापना भएको नेपाल प्रशंसनीय दृष्टिकोण राष्ट्रिय सञ्जालले नेपाली समाजमा सकारात्मक सोच, रचनात्मक संवाद, सामाजिक सद्भाव र पारस्परिक सम्मानको उद्देश्य राखेको छ । आज 'सकारात्मक सोच' भन्ने शब्द धेरै प्रयोग हुने गरेको छ, तर दुई दशकअघि यसको प्रयोग र चर्चा त्यति व्यापक थिएन । त्यो अवस्थामा यो अभियानले नेपाली समाजमा नयाँ प्रकारको वैचारिक बहस सुरु गरेको थियो ।

मानिसलाई समस्या मात्र होइन, सम्भावना पनि हेर्न सिकाउने, कमजोरी मात्र होइन, सबल पक्ष पनि पहिचान गर्न प्रेरित गर्ने र निराशाभन्दा आशाको खोजी गर्न उत्प्रेरित गर्ने काम यस अभियानले गर्दै आएको छ ।

यस अभियानअन्तर्गत भक्तपुर, पोखरा, विराटनगर, तानसेन, लुम्बिनी, धनगढी र दाङमा राष्ट्रिय भेलाहरू सम्पन्न भएका थिए । हालै जेठ २३-२४, २०८३ मा चितवन जिल्लाको चेपाङबस्ती तीनदोभानमा नवौं राष्ट्रिय भेला सम्पन्न भएको छ । यस भेलाले सकारात्मक सोच र सामाजिक सद्भावको सन्देशलाई थप व्यापक बनाउने अवसर प्रदान गरेको छ ।

हामी विश्वास गर्छौं कि कुनै पनि कुरा शून्यबाट सुरु हुँदैन । प्रत्येक व्यक्ति, समुदाय, संस्था वा समाजमा केही न केही राम्रो पक्ष अवश्य हुन्छ । त्यसलाई पहिचान गरेर थप विकास गर्नु नै सकारात्मक दृष्टिकोणको सार हो । यदि हामी सधैं नकारात्मक पक्ष मात्र खोज्ने, आलोचना मात्र गर्ने र सबै कुरा बिग्रेको दृष्टिले हेर्ने हो भने निराशा, वितृष्णा र अविश्वासको वातावरण सिर्जना हुन्छ । तर समस्याभित्र पनि सम्भावना खोज्ने, कमजोरीभित्र सुधारको अवसर देख्ने र असफलताभित्र सिकाइको आधार पहिल्याउने हो भने समाज अघि बढ्न सक्छ ।

संस्कृतमा एउटा प्रसिद्ध श्लोक छ-जलबिन्दुनिपातेन क्रमशः पूर्यते घटः । स हेतुः सर्वविद्यानां धर्मस्य च धनस्य च ॥ (अर्थात्, जसरी पानीका थोपा-थोपा परेर घैंटो बिस्तारै भरिन्छ, त्यसरी नै विद्या, धर्म र धन पनि साना-साना प्रयास तथा सञ्चयबाट क्रमशः वृद्धि हुँदै जान्छन् ।) हाम्रो अभियानको दर्शन पनि यही हो । समाजमा सकारात्मक सोचको विकास एकै दिनमा सम्भव हुँदैन । साना-साना प्रयास, संवाद, अभ्यास र व्यवहारबाट सकारात्मक समाज निर्माण गर्न सकिन्छ ।

२०७० सालसम्म नेपाल प्रशंसनीय दृष्टिकोण राष्ट्रिय सञ्जाल संस्थागत रूपमा निकै सक्रिय थियो । त्यसपछि अभियानका धेरै अगुवाहरू विभिन्न जिम्मेवारीमा व्यस्त भए । त्यतिबेला देश संविधान निर्माणको अन्तिम चरणमा थियो । सङ्घीयता, जनअधिकार, शासन प्रणाली र नयाँ राजनीतिक संरचनाबारे व्यापक बहस भइरहेको थियो । सम्पूर्ण समाज र राजनीति ती विषयमा केन्द्रित भएका कारण हाम्रा अभियानका गतिविधिहरू मूल रूपमा केही कम देखिए । तर यसको अर्थ अभियान निष्क्रिय भयो भन्ने होइन । सम्पर्क, समन्वय, संवाद र वैचारिक सक्रियता निरन्तर जारी नै थियो ।

यो अभियान कुनै राजनीतिक दलको समर्थक वा विरोधी होइन । हामी राजनीतिलाई समाजको एउटा महत्वपूर्ण पक्षका रूपमा स्वीकार गर्छौं । राजनीति राम्रो हुँदा समाज सभ्य र सुसंस्कृत बन्छ । यो लोकतन्त्रको सुन्दर प्रक्रिया हो । तर प्रतिस्पर्धा र प्रतिशोधलाई एउटै रूपमा हेर्नु हुँदैन । प्रतिस्पर्धा स्वस्थ हुनुपर्छ, प्रतिशोध होइन । लोकतान्त्रिक संस्थाको विकासका लागि सम्मानजनक असहमति र रचनात्मक संवाद आवश्यक हुन्छ ।

आजको समाजमा बढ्दो नकारात्मकता एउटा गम्भीर चुनौतीका रूपमा देखिएको छ । सामाजिक सञ्जालदेखि सार्वजनिक जीवनसम्म गालीगलौज, निन्दा, भर्त्सना, अपमान र संवेदनहीन अभिव्यक्तिहरू बढ्दै गएका छन् । मानिसहरू राम्रोभन्दा नराम्रो, उपलब्धिभन्दा असफलता र समाधानभन्दा समस्या बढी खोज्न थालेका छन् । यी प्रवृत्तिले समाजमा अविश्वास, विभाजन र निराशा बढाउँछ । त्यसैले सकारात्मक सोचको अभियान अहिले झन् बढी सान्दर्भिक बनेको छ ।

हामी प्रष्ट रूपमा भन्छौं-सकारात्मकता जीवनदायी हो, नकारात्मकता मरणशीलता हो । जीवनमा दुःख पनि हुन्छ, चुनौती पनि हुन्छ, असफलता पनि हुन्छ । तर ती सबैका बीचमा आशा, सम्भावना र सुधारको बाटो खोज्नु नै सकारात्मक दृष्टिकोण हो । हामी जीवन रोज्छौं, आशा रोज्छौं र उज्यालो सम्भावनाको पक्षमा उभिन्छौं ।

यसपटक चितवनको चेपाङबस्ती तीनदोभानमा राष्ट्रिय भेला आयोजना गर्नुको पनि विशेष सन्देश छ । नेपाल विविध भाषा, संस्कृति, भेषभूषा, जीवनशैली र समुदायहरूले बनेको सुन्दर फूलबारी हो । चेपाङ समुदाय पनि त्यही फूलबारीको एउटा महत्वपूर्ण र विशिष्ट फूल हो । यो समुदाय प्रकृतिसँग निकट सम्बन्ध राख्ने, जडीबुटी तथा प्राकृतिक उपचारको ज्ञान बोकेको, कठिन परिस्थितिमा पनि जीवनप्रति आशावादी रहने समुदाय हो । यो समुदायसँग प्रकाशित वंशावली छैन, लिखित वा प्रकाशित धार्मिक ग्रन्थ छैन तर वंश परम्परा छ, धार्मिक परम्परा छ । यसरी श्रुति र स्मृति परम्परा जोगाएर राखेको समुदाय हो ।

हामीले चेपाङ समुदायलाई केवल आर्थिक दृष्टिले हेरेर मात्र पुग्दैन । उनीहरूसँग प्रकृति संरक्षण, जैविक विविधता, सामुदायिक सहकार्य, प्राकृतिक उपचार र सांस्कृतिक ज्ञानको भण्डार छ । त्यसैले उनीहरूको पहिचान, ज्ञान र योगदानलाई सम्मानपूर्वक स्वीकार गर्न आवश्यक छ । यही सोचका साथ हामीले चेपाङबस्तीमा भेला आयोजना गऱ्यौं, समुदायसँग संवाद गऱ्यौं, उनीहरूको सपना, आवश्यकता, सम्भावना र सरोकारका विषयहरू पहिचान गऱ्यौं ।

हामीलाई विश्वास छ कि स्थानीय सरकार, प्रदेश सरकार र अन्य सरोकारवाला निकायहरूले उचित सहयोग र सहकार्य गरेमा चेपाङ समुदायले चितवनको समृद्धिमा उल्लेखनीय योगदान दिन सक्छ । हामी अध्ययन, सहजीकरण, संवाद र चेतना अभिवृद्धिको काम गर्न सक्छौं । तर आवश्यक स्रोतसाधन राज्यकै हातमा हुन्छ । त्यसैले राज्य र समुदायबीचको सहकार्य अत्यन्त आवश्यक छ ।

नेपाल प्रशंसनीय दृष्टिकोण राष्ट्रिय सञ्जाल मूलतः साझा र अनौपचारिक अभियान हो । यसलाई अध्ययन, संवाद, अवधारणा विकास र देशव्यापीकरणका लागि संस्थागत रूप दिइएको हो । यसको परम्परागत शाखा संरचना छैन । यहाँ नियन्त्रक र नियन्त्रितको सम्बन्ध हुँदैन । हामी विषयप्रधान र दृष्टिकोणप्रधान अभियानमा विश्वास गर्छौं । हामीसँग आबद्ध संस्थाहरू आफ्नै विधान र सिद्धान्तअनुसार सञ्चालन हुन्छन् ।

हाम्रो मूल दर्शन सरल छ-स्वीकार गरौं, सम्मान गरौं र विश्वास गरौं । अस्वीकार, अपमान र अविश्वासको संस्कृतिले समाजलाई विभाजित गर्छ, स्वीकार, सम्मान र विश्वासको संस्कृतिले समाजलाई जोड्छ । समतलीयता, अन्तर्निर्भरता, सहकार्य र सद्भावमा आधारित समाज निर्माणका लागि सकारात्मक सोचको बीजारोपण आजको आवश्यकता हो । यही अभियानलाई निरन्तरता दिनु नै नेपाल प्रशंसनीय दृष्टिकोण राष्ट्रिय सञ्जालको मूल प्रतिबद्धता हो । यो लेख नेपालप्रेसडटकमबाट साभार गरिएको छ ।

## प्रधानमन्त्रीले माफी माग्नुपर्ने



टुडे समाचारदाता

काठमाण्डु । श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले सीमासम्बन्धी प्रधानमन्त्रीको अभिव्यक्ति रेकर्डबाट हटाउन माग गरेका छन् ।

बिहीबार बसेको प्रतिनिधिसभा बैठकको शुरूमा नै प्लेकार्ड देखाएर विरोध गर्दै अध्यक्ष साम्पाङले सीमासम्बन्धी प्रधानमन्त्रीको अभिव्यक्ति रेकर्डबाट हटाउन र प्रधानमन्त्री स्वयं संसदमा आएर माफीमा माग्नुपर्ने माग गरे ।

सदन सञ्चालन भए पनि माग पूरा नभएसम्म आफूहरूले यस विषयमा निरन्तर आवाज उठाउने उनले बताए । संसदलाई नियमावली अनुसार चलाउन उनले सभामुखको ध्यानाकर्षण उनले गराए ।

त्यस्तै श्रम संस्कृति पार्टीका अध्यक्षसमेत रहेका सांसदसाम्पाङ सीमानामा तारबार गर्नुपर्ने बताएका छन्। संसद् भवन परिसरमा बोल्दै सीमामा सेना परिचालन गर्नुपर्ने बताए।

उनले भने, 'एउटा सानो पसल कुर्नका लागि पनि हिजोआज वाचम्यान राख्ने चलन छ। सीसीटीभी क्यामरा राखिन्छ। भनेपछि खुला सीमा छ अब सल्लाह दिएको मान्दैनन्, नत्र १ खर्ब तारजाली लगाउन पाए हुन्थ्यो। बाटोहरू बनाउनुभन्दा सिमानालाई सुरक्षा गर्नलाई बजेट छुट्टाउनुपर्छ ।'

उनले विपक्षीले सदन सुचारु गरेपनि आफूहरूले अडान नछाडेको बताए । उनले सदनमा प्रधानमन्त्री आएर जवाफ दिनुपर्ने बताए ।

# भारत भ्रमण उपलब्धिमूलक रह्यो: परराष्ट्रमन्त्री

काठमाण्डु । परराष्ट्रमन्त्री शिशिर खनालले छिमेकी मुलुक भारतको हालैको भ्रमणका अवसरमा द्विपक्षीय सम्बन्धका विविध आयाममा उपलब्धिमूलक छलफल भएको बताउनुभएको छ ।

राष्ट्रियसभाको आजको बैठकमा यही जेठ २२ देखि २४ गतेसम्म गरिएको आफ्नो औपचारिक भारत भ्रमणबारे जानकारी दिँदै उहाँले दुईपक्षीय वार्तामा व्यापार तथा आर्थिक सहकार्य, 'कनेक्टिभिटी', ऊर्जा साझेदारी, जलस्रोत व्यवस्थापन तथा खेलकुदलगायत जनस्तरीय सम्बन्ध सुदृढीकरणका विषयमा ठोस छलफल भएको बताउनुभयो ।

भारत भ्रमणका क्रममा भारतीय समकक्षी एस. जयशङ्करसँग भएको भेटवार्तामा दुवै पक्षले द्विपक्षीय सम्बन्धलाई थप सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गरेको उहाँले जानकारी दिनुभयो ।

बैठकमा नेपाल र भारतका साझा सुरक्षा चासो, सीमा व्यवस्थापन तथा रणनीतिक साझेदारीका विविध पक्षमा पनि विचार आदानप्रदान भएको मन्त्री खनालले उल्लेख गर्नुभयो ।

उहाँले भ्रमणका क्रममा इन्डिया फाउन्डेसनद्वारा आयोजित कार्यक्रममा नेपालको परराष्ट्र नीतिका प्राथमिकताबारे प्रकाश पार्नुभएको र ऊर्जा, व्यापार तथा सीमासम्बन्धी साझा चासोका विषयमा अन्तर्क्रिया गरिएको जानकारी दिनुभयो ।

त्यस क्रममा विभिन्न क्षेत्रीय तथा अन्तरराष्ट्रिय चासोका विषयमा पनि विचार आदानप्रदान भएको उहाँले बताउनुभयो ।

भ्रमणका दौरान एनसीएचएलसँगको समझदारीअनुसार अन्तरदेशीय पेमेन्ट-



टु-पेमेन्ट, भुक्तानी सेवा सञ्चालन, भारतको विकास सहयोगमा नेपालमा भूकम्पपछिका पुनर्निर्माण परियोजनाको हस्तान्तरण तथा ' भ्वाइस फस्ट' भाषा अनुवाद प्लेटफर्मको राष्ट्रिय डिजिटल पूर्वाधार सह-निर्माणका लागि काठमाण्डु विश्वविद्यालय स्कुल अफ इञ्जिनियरिङको डिजिटल पब्लिक इन्फ्रास्ट्रक्चर तथा आर्टिफिसियल इन्टेलिजेन्स सेन्टर र डिजिटल इण्डिया भाषिनी डिभिजनबीच समझदारीपत्र आदानप्रदान भएको पनि उहाँले जानकारी गराउनुभयो ।

त्यसैगरी परराष्ट्रमन्त्री खनालले भारतका राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालसँग समेत छलफल भएको उल्लेख गर्नुभयो ।

"नयाँदिल्लीमा भएका छलफल तथा उच्चस्तरीय भेटघाटले नेपाल-भारतबीचको कूटनीतिक र आर्थिक सहकार्यलाई नयाँ उचाइमा पुऱ्याउनुका साथै आगामी दिनमा आपसी हितका क्षेत्रमा परिणाममुखी सहकार्य अघि बढाउन बलियो आधार तयार गरेको मैले महसुस गरेको छु," मन्त्री खनालले भन्नुभयो ।

उहाँले नेपालको सन्तुलित, स्वतन्त्र र बहुआयामिक परराष्ट्र नीतिलाई सशक्त रूपमा अभिव्यक्त गर्ने अवसर प्राप्त भएको उल्लेख गर्नुभयो ।

व्यापार तथा लगानी विस्तार, ऊर्जा सहकार्य सुदृढीकरण, पर्यटन प्रवर्द्धन तथा ' कनेक्टिभिटी' र जनस्तरको सम्बन्ध विस्तारका विषयमा ठोस आधार तयार भएको उहाँको भनाइ थियो ।

"क्षेत्रीय स्थायित्व, आपूर्ति शृंखला सुरक्षा तथा ऊर्जा साझेदारीजस्ता समसामयिक अन्तरराष्ट्रिय विषयमा पनि विचार आदानप्रदान भएको छ," मन्त्री खनालले भन्नुभयो । रासस

# 'फुकेको बेलुन लामो समय टिक्दैन'


टुडे समाचारदाता

काठमाण्डु । सत्तारुढ दल रास्वपाका सांसद अमरेशकुमार सिंहले सरकारले ल्याएको बजेटमाथि असन्तुष्टि व्यक्त गरेका छन् । प्रतिनिधिसभामा बिहीबार बजेटमाथिको छलफलमा बोल्दै बजेट कार्यान्वयन हुने आधार आफूले नदेखेको बताए ।

उनले भने, 'युवालाई रोजगारी हामी दिन सकेनौँ भने यो बजेटमा युवालाई रोजगारी दिने कति ठाउँ देखियो ? मैले बुझाउने क्षमता राख्दैन तर म व्यवहारिक क्षमता राखेको छु किनभने जनताको घरदैलोमा गइराख्नुपर्छ, गरिबको भान्सामा देख्नुपर्छ। गरिबले के पायो ? कर्मचारीले त पायो २१% पायो । तर, कर्मचारी कति प्रतिशत छ ?'

उनले आफ्नो चिन्ता मुसहर, दलित र चेपाङ बस्तीप्रति भएको बताए ।

उनले भने, 'जुम्लाको स्याउलाई कसरी प्रवर्द्धन गर्ने ? उत्पादन



आजको दिनमा जमिन बाँझो छ, वैदेशिक रोजगारी रेमिट्यान्सको भरमा चलिराखेको छ । साउथ एसियामा यस्तो कुनै देश नै छैन जहाँ जीडीपीको ३२-३३ प्रतिशत बजेट बनाइन्छ। यो आफैँमा एउटा ठुलो फुकेको बेलुन हो । फुकेको बेलुन लामो समय टिक्दैन । यो बजेट कार्यान्वयन हुन्छ? मलाई विश्वास छैन, अरू साथीहरूलाई विश्वास होला ।'

यो बजेटबाट कति प्रतिशत जनसंख्या खुसी भयो ? भन्दै प्रश्न गरे ।

सांसद सिंहले भने, 'बैंकर्स खुसी भयो भने बैङ्कमा त्यत्रो निक्षेप किन जम्मा भएको छ ? यहाँ आजको दिनमा व्यापार गर्ने वातावरण छैन । म संविधानको कुरा गर्न आएको किनभने म संविधानको हस्ताक्षरकर्ता हुँ । संविधानमा शिक्षा, स्वास्थ्य मौलिक अधिकार हो । त्यो मौलिक अधिकारमा ट्याक्स लगाउन पाउँदैन । त्यो ट्याक्स विद्यालयमाथि लागेको छैन, विद्यार्थीलाई लागेको छ ।'

# 'बजेटमा गृहमन्त्री आफैं पीडित छ, मन्त्रीलाई न्याय दिनुपऱ्यो भनेर बोलिदिनुस्'

टुडे समाचारदाता

काठमाण्डु । गृहमन्त्री सुधन गुरुङले गृह मन्त्रालयमा बजेट अभाव भएको भन्दै राज्यव्यवस्था तथा सुशासन समितिका सांसदहरूसँग बजेट थपको पहल गरिदिनका लागि आग्रह गरेका छन् ।

बिहीबार समितिको बैठकमा आफ्नो धारणा राख्दै मन्त्री गुरुङले आफू बजेट अभावका कारण काम गर्न नसक्ने अवस्थामा पुगेको गुनासो गरेका छन् ।

उनले सांसदहरूलाई सदनमा मन्त्रालयको बजेटबारे आवाज उठाइदिन अनुरोध गर्दै यसो गर्दा अर्थ मन्त्रालयमाथि दबाब पुग्ने आशा व्यक्त गरे । '

हजुरहरूले सदनमा दुई/चार शब्द बोलिदिनुभयो भने दबाब पुग्छ र बजेट थपिन्छ कि भन्ने आशा गरेको छु,' उनले भने,'गृह मन्त्रालयमा बजेट छैन, मन्त्री आफैं पीडित छ, मन्त्रीलाई न्याय दिनुपऱ्यो भनेर बोलिदिनुस् ।'

मन्त्रालयमा पर्याप्त बजेट भएमा मातहतका निकायहरूले अझ प्रभावकारी ढङ्गले काम गर्न सक्ने उनको दाबी छ ।

विपद् व्यवस्थापनका क्षेत्रमा आफ्नो ११ वर्ष लामो अनुभव रहेको उल्लेख



गर्दै मन्त्री गुरुङले अहिलेको कार्यशैली र ऐन-नियमप्रति असन्तुष्टि जनाए ।

उनले नख्खुमा बाढीका बेला घरको छतबाटै बच्चा बगाएको हृदयविदारक घटनाको स्मरण गर्दै समयमै उद्धार र राहतका लागि पूर्वतयारी र प्रविधिको अभाव रहेको औंल्याए ।

मन्त्री गुरुङले सार्वजनिक खरिद ऐनका कतिपय प्रावधानले काम गर्न अवरोध सिर्जना गरेको उल्लेख गरे। विशेष गरी विपद्का बेला प्रयोग गरिने हेभी लिफ्टिङ ड्रोन लगायतका सामग्री खरिद गर्न ४५ दिने प्रक्रिया झन्झटिलो भएको उनको भनाइ छ ।

गृहमन्त्री गुरुङले भने, 'सामान खरिद गर्न ४५ दिन लाग्छ, त्यतिन्जेल त विपद्को सिजन नै सकिन्छ,' उनले भने, 'हामीलाई काम गर्न सहज हुने गरी ऐन संशोधन गर्न माननीयज्यूहरूको सहयोग चाहिन्छ ।' यसअघि सिन्धुपाल्चोक र काभ्रेमा ड्रोनमार्फत राहत वितरण गरिएको सफल उदाहरण दिँदै उनले अबका दिनमा आधुनिक प्रविधिको प्रयोग बढाउनुपर्ने बताए ।

ऐन संशोधनका लागि सदनमा प्रस्ताव जाँदा सांसदहरूले सकारात्मक भूमिका निर्वाह गरिदिनेमा उनले विश्वास व्यक्त गरे ।

एनले सुकुम्बासीहरूले भोग्नुपरेको समस्या र उनीहरूमाथि भएको व्यवहारप्रति दुःख व्यक्त गरे । उनले सुकुम्बासी दाजुभाइ दिदीबहिनीहरूसँग माफी माग्दै भने, 'सुकुम्बासी व्यवस्थापनका क्रममा देखिएका दृश्यहरूले मलाई पनि गाह्रो भएको छ, यसका लागि म माफी माग्न चाहन्छु ।'

गृहमन्त्री गुरुङले सुकुम्बासी समस्यालाई मानवीय र वैज्ञानिक ढङ्गले समाधान गरिनुपर्ने बताए ।

# राष्ट्रियसभा: प्रधानमन्त्रीको अभिव्यक्तिबारे प्रष्ट पार्न सरकारको ध्यानाकर्षण

काठमाण्डु । राष्ट्रियसभाको आजको बैठकमा नेपाली कांग्रेसका सांसद कमलादेवी पन्तले प्रधानमन्त्री वालेन्द्र शाहले यही जेठ १७ गते प्रतिनिधिसभामा दिनुभएको अभिव्यक्तिका विषयमा प्रष्ट पार्न सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

बैठकमा समय माग गर्दै उहाँले राष्ट्रियसभा विशेष प्रकृतिको भएकाले अनिर्णयको बन्दी बनाएर राख्न नहुने उल्लेख गर्दै सीमासम्बन्धी विषयमा सरकार गम्भीर हुनुपर्ने बताउनुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का सांसद झक्कुप्रसाद सुवेदीले प्रधानमन्त्रीले प्रतिनिधिसभामा यही जेठ १७ गते दिनुभएको अभिव्यक्तिले वैदेशिक हस्तक्षेप बढाउने भएकाले तत्काल यसबारेमा प्रष्ट पार्नुपर्ने माग गर्नुभयो ।

नेकपा (एमाले) का सांसद प्रेमप्रसाद दङ्गालले प्रधानमन्त्रीले प्रतिनिधिसभामा दिनुभएको अभिव्यक्तिले परराष्ट्र नीतिमा असर पर्ने भन्दै सिमानाको विषय राष्ट्रियतासँग जोडिएको हुनाले प्रष्ट पार्नुपर्नेमा जोड दिनुभयो ।

जनता समाजवादी पार्टी (जसपा) नेपालका सांसद महन्थ ठाकुरले राष्ट्रियता, सार्वभौमसत्ता



र राष्ट्रिय अखण्डताको संरक्षणमा सबैले ध्यान दिनुपर्ने भन्दै प्रधानमन्त्रीले बोल्नुभएको कुरा कानुन बन्ने भएकाले गम्भीर भएर बोल्नुपर्ने बताउनुभयो ।

राष्ट्रिय जनमोर्चाका सांसद तुलप्रसाद विश्वकर्माले यही जेठ १७ गतेदेखि अवरुद्ध संसद् आज परराष्ट्रमन्त्रीबाट केही जवाफ आएपछि अघि बढेको भन्दै प्रतिनिधिसभामा प्रधानमन्त्रीले सीमाका बारेमा दिनुभएको अभिव्यक्ति सदनको रेकर्डबाट हटाउन माग गर्नुभयो । रासस

# शासनको एजेण्डा बोकेको सरकारले दुई महिनामै धोका दिँदैन: अर्थमन्त्री डा. वाग्ले

काठमाण्डु । अर्थमन्त्री डा स्वर्णिम वाग्लेले सुशासनको एजेण्डा लिएर अघि बढेको वर्तमान सरकारले दुई महिनामै जनतालाई धोका नदिने प्रतिबद्धता जनाउनुभएको छ ।

आगामी आर्थिक वर्षको बजेटका विषयमा सांसदहरुले उठाएका प्रश्नको जवाफ दिनुहुँदै मन्त्री डा वाग्लेले आफूले दुई रुपैयाँमा पनि बदमासी वा बेइमानी गरेको भए मन्त्री र सार्वजनिक जिम्मेवारी नै त्यागिदिने बताउनुभयो । करको दर हेरफेरमा अनियमितता भएको भनी भइरहेको प्रचारप्रसार गलत भएको उहाँको भनाइ थियो ।

बजार स्वनिर्मित र स्वनियन्त्रित नहुने भएकाले राज्यले नै नियमन गर्नुपर्ने मन्त्री डा वाग्लेले बताउनुभयो । बजेट आम्दानी आर्जन गर्ने अवस्थामा लैजाने सोचमा सरकार लागेको उहाँको भनाइ छ ।

"रोजगारी सृजना गरी स्थायी आम्दानीको माध्यम बनाउने सोच बजेटले राखेको छ, विगत २० वर्षमा गरिबी विप्रेषणका कारण घटेको हो, अब रोजगारीका माध्यमबाट आय गर्ने गरी



बजेटले वातावरण बनाउन लागेको छ", मन्त्री डा वाग्लेले भन्नुभयो ।

बजेटमा किसान केन्द्रित कृषि प्रणाली, सामाजिक सुरक्षा सुधारजस्ता व्यवस्था गरिएको मन्त्री वाग्लेले सुनाउनुभयो । राज्यका सेवासुविधा अपुग भएर नै निजी क्षेत्र आइरहेकाले त्यसलाई प्रवर्द्धन गर्ने नीति पनि बजेटले लिएको उहाँले बताउनुभयो । संस्थागत विद्यालयमा लगाइएको तीन प्रतिशत करका विषयमा नकारात्मक प्रचार गरिएको उहाँको भनाइ छ । व्यक्तिगत आय कर छुटको रकम वृद्धि गरिएको मन्त्री डा वाग्लेले प्रष्ट पार्नुभयो ।

बिद्युतमा कर भनेर अर्को भ्रम सृजना गरिएको बताउनुहुँदै उहाँले ५० युनिटसम्म कर नलाग्ने प्रष्ट पार्नुभयो । पञ्चायत ढल्दा २६२ मेगावाट विद्युत् उत्पादन भएकामा अहिले त्यो बढेकाले अझै विस्तार गर्नका लागि केही मात्रामा कर लगाएको मन्त्री डा वाग्लेले बताउनुभयो ।

लोक रिझ्याइँको राजनीति गर्ने छुट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)लाई नभएको बताउनुहुँदै उहाँले बूढानीलकण्ठ स्कुलको स्वरुपमा सामुदायिक विद्यालयलाई विकास गरिने नीति लिएर बजेट ल्याएको स्पष्ट पार्नुभयो । पूर्वाधार विकास मन्त्रालयले तीन वर्षको लक्ष्य राखेअनुसार नै बजेट र कार्यक्रमको व्यवस्था गरिएको उहाँले बताउनुभयो ।

"रु २१ खर्बको बजेटले कायाकल्प हुँदैन, यसले बीउ रोप्ने हो, यसमा निजी क्षेत्रले पनि लगानी गरेर हुने हो, रु एक सरकारले खर्च गर्दा निजी क्षेत्रले रु पाँच खर्च गर्ने वातावरण बनाउनुपर्छ, यो सिद्धान्तमा बजेट ल्याइएको छ", मन्त्री डा वाग्लेले भन्नुभयो । रासस


## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय गरुडा, रौतहटको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८३/०२/२९ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

प्रथम पटक प्रकाशित मिति : २०८२/०९/०८ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८२/०१/१८ को जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी/धितोदाताहरुले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुलाई तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरी मिति २०८२/०९/०८ मा अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गर्दा कसैको पनि बोलपत्र प्राप्त हुन नआएकोले पुनः दोश्रो पटक यो १५ दिने यो सूचना प्रकाशित गरिएको छ। अतः तोकिएको समयावधिभित्र इच्छुक महानुभावहरुलाई तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन अनुरोध गर्दछौं ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

### तपसिल

**ऋणीको विवरण**

**१.** रौतहट जिल्ला, साविक डुमरीया म. गा.वि.स. वडा नं. ३ स्थित रजिष्टर्ड कार्यालय रही प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा मिति २०६९ साल चैत्र महिना २९ गते रोज ५ मा प्रा.फ.नं. १७५८/५३८ स्थानीय तथा आन्तरिक राजश्व कार्यालय, सिमरा र करदाता सेवा कार्यालय, गौरमा मिति २०७०/०१/०३ मा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र नं. ६०१०२६१०८ अन्तर्गत दर्ता कायम भएको **यादव गल्ला भण्डार ।**

**प्रोप्राईटर : धर्मेन्द्र राय यादव**

**ऋणी तथा ऋणी (१) को व्यक्तिगत जमानतकर्ताको विवरण**

**२.** लछुमन राय यादवको नाति, मोती राम रायको छोरा, रौतहट जिल्ला, साविक डुमरिया म. गा.बि.स/न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा./गा.पा. वडा नं. १० बस्ने **धर्मेन्द्र राय यादव** (ना.प्र.नं. ३९२, जारी मिति २०६२/०५/०६, जि.प्र.का. रौतहट) ।

**ऋणी (१) र (२) को व्यक्तिगत जमानतकर्ताको विवरण**

| | |
|---|---|
| १. नथुनी रायको नाति, लछुमन राय यादवको छोरा, रौतहट जिल्ला, साविक डुमरिया गा.वि.स/न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा./गा.पा. वडा नं. १० बस्ने **मोती राय यादव** (ना.प्र.नं. ८२, जारी मिति २०४४/१०/२१, जि.प्र.का. रौतहट) । | २. मोती राम रायको बुहारी, धर्मेन्द्र राय यादवको पत्नी, रौतहट जिल्ला, साविक डुमरिया गा.वि.स/न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा./गा.पा. वडा नं. १०, बस्ने **अन्जु यादव** (ना.प्र.नं. ३२३०८२/१४५७, जारी मिति २०६४/०१/१२, जि.प्र.का. रौतहट) । |

**धितोको विवरण**

१. यादव गल्ला भण्डारको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

२. **ऋणी १ को नाममा धितोबन्धकी कायम रहेको** मोती राय यादव (ना.प्र.नं. ८२, जारी मिति २०४४/१०/२१, जि.प्र.का. रौतहट) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रौतहट जिल्ला डुमरिया मटियौन गा.वि.स./न.पा. वडा नं. ३ स्थित कि.नं. १५०१ को क्षेत्रफल ०-८-०-० (विघा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

३. **ऋणी २ को नाममा धितोबन्धकी कायम रहेको** मोती राय यादव (ना.प्र.नं. ८२, जारी मिति २०४४/१०/२१, जि.प्र.का. रौतहट) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रौतहट जिल्ला, डुमरिया म. गा.वि.स./न.पा. वडा नं. ९, नक्सा सिट नं. ९ क स्थित कि.नं. १४०३ को क्षेत्रफल ०-४-१३-० (विघा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।

२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८३/०३/१२ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय गरुडा, रौतहटमा बुझाई सक्नु पर्नेछ ।

३. प्राप्त बोलपत्रहरु मिति २०८३/०३/१३ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय गरुडा, रौतहटमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।

४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट बोलपत्र खोलिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।

५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।

६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।

७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै वा अन्य वित्तिय माद्यम मार्फत तोकिएको खातामा जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।

८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।

९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिकृत कर्जा असुली विभाग तथा शाखा कार्यालय गरुडा, रौतहटमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।

१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank

शाखा कार्यालय : गरुडा, रौतहट

फोन नं. ०५५-५६५४३५

Website: www.siddharthabank.com

# शरणार्थी संकट अझै गम्भीर

रासस/एएफपी। विश्वभर जबरजस्ती घरबार छोड्न बाध्य भएका मानिसहरूको सङ्ख्या एक दशकपछि पहिलो पटक घटेको संयुक्त राष्ट्रसङ्घीय शरणार्थी उच्चायुक्तको कार्यालय (युएनएचसीआर) ले जनाएको छ। तर यो कमी सुरक्षित र दिगो समाधानका कारण नभई लाखौँ मानिस असुरक्षा, दबाब र कठिन परिस्थितिका बीच आफ्नो घर फर्किन बाध्य भएकाले आएको भन्दै राष्ट्रसङ्घले चिन्ता व्यक्त गरेको छ।



युएनएचसीआरले बिहीबार सार्वजनिक गरेको वार्षिक प्रतिवेदनअनुसार सन् २०२५ को अन्त्यसम्म विश्वभर ११ करोड ७८ लाख मानिस जबरजस्ती विस्थापनको अवस्थामा थिए। यो सङ्ख्या अघिल्लो वर्षको तुलनामा ५४ लाखले कम हो। यद्यपि एजेन्सीले युद्ध, हिंसा, उत्पीडन र अस्थिरताका कारण विस्थापित हुनेहरूको सङ्ख्या अझै पनि 'अस्वीकार्य रूपमा उच्च' रहेको उल्लेख गर्दै दीर्घकालीन समाधानका लागि अन्तर्राष्ट्रिय समुदायलाई थप सक्रिय हुन आग्रह गरेको छ।

प्रतिवेदनअनुसार गत वर्ष एक करोड ४७ लाख विस्थापित व्यक्ति आफ्नो मूल थलो फर्किएका थिए। तीमध्ये ४४ लाख शरणार्थी थिए। यो पछिल्ला ६० वर्षको अभिलेखमा दोस्रो उच्च शरणार्थी फिर्तीको दर हो। यही व्यापक फिर्तीका कारण विश्वव्यापी विस्थापनको कुल सङ्ख्यामा कमी देखिएको युएनएचसीआरले जनाएको छ।

संयुक्त राष्ट्रसङ्घीय शरणार्थी प्रमुख बरहम सालिहले जेनेभामा पत्रकारहरूसँग कुरा गर्दै सन् २०२५ मा फर्किएका शरणार्थीमध्ये ९० प्रतिशतभन्दा बढी अफगानिस्तान, सुडान र सिरियामा केन्द्रित रहेको बताउनुभयो। तर उहाँका अनुसार तीमध्ये धेरैजसो फिर्ती सुरक्षा, स्थायित्व र सम्मानजनक अवस्थाका कारण नभई दबाबपूर्ण परिस्थितिमा भएका थिए।

उहाँले फर्किएका अधिकांश मानिस पूर्वाधार ध्वस्त भएका, आधारभूत सेवा अभाव रहेका, आर्थिक अवसर न्यून भएका र सुरक्षा जोखिम कायम रहेका स्थानमा पुगेको उल्लेख गर्नुभयो। यस्तो अवस्थामा भएको फिर्तीलाई स्थायी समाधान मान्न नसकिने भन्दै उहाँले यसले पुनः विस्थापनको अर्को चक्र सुरु हुन सक्ने चेतावनी दिनुभयो।

प्रतिवेदनअनुसार सन् २०२५ को अन्त्यसम्म चार करोड १६ लाख मानिस शरणार्थीको हैसियतमा थिए। वर्षभरिमा ५४ लाख मानिस सीमापार गरेर शरणार्थी बनेका थिए। ती नयाँ शरणार्थीमध्ये ६० प्रतिशत केवल आठ देशबाट आएका थिए। युद्धग्रस्त सुडानबाट झण्डै १० लाख र युक्रेनबाट करिब आठ लाख मानिस भाग्न बाध्य भएका थिए।

युएनएचसीआरले सन् २०२६ को सुरुदेखि नै नयाँ विस्थापन सङ्कटहरू थपिएको पनि जनाएको छ। फेब्रुअरीमा सुरु भएको अमेरिका-इजरायल र इरानबीचको युद्धका कारण इरानमा मात्रै ३२ लाख मानिसले घर छोड्नुपरेको प्रतिवेदनमा उल्लेख छ। त्यसैगरी लेबनानमा मार्चयता भएका इजरायली आक्रमणका कारण १० लाखभन्दा बढी मानिस विस्थापित भएका छन्।

प्रतिवेदनले इरान र लेबनानको द्वन्द्वका कारण धेरै शरणार्थीहरू सिरिया र अफगानिस्तानजस्ता कठिन परिस्थितियुक्त देशमा समेत फर्किन बाध्य भएको जनाएको छ।

युएनएचसीआरले शरणार्थी पुनःस्थापनाको अवसर खुम्चिँदै गएको विषयमा पनि गम्भीर चिन्ता व्यक्त गरेको छ। एजेन्सीका अनुसार हाल २९ लाख शरणार्थीलाई तेस्रो देशमा पुनःस्थापना आवश्यक छ। सन् २०२४ मा पुनःस्थापनाका लागि उपलब्ध स्थान एक लाख ८८ हजार ८०० पुगेको थियो। यो चार दशकयताकै उच्च स्तर थियो। तर सन् २०२५ मा यो सङ्ख्या घटेर ८१ हजार ८०० मा सीमित भयो। विशेषगरी संयुक्त राज्य अमेरिकाले स्वीकार गर्ने शरणार्थीको सङ्ख्या उल्लेखनीय रूपमा घटेका कारण यस्तो अवस्था आएको प्रतिवेदनमा उल्लेख छ।

एजेन्सीले पुनःस्थापनाका उपलब्ध अवसर र वास्तविक आवश्यकताबीचको दूरी अझै बढ्दै गएको चेतावनी दिएको छ।

स्वयं पूर्व शरणार्थीसमेत रहनुभएका सालिहले जबरजस्ती विस्थापन अहिले वर्षौं र दशकौँसम्म लम्बिने समस्या बन्दै गएको बताउनुभयो। उहाँका अनुसार हाल विश्वका करिब ७० प्रतिशत शरणार्थी दीर्घकालीन विस्थापनको अवस्थामा बाँचिरहेका छन्।

उहाँले मानवीय सहायता मात्रै पर्याप्त नहुने उल्लेख गर्दै लाखौँ मानिसलाई दीर्घकालीन निर्भरताबाट बाहिर ल्याउन नयाँ अन्तर्राष्ट्रिय पहलमा सहभागी हुन देशहरूलाई आग्रह गर्नुभयो। मानवीय सहायता आपत्कालीन अवस्थाका लागि बनाइएको व्यवस्था भएको र पुस्तौँसम्म मानिसलाई त्यसैमा निर्भर राख्ने उद्देश्य कहिल्यै नरहेको उहाँको भनाइ थियो।

युएनएचसीआरको नयाँ पहलले आगामी दशकभित्र दीर्घकालीन विस्थापनमा रहेका शरणार्थीहरूको सङ्ख्या आधा घटाउने लक्ष्य राखेको छ। त्यसका लागि स्वेच्छिक फिर्ती, पुनःस्थापना, मानवीय भिसा तथा दिगो बसोबासका अवसर विस्तार गरिने योजना छ। यस्तो प्रयासले लाखौँ विस्थापितलाई स्थायी र सम्मानजनक भविष्यतर्फ लैजान सक्ने विश्वास एजेन्सीले व्यक्त गरेको छ।

# हेलम्बु र पाँचपोखरी विजयी

टुडे समाचारदाता

काठमाण्डु। हेलम्बु गाउँपालिका र पाँचपोखरी हिमालयन क्रिकेट क्लब पाँचपोखरी टी-२० जिल्ला स्तरीय क्रिकेट प्रतियोगिताको आठौं संस्करणमा विजयी भएका छन्।



बिहीबार तल्लो मुलपानी क्रिकेट मैदानमा सम्पन्न खेलमा हेलम्बुले ठूलो जित दर्ता गर्दा पाँचपोखरी हिमालयनले पनि प्रभावशाली प्रदर्शन गरेको थियो। अर्को खेलमा हेलम्बु गाउँपालिकाले थाङपाल भ्याली माध्यमिक विद्यालयलाई २४४ रनको विशाल अन्तरले पराजित गरेको थियो।

टस जितेर पहिले ब्याटिङ गरेको हेलम्बुले निर्धारित २० ओभरमा ५ विकेट गुमाउँदै ३०१ रनको विशाल योगफल खडा गरेको थियो। हेलम्बु सचिन लेखकले ऐतिहासिक प्रदर्शन गर्दै ७५ बलमा १२ चौका र २० छक्कासहित अविजित २०९ रन प्रहार गरे। विनोद तामाङले २३ बलमा ४९ रनको विस्फोटक योगदान दिएपछि हेलम्बुले ३०० रनको आँकडा पार गरेको थियो।

३०२ रनको लक्ष्य पछ्याएको थाङपाल भ्याली १५ ओभरमा ५७ रनमै अलआउट भयो। दीपक भण्डारीले सर्वाधिक १० रन बनाए भने कुनै पनि ब्याटरले प्रभाव छाड्न सकेनन्। हेलम्बुको बलिङमा विनोद तामाङले २ विकेट लिए भने नम्खाङ दोर्जे शेर्पा, पेम्बा शेर्पा, मनोज यादव, दोर्जे छिरिङ, उर्केन ह्योल्मो र कप्तान विवेक तामाङले समान १-१ विकेट हात पारे।

अर्को खेलमा पाँचपोखरी हिमालयन क्रिकेट क्लबले साँगाचोक युथ क्लबलाई ९७ रनले हरायो। टस जितेर ब्याटिङ रोजेको हिमालयनले १३ ओभरमा ३ विकेट गुमाउँदै १३० रन बनायो। सुमन सुनारले ५१ बलमा ५ चौका र ४ छक्कासहित अविजित ८४ रनको शानदार इनिङ्स खेले। कप्तान पेम्बा तामाङले ७ बलमा १५ रन तथा कर्मा तामाङले १४ रन जोडे।

जवाफमा साँगाचोक युथ क्लब ६ ओभरमै ३३ रनमा समेटियो। सक्रिया प्रताप कार्कीले ३ बलमा १२ रन बनाए पनि अन्य ब्याटर टिक्न सकेनन्। पाँचपोखरी हिमालयनको बलिङमा अजय तामाङ घातक सावित भए। उनले २ ओभरमा मात्र ३ रन खर्चेर ३ विकेट लिए। कर्मा तामाङले २ तथा विश्वास खत्री र रिन्जिन तामाङले समान १-१ विकेट लिएपछि साँगाचोक युथ क्लबको इनिङ्स धराशायी बनेको थियो। प्रतियोगिताको चौथो दिन दुई एकतर्फी खेल देखिएका थिए।

## इराकस्थित अमेरिकी दूतावासद्वारा इराकमा रहेका अमेरिकी नागरिकलाई सतर्क रहन आग्रह

रासस/एएफपी। इराकस्थित अमेरिकी दूतावासले सुरक्षा चेतावनी जारी गर्दै इराकमा रहेका अमेरिकी नागरिकलाई पुर्ण तयारीका साथ क्षेत्रीय घटनाक्रमको सङ्कटकानिल अवस्थामा सतर्क रहन सुझाव दिएको छ।

विज्ञप्ति जारी गर्दै दूतावासले वर्तमान क्षेत्रीय अवस्थाका कारण यात्रा



अवरोध र हवाई क्षेत्र बन्द हुन सक्ने चेतावनी दिएको छ।

दुतावासले अमेरिकी. नागरिकहरूलाई वर्तमान अवस्थामा यात्रा नगर्न चेतावनी जारी गर्दै अमेरिकी विदेश विभागले जारी गरेको विभिन्न स्तरको यात्रा चेतावनीको पालना गर्न सल्लाह दिएको छ।

कुनै पनि कारणले इराकको यात्रा नगर्न सुझाव दिदै दुतावासले इराकमा रहेका आफ्ना नागरिकहरूलाई छिटै बाहिरिन आग्रह गरेको छ।

इरानको इस्लामिक रिभोलुसन गार्ड कर्प्सले बिहीबार इरानमा ताजा अमेरिकी आक्रमणको प्रतिक्रियामा महत्वपूर्ण लक्ष्यहरूमा प्रहार गरी नष्ट गरेको बताएको छ।

# मुम्बईको फ्लाइओभरमुनि 'स्कुल'

रासस/एएफपी। मुम्बईको व्यस्त फ्लाइओभरमुनि पुनः प्रयोग गरिएका ढुवानी कन्टेनरभित्र सञ्चालन भइरहेको एक अनौपचारिक तर जीवनपरिवर्तनकारी विद्यालयले सडकमा जीवन बिताइरहेका तथा अत्यन्त विपन्न बालबालिकाका लागि शिक्षाको नयाँ बाटो खोलिदिएको छ। सहरका चम्किला भवन र भीडभाडयुक्त सडकबीच रहेको यो 'सिग्नल शाला' विद्यालय धेरैका लागि आशा र अवसरको केन्द्र बनेको छ।



भारतमा छ देखि १४ वर्ष उमेरका बालबालिकाका लागि निःशुल्क शिक्षाको कानूनी व्यवस्था भए पनि गरिबी, बसाइँसराइ र अस्थिर रोजगारीका कारण लाखौँ बालबालिका अझै विद्यालय बाहिर रहेका छन्। विशेषगरी मुम्बईजस्ता ठूला सहरमा सडक र झुपडी बस्तीमा बस्ने परिवारका बालबालिका नियमित शिक्षाबाट वञ्चित हुने अवस्था कायम छ।

यही सन्दर्भमा गैरनाफामुखी संस्थाले सञ्चालन गरेको 'सिग्नल शाला' ले सडक बालबालिकालाई लक्षित गर्दै वैकल्पिक शिक्षाको मोडेल अघि सारेको हो। संस्थापक भटु सावन्तका अनुसार औपचारिक शिक्षामा पहुँच नपाएका दर्जनौँ बालबालिकालाई समेट्दै उनीहरूलाई नियमित सिकाइमा ल्याउने प्रयास भइरहेको छ।

"यी बालबालिकाहरू नियमित विद्यालय जान सक्दैनन्, त्यसैले हामीले उनीहरूका लागि विद्यालय नै उनीहरूसम्म ल्याएका हौँ", सावन्तले भन्नुभयो।

भारतको विशाल सार्वजनिक विद्यालय प्रणाली भए पनि सन् २०२४-२५ को सरकारी तथ्याङ्कअनुसार करिब १२ लाख बालबालिका अझै विद्यालय बाहिर रहेको देखिएको छ। यसलाई बालशिक्षामा गम्भीर चुनौतीका रूपमा लिइएको छ।

सिग्नल शाला फ्लाइओभरमुनि राखिएका वातानुकूलित कन्टेनरहरूबाट सञ्चालन हुन्छ, जहाँ ट्राफिकको निरन्तर आवाजबीच कक्षा सञ्चालन हुन्छ। विद्यालयको संरचना सडक जीवनको यथार्थअनुसार तयार गरिएको छ। बिहानै विद्यालय बसले मुम्बईका झुपडी बस्तीका साँघुरा गल्लीहरू घुम्दै यातायात खर्च धान्न नसक्ने धेरै परिवारका विद्यार्थीहरूलाई उठाउँछ।

विद्यालय प्रवेशसँगै बालबालिकालाई पहिले नुहाउने सुविधा दिइन्छ, व्यक्तिगत सरसफाइका आधारभूत सुविधा नहुँदा उनीहरूका लागि किताब, लुगा र सामग्री सुरक्षित राख्न लकरको व्यवस्था गरिएको छ। दैनिक तीन छाक खाना निःशुल्क उपलब्ध गराइन्छ र कक्षा समय पनि सामान्यभन्दा लामो राखिएको छ।

यहाँ शिक्षण प्रणाली उमेर नभइ, क्षमताका आधारमा विभाजन गरिएको छ। शिक्षकहरूले कहिल्यै औपचारिक विद्यालय नदेखेका बालबालिकाका लागि आधारभूत लेखपढदेखि व्यावहारिक सीपसम्मका पाठ्यक्रम अनुकूलन गर्छन्। ठूला उमेरका विद्यार्थीलाई स्थिर बस्ने, स्पष्ट बोल्ने र ध्यान केन्द्रित गर्ने जस्ता आधारभूत सामाजिक सीप पनि सिकाइन्छ।

विद्यालयमा विशेष चुनौती अर्ध-घुमन्ते पारधी समुदायका बालबालिकासँग देखिन्छ, उनीहरूले स्थानीय भाषा पनि राम्ररी बोल्दैनन्। शिक्षक तेजस्वी बोराडेका अनुसार सुरुआती अवस्थामा धेरै बालबालिकालाई हप्ता, महिना वा ऋतुजस्ता आधारभूत अवधारणा पनि थाहा थिएन।

"जब उनीहरू यहाँ आएका थिए, उनीहरूलाई समयको आधारभूत संरचना नै थाहा थिएन", बोराडेले भन्नुभयो। विद्यार्थीहरूका लागि यो विद्यालय केवल पढाइको ठाउँ मात्र नभई सुरक्षित आश्रयस्थल पनि बनेको छ। १२ वर्षीया पूजा पवारले विद्यालय बस देख्दा खुसी हुने बताउँदै विद्यालयमा खाना, खेलकुद र सांस्कृतिक गतिविधिले आफूलाई आकर्षित गर्ने बताउनुभयो। "बिहानको खाना राम्रो हुन्छ, हामी केक बनाउँछौँ, नाच्छौँ", उहाँले भन्नुभयो।

ट्राफिक लाइटमा सामान बेचेर जीविकोपार्जन गर्ने १२ वर्षीय बालाजी लक्ष्मणका लागि विद्यालय नयाँ भविष्यको ढोका बनेको छ। उहाँले डाक्टर बन्ने सपना देख्न थालेको बताउनुभयो।

सञ्चालक सावन्तका अनुसार विद्यालयको उद्देश्य केवल आधारभूत शिक्षा दिनु मात्र नभई बालबालिकालाई २१औँ शताब्दीका लागि तयार पार्नु पनि हो। मुम्बई बाहिरी क्षेत्रमा स्थापना गरिएका अन्य विद्यालयहरूमा रोबोटिक्स, कृत्रिम बौद्धिकता (एआई) र थ्रीडी प्रिन्टिङजस्ता आधुनिक प्रविधि पनि सिकाइन्छ।

सावन्तले सरकार र निजी क्षेत्रको सहयोगमा सञ्चालन भइरहेको यो मोडेलले 'अत्यन्त वञ्चित बालबालिकालाई पनि समान अवसर दिन सक्ने' विश्वास व्यक्त गर्नुभयो। उहाँका अनुसार आजका यी बालबालिकाले प्रविधि र सीपमा पहुँच पाए भने भविष्यमा सामाजिक असमानता घटाउन सक्ने आधार तयार हुनेछ। रासस

# ह्वेल चिहानमा फस्टायो जीवन

रासस/एएफपी। हिन्द महासागरको गहिरो अन्धकारमय समुद्री गर्तमा लाखौँ वर्ष पुरानो ह्वेल चिहान फेलापरेको र त्यहाँ मृत ह्वेलका अवशेष वरिपरि आश्चर्यजनक रूपमा विविध समुद्री जीवहरूको समृद्ध समुदाय फस्टाइरहेको वैज्ञानिकहरूले बताएका छन्। अनुसन्धानकर्ताहरूका अनुसार यो अहिलेसम्म पत्ता लागेको सबैभन्दा गहिरो, सबैभन्दा पुरानो र सबैभन्दा विस्तृत ह्वेल चिहानमध्ये एक हो।



दक्षिणपूर्वी हिन्द महासागरको सतहबाट करिब २३ हजार फिट अर्थात् सात किलोमिटर गहिराइमा रहेको यस क्षेत्रमा जेलीफिस, ट्यूबवर्म, भङ्गुर तारा, समुद्री काकडी, स्क्वाट लोबस्टर, नुनिलो पानीका सिपलगायत थुप्रै जीवहरू बसोबास गरिरहेका छन्। वैज्ञानिकहरूका अनुसार यीमध्ये धेरै जीव सम्भावित रूपमा विज्ञानका लागि नयाँ प्रजाति हुन सक्छन्, जसको अहिलेसम्म कुनै अभिलेख छैन।

ह्वेल मरेपछि उसका विशाल शरीर समुद्रको पिँधमा पुग्छन् र त्यहाँ रहेका जीवहरूका लागि ती अवशेष दीर्घकालीन खाद्य स्रोत बन्छन्। यही प्रक्रियाले समयसँगै समुद्रको गहिराइमा जीवनले भरिएका विशेष पारिस्थितिक प्रणालीहरूको निर्माण गर्ने गर्दछ।

चिनियाँ विज्ञान प्रतिष्ठानअन्तर्गतको गहिरो समुद्र विज्ञान तथा इन्जिनियरिङ संस्थानका प्राणी तथा वनस्पति अनुसन्धानकर्ता जिकुन सङका अनुसार ह्वेलको विशाल आकार र त्यसका हड्डीमा पाइने विशेष रासायनिक संरचनाले यस्ता अद्वितीय पानीमुनिका बासस्थान निर्माण गर्न महत्त्वपूर्ण भूमिका खेल्छ। उहाँले गहिरो समुद्रको दुर्गम र कठिन वातावरणका कारण यस्ता स्थानहरू पत्ता लगाउन वैज्ञानिकहरूलाई अत्यन्त कठिन हुने बताउनुभयो।

अनुसन्धान टोलीले सन् २०२३ मा सञ्चालन गरिएका गहिरो समुद्री पनडुब्बी अभियानका क्रममा यस क्षेत्रको विस्तृत अध्ययन गरेको थियो। अध्ययनका क्रममा नमूना सङ्कलन गर्नुका साथै ह्वेल चिहानको फैलावटको नक्साङ्कन पनि गरिएको थियो। टोलीले बलेन ह्वेल र अन्य प्रजातिका ह्वेलका खोपडीसहित पाँचवटा शवस्थल तथा जीवाश्म अवशेष फेला पारेको जनाएको छ। तीमध्ये सबैभन्दा पुरानो हड्डी करिब ५३ लाख वर्ष पुरानो रहेको अनुमान गरिएको छ।

बुधबार वैज्ञानिक जर्नल नेचरमा प्रकाशित अध्ययनअनुसार ह्वेलका हड्डी र अवशेषमाथि निर्भर असंख्य जीवहरूले त्यहाँ स्थायी बासस्थान बनाएका छन्। अनुसन्धानमा संलग्न नभएका अमेरिकाको मेरिल्यान्डस्थित क्याल्भर्ट मरीन म्युजियमका जीवाश्मविद् स्टिफन गोडफ्रेले सम्भावित नयाँ प्रजातिहरूको संख्या अत्यन्तै उल्लेखनीय रहेको बताउनुभयो।

वैज्ञानिकहरूका अनुसार लाखौँ वर्षसम्म हड्डीहरू सुरक्षित रहनुका पछाडि विभिन्न प्राकृतिक कारण छन्। ती हड्डीहरू अत्यन्त घना भएकाले हड्डी खाने समुद्री किराहरूबाट जोगिएका थिए। साथै समुद्रको गहिरो भागमा रहेको अवस्थाले तिनलाई क्षरणबाट बचाएको थियो।


## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय गरुडा, रौतहटको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८३/०२/२९ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक
दोस्रो पटक प्रकाशित मिति : २०८२/०९/१८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक
प्रथम पटक प्रकाशित मिति : २०८२/०२/०६ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८१/०२/१६ को अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी/धितोदाताहरुले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुलाई तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरी मिति २०८२/०२/०६ मा जनकपुर टुडे र मिति २०८२/०९/१८ मा नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गर्दा कसैको पनि बोलपत्र प्राप्त हुन नआएकोले पुनः तेश्रो पटक यो १५ दिने यो सूचना प्रकाशित गरिएको छ। अतः तोकिएको समयावधिभित्र इच्छुक महानुभावहरुलाई तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन अनुरोध गर्दछौं।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ।

**तपसिल**

| **ऋणीको विवरण** | |
|---|---|
| लाखपत चौधरीको नाति, सुखल चौधरीको छोरा, रौतहट जिल्ला, डुमरिया (म) गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. १० बस्ने **भैरव चौधरी** (ना.प्र.नं. २६१०, जारी मिति २०४१/०८/१३, जि.प्र.का. रौतहट)। | |
| **व्यक्तिगत जमानीकर्ताको विवरण** | |
| १. लाखपत चौधरीको नाति, सुखल चौधरीको छोरा, रौतहट जिल्ला, डुमरिया गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. १० बस्ने **हरी नारायण चौधरी** (ना.प्र.नं. ४१८, जारी मिति २०४४/११/३, जि.प्र.का. रौतहट)। | २. सुखल चौधरीको नाति, हरी नारायण चौधरीको छोरा, रौतहट जिल्ला, डुमरिया (म) गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. १० बस्ने **सञ्जय कुमार चौधरी** (ना.प्र.नं. ३२२०८२/५३७६, जारी मिति २०६७/१२/२८, जि.प्र.का. रौतहट)। |
| ३. सुखल चौधरीको नाति, भैरव चौधरीको छोरा, रौतहट जिल्ला, डुमरिया (म) गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. १० बस्ने **सरोज कुमार चौधरी** (ना.प्र.नं. ३२२०८२/३८५, जारी मिति २०६९/०१/२६, जि.प्र.का. रौतहट)। | ४. सुखल चौधरीको बुहारी, हरी नारायण चौधरीको पत्नी, रौतहट जिल्ला, डुमरिया (म) गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. १० बस्ने **सुखली देवी चौधरी** (ना.प्र.नं. ३०४५, जारी मिति २०६२/०३/१४, जि.प्र.का. रौतहट)। |
| ५. सुखल चौधरीको बुहारी, भैरव चौधरीको पत्नी, रौतहट जिल्ला, डुमरिया (म) गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. १० बस्ने **वसन्ती देवी चौधरी** (ना.प्र.नं. ३२३७६२, जारी मिति २०४६/०३/१८, जि.प्र.का. रौतहट)। | |
| **धितोको विवरण** | |
| भैरव चौधरी (ना.प्र.नं. २६१०, जारी मिति २०४१/०८/१३, जि.प्र.का. रौतहट) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रौतहट जिल्ला, डुमरिया (म) गा.वि.स./न.पा. वडा नं. ६ स्थित कि.नं. २८१/२६ र २८१/२७ को क्षेत्रफल क्रमशः ०-१-१७-८ र ०-०-१६ (बिघा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत। | |

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८३/०३/१२ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय गरुडा, रौतहटमा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८३/०३/१३ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय गरुडा, रौतहटमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट बोलपत्र खोलिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै वा अन्य वित्तिय माध्यम मार्फत तोकिएको खातामा जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिकृत कर्जा असुली विभाग तथा शाखा कार्यालय गरुडा, रौतहटमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

Siddhartha Bank
शाखा कार्यालय : गरुडा, रौतहट
फोन नं. ०५५-५६५४३५
Website : www.siddharthabank.com

# 'राइड सेयरिङ' व्यवसायका लागि कानुन बन्दै, व्यावहारिक बनाउन सुझाव

काठमाण्डु । पछिल्लो एक दशकयता 'राइड सेयरिङ' व्यवसाय नेपालमा रोजगारी र उद्यमशीलताको महत्वपूर्ण माध्यम बनेको छ। डिजिटल प्रविधिमा आधारित यस सेवाले लाखौं युवाको आम्दानीको माध्यम बन्नुका साथै सर्वसाधारणलाई सहज, सुलभ र छिटो यातायात सेवा दिँदै आएको छ।

राइड सेयरिङ कम्पनीको उदय र विस्तारले 'गिग' अर्थतन्त्रको नयाँ आयाम सिर्जना गरेको छ भने लगानी, नवप्रवर्तन र डिजिटल सेवाको विकासलाई टेवा पुगेको छ। तर पछिल्लो समय गिग अर्थतन्त्रको प्रमुख आधारमध्ये मानिएको राइड सेयरिङ व्यवसायमा सङ्कुचन आउने हो कि भन्ने आशंक्षा सरोकार भएकाहरूले व्यक्त गर्न थालेका छन्।

नेपालमा गिग अर्थतन्त्रको सुरुआत सन् २०१० तिर फूडमाण्डुमार्फत भएको पाइन्छ। पछि इ-सेवा र खल्तीजस्ता प्लेटफर्मले पनि यसमा सहयोग गरेका गरे । तर, यसको विस्तार अहिले राइड सेयरिङमार्फत भयो । टुटल र पठाओले गिग अर्थतन्त्रको विस्तारमा ठूलो योगदान दिए। सार्वजनिक यातायात सहज नभएको र सवारी खरिद गर्न नसक्नेका लागि राइड सेयरिङ यातायातको प्रभावकारी र सशक्त माध्यम बन्यो । जानकारहरूका अनुसार हाल दैनिक १० लाखभन्दा बढी उपभोक्ताले यो सेवा लिइरहेका छन्।

विशेषगरी कोरोना महामारीपछि यसको विस्तार नेपालमा मात्रै होइन विश्वका अधिकांश मुलुकमा भइरहेको छ । गिग अर्थतन्त्रले नेपाली युवा तथा सीमान्तकृत समुदायलाई श्रमबजारमा समेट्ने प्रयास गरेको देखिन्छ। साथै यसले सन्तुलित श्रमबजार निर्माणमा पनि सहयोग गर्दै आएको छ। नेपाल बिजनेश फोरमको सन् २०२४ को अध्ययन प्रतिवेदनअनुसार नेपालको कुल गार्हस्थ्य उत्पादनमा गिग अर्थतन्त्रको योगदान सात प्रतिशत छ।

नेपालमा सेवा सुरु भएको झण्डै १० वर्षपछि कानुन निर्माण थालनी हुँदा त्यसमा भएका कतिपय व्यवस्था भने सरोकार भएकाहरूले व्यावहारिक नभएको बताएका छन् । राइड सेयरिङ व्यवसायलाई व्यवस्थित गर्ने उद्देश्यले सरकारले गत वैशाखमा सार्वजनिक गरेको ' डिजिटल मोबिलिटी सेवा सञ्चालनसम्बन्धी मापदण्ड, २०८२ (मस्यौदा)' सार्वजनिक गरेको छ। जसमा भएका कतिपय व्यवस्था व्यावहारिक बनाउनुपर्ने उनीहरूको बुझाइ छ।

राइड सेयरिङ कम्पनी टुटल नेपालका संस्थापक शिक्षित भट्टले व्यवसाय सुरु भएको एक दशकपछि कानुन निर्माणले सरोकार भएका



सबैलाई सहज बनाएको बताउनुभयो। कुनै समय यो व्यवसाय सञ्चालन हुनुपर्छ वा हुनुपर्दैन भन्ने बहसदेखि चालकलाई पक्राउ गर्ने समय हुँदै आज कानुन निर्माण गरी व्यवस्थित गर्ने प्रक्रिया सकारात्मक भएको उल्लेख गर्दै उहाँले कानुन निर्माण गर्दा व्यावहारिक पक्षलाई जोड दिनुपर्ने सुझाव दिनुभयो।

टुटलका संस्थापक भट्टले मस्यौदामा उल्लेख भएका विषय, चालकलाई पोसाक अनिवार्यलगायत व्यवस्था सकारात्मक पहल भएपनि कार्यान्वयनमा कठिनाइ हुनसक्ने बताउनुभयो । "यो व्यवसाय कामकाजी मानिस 'पार्टटाइम'मा काम गर्न सकुन् भन्ने अवधारणामा विकास भएको हो । तत्कालीन समयमा हाम्रो सोच पनि त्यही थियो, त्यसैले सबैलाई पोसाक अनिवार्य गर्ने व्यवस्थाले पार्टटाइम काम गर्नेहरू यसमा नसमेटिन सक्ने अवस्था आउनसक्छ", उहाँले भन्नुभयो।

याङ्गो राइड नेपालका 'कन्ट्री म्यानेजर' सन्तोष पाण्डेले राइड सेयरिङ व्यवसायले गिग अर्थतन्त्रको आकार ठूलो बनाएको र हजारौं युवा यसमा आबद्ध भएकाले यसको मर्मअनुसार कानुन निर्माण हुनुपर्नेमा जोड दिनुभयो । मस्यौदामा भएको अनिवार्य पोसाकलगायत व्यवस्थाले यसमा आबद्ध ठूलो सङ्ख्यामा युवा कामविहीन हुने अवस्था आउने उहाँको दाबी छ।

"राइड सेयरिङमा अहिले ७० प्रतिशतभन्दा बढी चालक आंशिक रूपमा काम गरिरहनुभएको छ। यसमा करिब दुई लाखभन्दा बढी चालक आबद्ध हुनुहुन्छ । यदि पोसाक अनिवार्य गर्ने हो भने उहाँहरू यसबाट विमुख हुने अवस्था आउँछ", पाण्डेले भन्नुभयो । राइड सेयरिङमा अहिले सरकारी कर्मचारीदेखि विभिन्न पेसा व्यवसायमा संलग्न हुनेहरू पनि आंशिक रूपमा आवद्ध भइरहनुभएको भन्दै उहाँले यस्तो सङ्ख्या ७० प्रतिशतभन्दा बढी रहेको जानकारी दिनुभयो।

"उहाँहरूले औसतमा दैनिक दुईदेखि चार वटामात्रै राइड गर्नुहुन्छ। यदि पोसाक अनिवार्य भएका अवस्थामा उहाँहरूले काम छाड्नुपर्ने अवस्था आउँछ, त्यसैले यो व्यावहारिक हुन सक्दैछ", पाण्डेले भन्नुभयो।

सरोकार भएकाहरू सेवाप्रदायकले प्राप्त भाडादरको अधिकतम १० प्रतिशत मात्रै राख्न पाउने व्यवस्था अव्यावहारिक भएको बताउँदै आएका छन् । मस्यौदामा यो 'क्याप'ले स्वदेशी र विदेशी दुवै लगानीकर्तालाई निरुत्साहित गर्ने उहाहरूको तर्क छ। डिजिटल प्लेटफर्म र स्टार्टअपलाई प्रारम्भिक अवस्थामा ठूलो लगानी आवश्यक हुन्छ, यस्तोमा कमिसनमा क्याप लगाइदिँदा लगानीमा प्रतिफल प्राप्त गर्ने समय लामो हुनसक्ने सरोकार भएकाहरूको दाबी छ।

पठाओ नेपालका प्रमुख कार्यकारी अधिकृत यशु थकालीले भन्नुभयो, "मस्यौदामा भएका कतिपय व्यवस्थाले नियामकले व्यवसायमा नियन्त्रण गर्ने प्रयास देखिन्छ, जुन उदार बजार अर्थतन्त्रमा सुहाउँदो होइन । तर जसरी राइडर र चालकको सुरक्षा, बिमा, डेटा सुरक्षालगायत विषयमा भएका व्यवस्था भने उपयुक्त छन् ।" विश्वका अन्य बजारमा पनि राइड सेयरिङ व्यवसायमा कमिसनमा भने कुनै क्याप नलगाइएको उहाँले दाबी गर्नुभयो।

खुला बजार अर्थतन्त्रमा मूल्य र कमिसनको निर्धारण बजार प्रतिस्पर्धाले गर्नुपर्ने थकालीको बुझाइ छ। नियामकले व्यवसाय कसरी सञ्चालन गर्ने भन्ने निर्देशन दिन नहुने उहाँको तर्क छ।

> "कानुन सधैँभरिका लागि आउने होइन, कानुन आएपछि हामी अव्यावहारिक विषयमा संशोधन गर्न सक्छौँ, तर पहिले कानुन कार्यान्वयनमा आउन जरुरी छ"

हाल कम्पनीहरु आफू अनुकूल 'कमिसन' शुल्क लिइरहेका छन् । उदाहरणका लागि सबैभन्दा बढी पठाओ नेपालले अधिकतम २० प्रतिशतसम्म कमिसन लिइरहेको छ भने इन्ड्राभले १० प्रतिशत कमिसन लिइरहेको छ। साथै याङ्गो राइड नेपाल र उबर 'ट्याक्सीमाण्डु'ले भने कमिसनविना काम गरिरहेका छन्।

सरकारले दुईपाङ्ग्रे र चारपाङ्ग्रे सवारीको हकमा मस्यौदामा उल्लेख गरेको भाडादर पनि न्यून भएको पठाओ नेपालका प्रमुख कार्यकारी अधिकृत थकालीले बताउनुभयो। पछिल्लो समय बढ्दो इन्धनको मूल्य, महँगीलगायत कारण पनि सरकारले मस्यौदामा समावेश गरेको दर न्यून भएको उहाँको बुझाइ छ।

उहाँले भन्नुभयो, "गण्डकी प्रदेश सरकारले यसअघि सुरुआती भाडा रु ६० र दुई किलोमिटरको भाडा रु ९७ हुने गरी न्यूनतम रु १५७ तिर्नुपर्ने व्यवस्था गरिएको थियो। त्यसपछि प्रतिकिलोमिटर रु ४८ दशमलव ५० भाडा तोकिएको थियो। त्यसैले अहिले त्यसभन्दा कम भाडादर उल्लेख गरिएको छ, जुन व्यवहारिक हुँदैन कि भन्ने लागेको छ।"

अधिकृत थकालीले 'सर्जचार्ज'का विषयमा उल्लेख शुल्क पनि व्यावहारिक नभएको दाबी गर्नुभयो । "यो व्यवसाय माग र आपूर्तिका आधारमा चल्ने भएकाले यसले चालक र यात्रु दुवैलाई फाइदा पुग्छ। तर निश्चित सीमा तोकिदिने हो भने यसले दुवैलाई फाइदा गर्दैन", उहाँले भन्नुभयो।

मस्यौदामा रात्रिकालीन सेवा, वातावरणीय प्रतिकूलता, खाली बस्नुपर्ने समयसमेतको व्यवस्थापनका लागि सेवाप्रदायकले निर्धारित शुल्कमा अधिकतम २० प्रतिशत मात्रै भाडा लिन पाउने विषय पनि अहिले भइरहेको व्यवस्थाभन्दा कम भएको अधिकृत थकालीले बताउनुभयो । यसले रात्रिकालीन र वातावरणीय प्रतिकूलताको समयमा चालकलाई सेवा दिनका लागि आकर्षण नगर्ने भएकाले यो व्यवस्थामा पनि लचकता अपनाउनुपर्नेमा उहाँले जोड दिनुभयो।

राइड सेयरिङ कम्पनी ट्याक्सीमाण्डुका सञ्चालक अर्जुन केसीले भने अहिले कानुन आउनु उपलब्धिमूलक विषय भएको बताउनुभयो । ट्याक्सीमाण्डुले हाल रणनीतिक साझेदारका रूपमा अमेरिकी कम्पनी उबरलाई नेपाल भित्र्याएको छ। हालसम्म चारपाङ्ग्रे सवारीमा मात्र सीमित ट्याक्सीमाण्डु उबरको प्रवेशपछि दुईपाङ्ग्रेमा पनि प्रवेश गरेको छ।

लामो समय ठोस् कानुनविना सञ्चालन भएको समयमा सरकारले आगामी आर्थिक वर्षको बजेटबाट राइड सेयरिङ सेवामा पाँच प्रतिशत मूल्य अभिवृद्धि कर लगाउने निर्णय हुनु पनि यो क्षेत्र कानुनी दायरामा आउने आधार बनेको उहाँको बुझाइ छ।

"झण्डै एक दशकदेखि यो व्यवसाय ठोस कानुनविना सञ्चालन भइरहेको थियो। ढिलोगरी भए पनि जसरी यसलाई नियमन गर्नेगरी कानुन निर्माण हुँदैछ, त्यो हाम्रा लागि उपलब्धिको विषय हो", उहाँले भन्नुभयो। यद्यपि मस्यौदामा भएका केही प्रावधानका विषयमा असहमति भए पनि कानुन निर्माणपछि संशोधन गर्न सकिने उहाँको तर्क छ। "कानुन सधैँभरिका लागि आउने होइन, कानुन आएपछि हामी अव्यावहारिक विषयमा संशोधन गर्न सक्छौँ, तर पहिले कानुन कार्यान्वयनमा आउन जरुरी छ", उहाँले भन्नुभयो।

ट्याक्सीमाण्डुका सञ्चालक केसीका अनुसार कानुन कार्यान्वयनमा आएपछि कानुनले नसमेटेका विषय पनि संशोधन गरी समेट्नुपर्ने हुन्छ। "उदाहरणका लागि अहिले राइड सेयरिङ गर्ने चालकले आफ्नै सवारी प्रयोग गरिरहेका छन् । सेवाप्रदायकले सवारी दिने चलन छैन । रासस

## 'होल्डिङ सेन्टर'का नागरिकको निःशुल्क बीमा

काठमाण्डु । सरकारले काठमाण्डु उपत्यकाका भूमिहीन तथा अव्यवस्थित बसोबासका नागरिकलाई दुर्घटना बिमा, स्वास्थ्य बिमा र जीवन बिमा सेवा प्रदान गर्ने तयारी तीव्र पारेको छ।

सरकारले तोकेको 'होल्डिङ सेन्टर' मा आश्रय लिइरहेका परिवारलाई बीमा कार्यक्रममा आबद्ध गराउन आवश्यक कार्यविधि निर्माणको तयारी भइरहेको प्रधानमन्त्री वालेन्द्र शाहका स्वकीय उपसचिव प्रकृति ढकालले जानकारी दिनुभयो। प्रधानमन्त्री कार्यालयको सहजीकरणमा पूर्वाधार विकास मन्त्रालयले भूमिहीन तथा अव्यवस्थित बसोबासका नागरिकलाई सामूहिक तथा व्यक्तिगत दुर्घटना बिमाका साथै बालबालिकाका लागि बाल शैक्षिक योजनाको सुविधा उपलब्ध गराउने योजना बनाएको छ।

त्यसका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, पूर्वाधार विकास मन्त्रालय र भूमि व्यवस्था, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, नेपाल बिमा प्राधिकरण, राष्ट्रिय बिमा कम्पनी, राष्ट्रिय जीवन बिमा कम्पनी लिमिटेड, स्वास्थ्य बिमा बोर्ड, नेपाल राष्ट्र बैंकले आवश्यक तयारी गर्न तीव्रता दिएको छ।

नेपाल बीमा प्राधिकरणका निर्देशक निर्मल अधिकारीका अनुसार कार्यविधिले जीवन, निर्जीवन (दुर्घटना) र स्वास्थ्य बिमामा होल्डिङ सेन्टरमा रहेका नागरिकलाई कसरी समावेश गर्ने तथा दाबी भुक्तानी कसरी स्पष्ट रूपमा गर्नेलगायत 'मेकानिजम' तय गर्नेछ।

हाल काठमाडौं उपत्यकाभित्रका विभिन्न ६ होल्डिङ सेन्टरमा करिब एक हजार ४८८ जना आश्रय लिदै आएका छन। सोमध्ये ९५ प्रतिशतभन्दा बढीको डिजिटल लगत सङ्कलन भइसकेको छ। बाँकी रहेका झण्डै पाँच प्रतिशतको पनि विवरण समेटेर सरकारले उपलब्ध गराएको पहिचान कार्ड वा अन्य कुनै आधिकारिक माध्यमबाट पहिचान गरी बिमा प्रक्रियामा सहजीकरण गरिनेछ।रासस

## धार्मिक पर्यटनको गन्तव्य बन्दै भुवनेश्वर महादेव मन्दिर



बागमती। काठमाण्डुस्थित पशुपतिनाथ कै झल्को दिने मकवानपुर जिल्ला हेटौंडा उपमहानगरपालिका-४ मा रहेको भुवनेश्वर महादेव मन्दिर क्षेत्रलाई यहाँको प्रमुख धार्मिक पर्यटकीय तीर्थस्थलका रुपमा अघि बढाइएको छ।

पशुपतिनाथ मन्दिरकै स्वरुपमा निर्माण गरिएको १० कठ्ठा सात धुर क्षेत्रफलको मन्दिर परिसरमा नवग्रहदेखि हनुमान, सरस्वतीलगायतका देवीदेवताका मूर्तिहरूसँगै अतिथि गृहसमेत छ।

विसं २०४२ मा निर्माण गरिएको उक्त मन्दिरमा पशुपतिनाथको जस्तै पूजाविधि तथा परम्परा रहेको मन्दिरका पूजारी पवन घिमिरेले जानकारी दिनुभयो। उहाँका अनुसार मन्दिरमा दर्शनार्थीलाई पशुपतिमा जस्तै भित्र मूर्तिसम्म नपुगी मूल प्रवेशद्वार बाहिरबाट नै पूजाआजा गर्ने व्यवस्था मिलाइएको छ।

मन्दिरमा सामान्य हरेक दिन नै भक्तजन आउने गरेको बताउँदै उहाँले शिवरात्री लगायतका विशेष तिथि र पर्वमा भने एकै दिनमा २० हजारभन्दा बढी भक्तजन आउने गरेको जानकारी दिनुभयो।

भक्तजनको सुरक्षालाई दृष्टिगत गर्दै मूल मन्दिरको बरण्डामा दीप तथा धुप प्रज्वलन गर्ने विगतको व्यवस्थालाई परिवर्तन गरी मन्दिरको पश्चिम दक्षिण भागमा व्यवस्था मिलाइएको छ।

विशेष पर्वका दिनमा भक्तजनको सुविधाका लागि मन्दिर प्रवेश गर्न पश्चिमद्वार र बहिर्गमनका लागि पूर्वीद्वार खुला राख्ने व्यवस्था मिलाइएको छ। अन्य दिनका हकमा भने पूर्वीद्वार आवश्यकताअनुसार मात्र खोल्ने गरिएको छ।

मन्दिर विशेष पर्वका दिनमा आवश्यकताअनुसार खुल्ने भए पनि मङ्सिर, पुस र माघ महिनामा बिहान ५.०० बजे देखि १० बजेसम्म खुल्ने तथा बेलुका ४.०० बजेदेखि ६.०० बजेसम्म खुल्ने व्यवस्था मिलाइएको छ।

यी तीन महिनाबाहेक अन्य महिनामा बिहान ४:०० बजेदेखि १० बजेसम्म र बेलुका ५:३० बजेदेखि ७:०० बजेसम्म खुल्ने व्यवस्था मिलाइएको छ।

भक्तजनबाट सङ्कलित भेटी र मन्दिर परिसरमा रहेका सटरको भाडा नै यहाँको दीगो सञ्चालनको प्रमुख स्रोत भएका कारण परिसरको उपयोगसँगै विशेष पूजाआजाका लागि सेवा शुल्क निर्धारण गरिएको छ।

समितिले मन्दिर परिसरको संरचना एवं पूर्वाधार उपयोगअन्तर्गत खुला चौर (पूर्व र दक्षिण) ५००, भजन कृतन हल रु एक हजार, यज्ञ मण्डप रु एक हजार ५००, अन्य सानो काठो ५००, विशेष पूजा एवं लघु रुद्री गर्न चाहेमा दुई हजार १११, लाखबत्ती बाल्न, पास्नी तथा स्वयम्वरका लागि रु एक हजार १११ जस्ता शुल्क निर्धारण गरिएको छ।

मन्दिर परिसरलाई व्यवस्थित बनाउन भूवनेश्वर सेवा समितिले २०६८ सालयता विभिन्न ११ बुँदे नागरिक बडापत्र टाँसेको छ।

भौतिक पूर्वाधार विकासका माध्यमबाट टाढाटाढाबाट आउने दर्शनीलाई सहयोग पुऱ्याउने लक्ष्यका साथ आवासको व्यवस्था गरिएको छ। रासस


## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. शाखा कार्यालय सिरहाको २१ दिने सूचना

सूचना प्रकाशित मिति : २०८३/०२/२९ गते

यस बैंकको तपसिलका कार्यालयहरुबाट तपसिल बमोजिमका व्यक्तिहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली विनियमावली तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं। साथै तपसिल बमोजिमका व्यक्तिहरुलाई बैंकबाट कर्जा लिन मञ्जूरीनामा दिनेहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ।

**सम्बन्धित कार्यालयको नाम :कृ.बि.बैंक लि. शाखा कार्यालय, सिरहा**

| क्र.सं. | नाम | पिता/पतिको नाम | बाजे/ससुराको नाम | ठेगाना | आइ.डि.नं. | मिसिल नं. | उद्देश्य | साँवा | २०८२ जेठ २५ सम्मको ब्याज | जम्मा तिर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सुलभ यकिकृत कृषि फर्म (प्रो राजाराम यादव) | कखन यादव | बिहारी यादव | अर्नामा ०३, हरकट्टा | १९१९१६१ | ७३७० | सहुलियत कर्जा | ६१७,९१३.५२ | ११७,३३८.०८ | ७३५,२५१.६० |
| २ | राम शंकर पशु पालन केन्द्र (प्रो इन्दिला देवी यादव) | जीवाच्छ यादव | | अर्नामा ०४, लक्ष्मीपुर | १५२२३३६ | ९८८५ | सहुलियत कर्जा | ५००,०००.०० | ८,९२२.७२ | ५०८,९२२.७२ |
| ३ | श्री बाल्की मेमोरियल एकेडेमी (प्रो राधेश्याम यादव) | गंगा प्रसाद यादव | बालकी यादव | थलाहा कटाहा | ८४०१२४ | ७८८३ | शैक्षिक कर्जा | ६,२६६,०३५.५४ | ३६५,४९३.१३ | ६,६३१,५२८.६७ |
| ४ | गोहिवार पशुपञ्ची पालन तथा कृषि फर्म (प्रो मञ्जु देवी गोहिवार) | महादेव गोहिवार | बासुदेव गुरमैता | सिराहा-५, सिराहा | ५२०४४०३ | ९६६१ | सहुलियत कर्जा | २,३८०,१००.८४ | २७,६५२.५५ | २,४०७,७५३.३९ |
| ५ | यादव कृषि तथा पशुपालन फर्म (प्रो प्रभा देवी यादव) | रसिन्द्र यादव | पाण्डब चोरवार | सिरहा-१८, सिरहा | ५२१५३३८ | १११३५ | सहुलियत कर्जा | २,३६१,२६४.८४ | २८,०३७.२३ | २,३८९,३०२.०७ |
| ६ | विनोद कुमार यादव | रामप्रसाद यादव | घुन यादव | राजपुर-०३, सिरहा | ५०३७१२४ | १०९२१ | सरल कृषि कर्जा | १,०२३,६५६.०२ | २९,४०४.६९ | १,०५३,०६०.७१ |
| ७ | शुशीला देवी यादवनी | सियाल यादव | | सिराहा २, सिराहा | ८३९१३६ | ५४६६ | सरल कृषि कर्जा | १,००३,५५६.५६ | २६,४४६.८८ | १,०३०,००३.४४ |
| ८ | सिद्धु माछा तथा कृषि फर्म (प्रो रिंकु कुमारी) | सुरेश कुमार यादव | उपेन्द्र कुसियात | बिष्णुपुर ०३ | ५२००४७८ | ११०३७ | माछा पालन कर्जा | ५,५९८,३१७.२१ | १०२,१०७.२१ | ५,७००,४२४.४२ |
| ९ | कृष्ण निर्माण सेवा (प्रो श्री कृष्ण यादव) | सीता राम सदन यादव | | सिराहा ०९ | ८४०२१९ | ७९३३ | सरल ठेका कर्जा | ३,६००,०००.०० | १६५,६८१.९८ | ३,७६५,६८१.९८ |
| १० | कुशेश्वर धुरझर | नथुनी घुजर | पलट धुरझर | सिराहा-८, सिराहा | ८३९१०९ | २८४७ | घरायसी कर्जा | १,०००,०००.०० | ४०,०८७.९९ | १,०४०,०८७.९९ |
| ११ | पार्वती देवी यादव | मसिफा यादव | बाथु यादव | अर्नामा ०४ | ५३२६१२८ | ११२१४ | सरल कृषि कर्जा | १,०००,०००.०० | २६,३३९.०९ | १,०२६,३३९.०९ |
| १२ | राज कुमारी यादवनी | रामप्रसाद यादव | भुला यादव | अर्नामा ०५, कृष्णपुर | ८३९४८२ | ६७७० | सरल कृषि कर्जा | १,५००,०००.०० | ३५,५१८.३१ | १,५३५,५१८.३१ |
| १३ | अनिता पास्मान | लाटु कामती | चुल्हाई कामती | हनुमाननगर ७, सिरहा | ८३९८११ | ७६९४ | सरल कृषि कर्जा | १,०००,०००.०० | २३,९००.७४ | १,०२३,९००.७४ |
| १४ | निर्मला देवी यादव | अनुरुद्ध गोइट | परासी गोइट | बलहासधारा ०१ मैसोठा | ८३९१०० | ७४८६ | घरायसी कर्जा | ५००,०००.०० | १५,२००.०८ | ५१५,२००.०८ |
| १५ | समरी देवी यादव | श्री राम यादव | बिहारी यादव | राजपुर ०२ | १२२४१८९ | ४३१० | सरल कृषि कर्जा | १,०००,०००.०० | ३७,४०२.२३ | १,०३७,४०२.२३ |
| १६ | सितल देव कुमार महतो | राम आसिस महतो | तुनाई महातो कोइरी | अर्नामा ०३, अर्नामा | १७६६०६६ | १०३३४ | सरल कृषि कर्जा | ५००,०००.०० | १८,३०६.२९ | ५१८,३०६.२९ |
| १७ | बालेश्वर मण्डल | सुभ मण्डल | बाबुजी मण्डल | हकपारा १ | ८३९९९० | ७८१२ | ओ डी कर्जा | ४००,०००.०० | १२,९५४.२३ | ४१२,९५४.२३ |
| १८ | राम जतन यादव | थाकन यादव | नाथुनी यादव | मिर्चैया नगरपालिका १० | ५४०४११८ | ११२६० | सरल कृषि कर्जा | १,७९७,९७२.५९ | ९,०५३.९० | १,८०७,०२६.४९ |
| १९ | मानकी देवी | बेचन हजारा | प्रभु चौवार | सिराहा ८, सिराहा | ८३९३५२ | ६५८३ | घरायसी कर्जा | ५५०,०००.०० | १४,५५८.७२ | ५६४,५५८.७२ |
| २० | असलन बाटी यादवनी | हिया यादव | बाउकु यादव | पिपारा ३ सिराहा | ८४१०७१ | ६४७१ | घरायसी कर्जा | १,०००,०००.०० | २६,३४९.४७ | १,०२६,३४९.४७ |
| २१ | सुगदेव महतो | कुन कुन महतो | भगवान दत्ता महतो | अर्नामा ०८, गौरीपुर | १३३७३०४ | ७२८९ | घरायसी कर्जा | ३००,०००.०० | ५,८४१.६७ | ३०५,८४१.६७ |
| २२ | चण्डेश्वर यादव | ज्ञानचन यादव | मिही यादव | बिष्णुपुर गा पिए ०५ | ३०४०९०८ | १११३७ | सरल कृषि कर्जा | ६००,०००.०० | ११,८६७.८३ | ६११,८६७.८३ |
| २३ | पी.आर. कृषि तथा पशु पञ्ची फर्म (प्रो राजपति साह) | नुजु साह | बाल गोविन्द शाह | पिप्रा प्रा पाई ६ | ८४०७१३ | ९३०३ | सहुलियत कर्जा | २,५९४,८५९.०६ | ८३,३१२.४९ | २,६७८,१७१.५५ |
| २४ | गजतरेन | सुरेन्द्र प्रसाद यादव | बिलात नारायण यादव | अर्नामा ०७, अर्नामा | ८४०५७५ | ९२०८ | व्यापार कर्जा | ८००,०००.०० | २७,००३.८१ | ८२७,००३.८१ |
| २५ | पबिटर यादव | बासुदेव यादव | | लक्ष्मीपुर पीआर एम ७ | ८४०१६७ | ७९०७ | सरल कृषि कर्जा | २००,०००.०० | ५,२०९.४२ | २०५,२०९.४२ |
| २६ | राम दयाल यादव | बावेला लाल यादव | अच्छेबर यादव | सिरहा ना पीए ०९ | १९८४११० | १०८१५ | सरल कृषि कर्जा | ४,५००,०००.०० | १२९,३६८.१४ | ४,६२९,३६८.१४ |
| २७ | तपेश्वर यादव | राम नन्द | घुरन यादव | राजपुर २, सिरहा | ८३९३०३ | ३९८८ | घरायसी कर्जा | ६००,०००.०० | १३,१८७.९९ | ६१३,१८७.९९ |

कृषि विकास बैंक लि.
मधेश प्रदेश कार्यालय, जनकपुर

# प्रधानमन्त्री कार्यालयको काम हेर्ने जिम्मेवारी सिंहलाई

**टुडे समाचारदाता**



जनकपुरधाम।प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र रक्षा मन्त्रालयको काम हेर्ने जिम्मेवारी प्रतिनिधि सभा सदस्य डा. अमरेश कुमार सिंहले पाएको छ।

संघीय संसद्को राज्य व्यवस्था तथा सुशासन समितिले सरकारका कामकारबाहीलाई थप पारदर्शी र प्रभावकारी बनाउन शक्तिशाली उपसमितिहरूको जालो तयार पर्न विभिन्न समितिहरु गठन गरेको छ।

बिहीबार समिति सभापति हरिक ढकालको नेतृत्वमा बसेको बैठकले मातहतका मन्त्रालय तथा संवैधानिक निकायहरूको निगरानीका लागि विभिन्न सात सदस्यीय उपसमितिहरू गठन गर्ने निर्णय गरेको हो । यस निर्णयसँगै अब हरेक मन्त्रालय र निकायका कार्यसम्पादनमाथि संसदीय निगरानी थप कसिलो हुने देखिएको छ।

गठित उपसमितिहरूमध्ये सबैभन्दा महत्वपूर्ण मानिएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र रक्षा मन्त्रालयको जिम्मा सांसद डा. अमरेशकुमार सिंहलाई सुम्पिएको छ । त्यस्तै, गृह मन्त्रालयको अनुगमनका लागि दीपकराज बोहरा र भूमि व्यवस्था, सहकारी तथा संघीय मामिला एवं सामान्य प्रशासन मन्त्रालयका लागि कमल सुवेदीको नेतृत्वमा उपसमितिहरू क्रियाशील हुनेछन्। संवैधानिक निकायहरू-अख्तियार दुरुपयोग अनुसन्धान आयोग, निर्वाचन आयोग र लोक सेवा आयोगको कामकारबाही नियाल्ने जिम्मा भने सुरेन्द्र चौधरीलाई दिइएको छ।

समितिले मन्त्रालयगत निगरानी मात्र नभई संस्थागत सुदृढीकरणका लागि पनि विशेष टोली गठन गरेको छ । कमल सुवेदीको नेतृत्वमा ११ सदस्यीय कार्यविधि मस्यौदा तर्जुमा उपसमिति र श्रद्धा कुँवर क्षेत्रीको नेतृत्वमा उजुरी अध्ययन तथा सुझाव सिफारिस समिति गठन गरिएको छ।

यसका साथै, सभापति ढकालले अख्तियार र कारागार कार्यालयहरूको स्थलगत अनुगमनका लागि छुट्टै सात सदस्यीय टोली गठन गर्ने जिम्मेवारी पाएका छन्। सरकारका कामकारबाहीमाथि निरन्तर 'एक्सरे' गर्ने संसदीय यो रणनीतिले अब मन्त्रालयहरूको काममा ढिलासुस्ती र अनियमितता रोक्न महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ।

# अर्बौं लगानीको सडक जलमग्न

**टुडे समाचारदाता**

जनकपुरधाम । एशियाली विकास बैंक (एडीबी) को ऋण सहयोग र नेपाल सरकारको लगानीमा जनकपुरधाम उपमहानगरपालिकाभित्र निर्माण गरिएको सडक तथा ढल निकास प्रणालीको गुणस्तरमाथि फेरि प्रश्न उठेको छ।

करिब चार वर्षअघि एक अर्ब ९८ करोड रुपैयाँको लागतमा निर्माण सम्पन्न भएको सडक र ढल प्रणाली सामान्य वर्षामै प्रभावहीन देखिन थालेपछि नगरका विभिन्न क्षेत्र जलमग्न हुने समस्या दोहोरिन थालेको छ।

परियोजनाअन्तर्गत जनकपुरधाममा १३ किलोमिटर सडक तथा ३२ किलोमिटर ढल र नाला निर्माण गरिएको थियो। तर निर्माणकै क्रममा गुणस्तरहीन काम भएको भन्दै स्थानीयवासीले उठाएका प्रश्न अहिले व्यवहारमै पुष्टि हुँदै गएको देखिएको छ। ढल तथा नालाले प्रभावकारी रूपमा पानी निकास गर्न नसक्दा सामान्य वर्षापछि नै नगरका सडक, सरकारी कार्यालय परिसर र बस्तीहरूमा पानी जम्ने गरेको छ।

बिहीबार बिहान परेको सामान्य वर्षापछि जनकपुरधामका प्रमुख सडकहरू जलमग्न बनेका थिए। पानी निकास हुन नसक्दा जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, संघीय समन्वय प्रहरी कार्यालय, आन्तरिक राजस्व कार्यालय, जिल्ला हुलाक कार्यालय, डिभिजन वन कार्यालय, राष्ट्रिय समाचार समिति, प्रादेशिक अस्पताल तथा प्रदेश सरकारका विभिन्न मन्त्रालय परिसरमा समेत पानी जमेको थियो।



यस्तै वडा नम्बर १, २, ४, ७, ८, १०, ११ र १३ का मुख्य सडकहरू तथा स्थानीयवासीका घर-आँगनमा समेत पानी भरिएपछि दैनिक जनजीवन प्रभावित बनेको थियो।

वडा नम्बर ११ का स्थानीय प्रफुल्लराज घिमिरेका अनुसार एडीबीको ऋण सहयोगमा जडान गरिएका ढलका पाइपहरू समान मापदण्डअनुसार नबनाइएकाले विभिन्न स्थानमा सडक फुट्ने, ढल अवरुद्ध हुने र वर्षाको पानी निकास नपाएर सडक तथा बस्ती डुब्ने समस्या बढ्दै गएको छ।

वडा नम्बर ४ का रामईश्वर यादवले ढल तथा नालामा प्रयोग गरिएका हेमपाइपहरू मापदण्डविपरीत जडान गरिएको दाबी गरे । उनका अनुसार पाइपमुनि आवश्यक स्ल्याब नबनाई सिधै राखिएकाले सवारीसाधनको भार पर्दा पाइपको जोड छुट्ने, सडक भासिने र पानी निकास प्रणाली अवरुद्ध हुने समस्या देखिएको छ।

यादवले सडक निर्माणकै क्रममा हेमपाइप जडानको विषयमा पटक-पटक विवाद भएको स्मरण गर्दै नेपाल दूरसञ्चार कार्यालय अगाडि तत्कालीन मेयर लालकिशोर साहले समेत मापदण्ड अनुसार काम गर्न निर्माण कार्य रोक्न लगाएको बताए। तर पछि ठेकेदार कम्पनीले आन्दोलनरत पक्ष र तत्कालीन नेतृत्वलाई प्रभावमा पार्दै विवादित शैलीमै कामलाई निरन्तरता दिएको उनको आरोप छ।

सडक तथा ढल निर्माणमा कमजोरी भएको विषयमा विगतदेखि नै स्थानीय तहमा आवाज उठ्दै आएको छ। विभिन्न स्थानमा सडक भासिने र खाल्डाखुल्डी देखिएपछि उपमहानगरपालिकाले बालुवा र गिट्टी हालेर अस्थायी व्यवस्थापन गर्दै आएको छ।

जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज साहले समेत विगतमा निर्माण गरिएको सडक तथा ढल प्रणाली मापदण्डअनुसार नभएको स्वीकार गरेका छन्। उनका अनुसार पर्याप्त अध्ययन-अनुसन्धान बिना निर्माण गरिएका संरचनाका कारण अहिले पानी जम्ने, सडक भासिने तथा ठाउँ-ठाउँमा टुटफुट हुने समस्या बढेको हो।

प्राविधिक परीक्षणका क्रममा ढलमा जडान गरिएका हेमपाइप आवश्यक ढलान (स्लोप) अनुसार नराखिएको पाइएको मेयर साहले बताए। उनका अनुसार पाइप स्ल्याबमाथि राख्नुपर्नेमा सिधै माटोमा जडान गरिएकाले माटो भिजेपछि पाइप धसिने र त्यसको असर सडक संरचनामा देखिने गरेको छ। यसले पानी निकास प्रक्रियालाई समेत प्रभावित बनाएको छ।

मेयर साहका अनुसार अहिलेको अवस्थामा दीर्घकालीन समाधानका लागि अधिकांश सडक पुनः भत्काएर ढल प्रणाली पुनर्निर्माण गर्नुपर्ने अवस्था देखिएको छ। तर त्यसका लागि आवश्यक ठूलो बजेट उपमहानगरपालिकासँग उपलब्ध छैन । उनले नगरवासीलाई ढल तथा ड्रेनेजमा प्लास्टिक, कागज लगायतका फोहोर नफाल्न आग्रह गर्दै विद्यमान संरचनाको संरक्षणमा सहयोग गर्न अपिल गरेका छन्।

जनकपुरधाममा वर्षेनि दोहोरिने जलमग्नताको समस्या अब केवल प्राकृतिक कारणमा सीमित नरही निर्माण गुणस्तर, प्राविधिक कमजोरी र दीर्घकालीन योजना अभावसँग समेत जोडिएको विषयका रूपमा अगाडि आएको स्थानीयवासीको भनाइ छ।

२०६९ वैशाख २६ गते सम्झौता भएको उक्त सडक निर्माण कार्य जग्गा अधिग्रहणको विवादले वर्षौंसम्म अडेको थियो। २०७२ को निर्वाचनपछि लालकिशोर साह मेयरमा निर्वाचित भएपछि प्रहरी सहयोगमा बलप्रयोग गर्दै जग्गा अधिग्रहण गरिएपछि अन्ततः ९ वर्षपछि २०७८ सालमा निर्माण सम्पन्न भएको थियो।

चीनको जेडआइइसी र काठमाडौंस्थित शर्मा निर्माण कम्पनीले संयुक्त रुपमा ठेक्का पाएको काम जनकपुरकै रमण कन्स्ट्रक्सन कम्पनीले पेटी ठेक्कामा लिएको हो । सो परियोजनाको ल्याण्डफिल्ड साइट जग्गा विवादकै कारण सफल हुन सकेन्।

# आफ्नो राजनीतिक चरित्र हत्या गर्न फंसाइयो : हिरा

**टुडे समाचारदाता**

जनकपुरधाम । नेकपा एमालेका नेता शिवशंकर साह हिराले आफ्नो चरित्रहत्या गर्ने उद्देश्यले केही राजनीतिक दलका नेताहरुले प्रहरीको सहयोगमा फंसाउन खोजेको आरोप लगाएका छन्।

बालिका अपहरण, शरीर बन्धक तथा जबरजस्ती करणी मुद्दा अभियुक्त भनिएका नेता साह सहितका ६ जनाले अदालतबाट सफाई पाएपछि बिहीवार एक पत्रकार सम्मेलन आयोजना गरी भने आफ्नो राजनीतिक कैरियर समाप्त पार्ने उद्देश्यले आफ्नो चरित्र हत्या हुने गरी बालिका अपहरण, शरीर बन्धक तथा जबरजस्ती करणीमा फंसाउन खोजेको थियो । तर अदालतले सही फैसला गर्दा आफू न्याय पाएको छ।

पत्रकारहरुको जिज्ञासामा हिराले भने विगतमा आफूसँग चुनाव लडेका केही प्रतिष्पर्धी तथा आउँदो निर्वाचनमा आकांक्षी रहेका केही राजनीतिक दलका नेताहरुले




तात्कालिन प्रहरी उपरिक्षक रुम्म बहादुरलाई प्रभावमा पारेर आफूलाई यस्ता गम्भीर आरोपमा फंसाउन खाजेको थियो । तर उनीहरुको त्यो चाल सफल हुन सकेन।

हिराले अदालतको फैसलालाई सम्मान गर्दै अदालतले तथ्य, प्रमाण, बयान तथा अनुसन्धानका आधारमा निर्णय गरेको उल्लेख गर्दै आफू सुरुदेखि नै निर्दोष रहेको बताउँदै आएका कारण अन्ततः सत्यको विजय भएको दाबी गरे।

उनले भने 'ममाथि लगाइएका आरोप अत्यन्त गम्भीर थिए। ती आरोपका कारण मेरो राजनीतिक जीवन, सामाजिक प्रतिष्ठा र पारिवारिक जीवनमा ठूलो असर पर्न गएको थियो, तर, सम्मानित जिल्ला अदालतले सबै पक्षको अध्ययन गरी हामी सबैलाई सफाइ दिएको छ। यसले सत्यलाई स्थापित गरेको छ।'

जिल्ला अदालत धनुषाले शिवशंकर साह हिरासहित अमित ठाकुर, संजय महासेठ, मनोज साह, रामकुमार साह र रामबाबु झालाई आरोप पुष्टि हुने पर्याप्त प्रमाण नदेखिएको निष्कर्षसहित सफाइ दिएको थियो। घटनामा हिरा, ठाकुर र महासेठमाथि अपहरणको अभियोग लगाइएको थियो भने अन्य आरोपितमाथि जबरजस्ती करणीसम्बन्धी मुद्दा दायर गरिएको थियो।

उनले आफ्नो ऊर्जा अब जनताको सेवामा केन्द्रित गर्ने बताए । अदालतको फैसलापछि आफू अझ जिम्मेवार बनेको उल्लेख गर्दै राजनीतिक जीवनलाई थप सक्रिय बनाउने बताए। उनका अनुसार मुद्दाका क्रममा कथित पीडित बालिका तथा उनकी आमाले अदालतमा दिएको बयानले पनि अभियोगलाई पुष्टि नगरेको र अनुसन्धानबाट समेत आरोप स्थापित हुन नसकेको अवस्था अदालतको फैसलामा उल्लेख गरिएको छ।

# संसदीय अभ्यास कार्यक्रम सम्पन्न




**टुडे समाचारदाता**

जनकपुरधाम। चार दिवसीय नमूना युवा संसदीय अभ्यास कार्यक्रम सम्पन्न भएको छ । मधेश प्रदेश सभा सचिवालयद्वारा बिहीवार आयोजित सो कार्यक्रममा छात्रछात्राहरुको सहभागिता रहेको थियो।

लोकतन्त्र, संसदीय प्रक्रिया, नीति निर्माण तथा नेतृत्व विकासबारे युवालाई व्यावहारिक ज्ञान दिने उद्देश्यले सञ्चालन गरिएको कार्यक्रममा प्रदेशका ११ शैक्षिक संस्थाका ५० जना छात्रछात्राको सहभागिता रहेको जनाइएको छ।

समापन समारोहलाई सम्बोधन गर्दै मधेश प्रदेश सभाका सभामुख रामअशिष यादवले युवाहरूलाई स्पष्ट लक्ष्य निर्धारण गरेर त्यसको प्राप्तिका लागि निरन्तर मेहनत गर्न आग्रह गरे।

उनले जीवनमा सफलता हासिल गर्न लक्ष्य निर्धारण पहिलो शर्त भएको उल्लेख गर्दै त्यसअनुसार योजना निर्माण र नियमित अभ्यास आवश्यक रहेको बताए।

सभामुख यादवले युवाले आफ्नो उद्देश्यप्रति समर्पित भएर काम गर्नुपर्ने तथा गलत संगतबाट टाढा रहँदै सकारात्मक सोच र अनुशासनलाई जीवनको आधार बनाउनुपर्ने धारणा राखे। लोकतान्त्रिक प्रणालीलाई बलियो बनाउन सक्षम, जिम्मेवार र सचेत युवा पुस्ताको आवश्यकता रहेको उनको भनाइ थियो।

कार्यक्रममा उपसभामुख बबिता कुमारी राउत इशरले संसदीय अभ्यासले युवामा नेतृत्व क्षमता, तार्किक सोच, बहस तथा निर्णय प्रक्रियामा सहभागिताको सीप विकास गर्ने बताइन्। उनले लोकतान्त्रिक मूल्य र मान्यतालाई व्यवहारमा उतार्न युवाको सक्रिय सहभागिता अपरिहार्य रहेको उल्लेख गरिन्।

श्रम तथा यातायात मन्त्री शारदा देवी थापाले युवा पुस्तालाई शैक्षिक ज्ञानमा मात्र सीमित नरही सामाजिक तथा राजनीतिक चेतनासँग जोडिन आग्रह गरिन्। यस्ता अभ्यास कार्यक्रमले युवालाई नेतृत्वका लागि तयार पार्नुका साथै जिम्मेवार नागरिक बन्न प्रेरित गर्ने उनको भनाइ थियो।

महिला, बालबालिका तथा सामाजिक न्याय समितिकी सभापति रूपा यादवले लोकतान्त्रिक संस्थाहरूको प्रभावकारी सञ्चालनका लागि युवाको सहभागिता बढाउन आवश्यक रहेको बताइन्। उनले नीति निर्माण र सार्वजनिक सरोकारका विषयमा युवाले आफ्नो धारणा सशक्त रूपमा प्रस्तुत गर्न सक्ने वातावरण निर्माण गर्नुपर्नेमा जोड दिइन्।

मधेश प्रदेश सभा सचिवालयका अनुसार युवाहरूलाई संसदीय प्रणाली, विधेयक निर्माण प्रक्रिया, छलफल, बहस तथा निर्णय प्रक्रियाबारे व्यवहारिक अनुभव दिलाउने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको हो । कार्यक्रममा सहभागी विद्यार्थीहरूले सांसद, सभामुख तथा मन्त्रीको भूमिका निर्वाह गर्दै संसदीय अभ्यास गरेका थिए।

# किसानलाई हाते ट्याक्टर वितरण

**टुडे समाचारदाता**

लहान। कृषि उत्पादन बढाउन र जीविकोपार्जनमा टेवा पुऱ्याउने उद्देश्यले सिरहाको नवराजपुर गाउँपालिकाका भूमिहीन दलित परिवारलाई १२ वटा हाते ट्र्याक्टर वितरण गरिएको छ।

गाउँपालिका, दलित जनकल्याण युवा क्लब तथा मेनोनाइट सेन्ट्रल कमिटीको सहकार्यमा सञ्चालित 'एकीकृत जीविकोपार्जन तथा कृषि सुधार परियोजना' अन्तर्गत पाँच वडाका ३८ कृषक समूहमध्ये १२ समूहलाई हाते ट्र्याक्टर उपलब्ध गराइएको जनाइएको छ।

परियोजना अन्तर्गत वितरण गरिएका हाते ट्र्याक्टर १२ समूहमा आबद्ध ३०४ किसान सदस्यले पालैपालो प्रयोग गर्ने व्यवस्था गरिएको छ।



करिब ८ लाख ४३ हजार रुपैयाँ बराबरको उक्त सहयोगमा हाते ट्र्याक्टरसँगै आवश्यक इञ्जिन तेल, गियर तेल तथा डिजेलसमेत प्रदान गरिएको दलित जनकल्याण युवा क्लबले जनाएको छ।

क्लबका अध्यक्ष उमेकुमार विसुन्केका अनुसार भूमिहीन दलित समुदायलाई कृषि उत्पादनमा जोड्दै आर्थिक रूपमा सबल बनाउने लक्ष्यसहित परियोजना सञ्चालन गरिएको हो।

उनले कृषि यान्त्रिकीकरणले खेतीपातीलाई सहज बनाउने र उत्पादन लागत घटाउने विश्वास व्यक्त गरे। परियोजनाले भूमिहीन परिवारलाई लिजमा जग्गा उपलब्ध गराई अन्न तथा तरकारी खेती गर्न सहयोग गरिरहेको छ। यसका साथै आयआर्जनका वैकल्पिक स्रोत विकास गर्न किराना पसल तथा घुम्ती कपडा पसल सञ्चालनका लागिसमेत सहयोग गरिएको छ।

सामाजिक परिचालक सन्तोषकुमार विसुन्काका अनुसार हाते ट्र्याक्टरको प्रभावकारी प्रयोग सुनिश्चित गर्न किसानलाई सञ्चालनसम्बन्धी तालिम दिइएको छ । प्रत्येक समूहमा एक जना चालकसमेत जिम्मेवारी तोकिएको उनले बताए। स्थानीय किसान सुलेना सदायले परियोजनामार्फत लिजमा लिइएको जग्गामा खेती गर्न थालेपछि परिवारको खाद्य सुरक्षामा सुधार आएको बताइन्।

# मधेशमा हजारौ टन मल मौज्दात

**टुडे समाचारदाता**

जनकपुरधाम। धान रोपाईका लागि मधेश प्रदेशमा हजारौ टन रासायनिक मल मौज्दात रहेको दाबी गरिएको छ।

कृषि सामग्री कम्पनी लिमिटेडका विभिन्न जिल्लास्थित वितरण व्यवस्था महाशाखाले मधेस प्रदेशमा सबैभन्दा बढी मल मौज्दात राखिएको बताएका छन्। यहाँका शाखाहरूमा ३१ हजार १ सय ३१ टन युरिया, ११ हजार ४ सय ५६ टन डीएपी र ५ हजार ५ सय ८४ टन पोटास मल हिसाब गर्दा थन्किएर बसेको महाशाखाको दाबी छ।

देशभरबाट झन्डै १ लाख टन (१० करोड किलो) रासायनिक मल नउठेको कृषि, वन तथा पर्यावरण मन्त्रालयको भनाई छ। मन्त्रालयका अनुसार कम्पनीका जिल्ला शाखा कार्यालयहरूमा ९८ हजार २ सय ३५ टन (९ करोड ८२ लाख ३५ हजार ४ सय ५० किलो) रासायनिक मल थन्किएको छ।

केन्द्रले जिल्लास्थित शाखा कार्यालयहरूमा मल पठाए पनि ती कार्यालयबाट मल नउठ्दा किसानले समयमा मल पाउन सकेका छैनन्।

यस्तै कोशी प्रदेशका शाखा कार्यालयहरूमा ११ हजार ९ सय ५४ टन युरिया, २ हजार ९२ टन डीएपी र ३ हजार २ सय ४८ टन पोटास मौज्दात छ। तर, शाखा कार्यालयहरूबाट यो मल उठ्न सकेको छैन।

बागमती प्रदेशका जिल्ला शाखाहरूमा ४ हजार ९३ टन युरिया, ५ सय ९९ टन डीएपी र २ सय ५१ टन पोटास मौज्दात रहेको कम्पनीको तथ्यांक छ। गण्डकी प्रदेशमा ४ सय ६ टन युरिया, १ सय ३० टन डीएपी र ६१ टन पोटास थन्किएको छ।

लुम्बिनी प्रदेशका जिल्ला कार्यालयहरूमा १५ हजार ३५ टन युरिया, ४ हजार ६ सय ४३ टन डीएपी र ४ हजार ४ सय १२ टन पोटास मौज्दात छ। कर्णालीका जिल्ला शाखाहरूमा २ सय १२ टन युरिया, ७४ टन डीएपी र ४८ टन पोटास मौज्दात छ।


सुदूरपश्चिम प्रदेशका जिल्ला शाखाहरूमा २ हजार ४ सय ५४ टन युरिया, २ सय ९३ टन डीएपी र ४ सय २३ टन पोटास अझै नउठाइएको अवस्थामा छ। जिल्ला शाखाहरूमा हजारौं टन मल मौज्दात रहे पनि वितरण प्रक्रियामा देखिएको ढिलाइले गर्दा खेतीको मुख्य सिजनमा किसानहरू भने मल अभाव झेलिरहेका छन्।

# जनकपुर बोल्टसबाट आशिफ रिलिज

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुर बोल्ट्सले नेपाल प्रिमियर लिग (एनपीएल)को तेस्रो संस्करणका लागि मार्की खेलाडी आसिफ शेखलाई 'रिलिज' गरेको छ।

एनपीएलमा मार्की खेलाडीलाई रिलिज गर्ने जनकपुर पहिलो टोली हो। अहिलेसम्म अन्य टोलीले मार्की खेलाडीलाई रिलिज गरेका छैनन्। आसिफ दुई संस्करणमा लगातार जनकपुरका मार्की खेलाडी थिए।



जनकपुरले आसिफसँगै सात खेलाडीलाई रिलिज गरेको छ। त्यस्तै, पाँच खेलाडीलाई रिटेन गरेको छ। ललित राजवंशी, अनिल साह, मयान यादव, विकास आग्री र आदित्य महतालाई रिटेन गरेको छ।

जनकपुरले रिलिज गरेका खेलाडीमा आसिफसँगै किशोर महतो, शुभ कंसाकार, तुलबहादुर थापा, पप्पु यादव, सचिन भट्ट र रुपेश सिंह छन्। एनपीएलमा मार्कीसहित सात खेलाडीलाई रिटेन गर्न पाइन्छ। तर, जनकपुरले पाँच खेलाडी मात्रै रिटेन गरेको हो । एनपीएलको पहिलो संस्करणमा विजेता बनेको जनकपुर गत संस्करणमा भने आठौं स्थानमा रहेको थियो।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८